योग्यता
निष्पक्षता
स्वच्छता

# ८ औं वार्षिक प्रतिवेदन

## प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

http://www.ppsc.lumbini.gov.np

# प्रदेश लोक सेवा आयोग


**सम्पर्कः**
प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, रुपन्देही

**फोन नं.**
०७१-५३१४८४, ०७१-५३४६५०, ०७१-५९०५९९

**इमेलः**
info.ppsc@lumbini.gov.np
ppsc.lumbini@gmail.com

**वेबसाइटः**
https://ppsc.lumbini.gov.np

**विद्युतीय दरखास्त प्रणाली**
https://ppsconline.lumbini.gov.np

**फेसबुक पेज**
www.facebook.com/ppsc.lumbini

प्रदेश लोक सेवा आयोग ऐन, २०७६
को दफा ४३ बमोजिम
माननीय प्रदेश प्रमुखसमक्ष प्रस्तुत गरिएको

# प्रदेश लोक सेवा आयोग

**लुम्बिनी प्रदेशको**

# सातौं वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा २०८२ श्रावणदेखि २०८३ आषाढ मसान्तसम्म आयोगबाट सम्पादन भएका काम कारबाहीहरू समेटिएका छन् ।

# नेपालको नक्सा

(राजनीतिक तथा प्रशासनिक)



# लुम्बिनी प्रदेश



# प्रदेश लोक सेवा आयोग

**लुम्बिनी प्रदेश**
**बुटवल, नेपाल**

मिति २०८३/०५/....

**विषयः आयोगको सातौं वार्षिक प्रतिवेदन पेश गरिएको ।**

**माननीय प्रदेश प्रमुखज्यू,**
**लुम्बिनी प्रदेश, बुटवल,**
**नेपाल ।**

प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका काम कारबाहीहरूको वार्षिक प्रतिवेदन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम पेश गरिएको छ ।

**भवदीय,**

**(हरि प्रसाद बस्याल)**
**अध्यक्ष**

**(डिम्पल गुरुङ्ग)**
**सदस्य**

**(तारा प्रसाद भुसाल)**
**सदस्य**

**(शम्भु प्रसाद मरासिनी)**
**सचिव**

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



**मा. हरि प्रसाद बस्याल**
**अध्यक्ष**



**मा. डिम्पल गुरुङ्ग**
**सदस्य**



**मा. तारा प्रसाद भुसाल**
**सदस्य**



**बावुराम भण्डारी**
**सचिव**



**खिम बहादुर रायमाझी**
**सचिव**

*# प्रतिवेदन अवधिभरमा कार्यरत सचिवज्यूहरू*

# धन्यवाद ज्ञापन

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशलाई नियमित कार्य सञ्चालनका लागि निरन्तर रुपमा कानुनी आधार तर्जुमा गरी दिई आर्थिक, भौतिक एवं मानवीय स्रोत साधन उपलब्ध गराई सहयोग पुऱ्याएकोमा लुम्बिनी प्रदेश सरकारप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ । आयोगको कार्य सञ्चालनका लागि आवश्यक मार्गदर्शन, समन्वय र सहजीकरण गर्ने संघीय लोक सेवा आयोग प्रति आयोग आभार व्यक्त गर्दछ । परीक्षा सञ्चालनका लागि आवश्यक पाठ्यक्रम तथा प्रश्नपत्र तयारी, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञ/विशेषज्ञहरू, परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने भवन उपलब्ध गराउने सम्बद्ध क्याम्पस/विद्यालयहरू तथा अन्य शैक्षिक संस्थाहरू, परीक्षा सञ्चालनमा खटिने जनशक्ति तथा आयोगको कार्यसम्पादनमा प्रत्यक्ष एवम् परोक्ष सहयोग पुऱ्याउनु हुने समस्त शुभेच्छुक महानुभावहरूमा आयोग हार्दिक आभार व्यक्त गर्दछ । आयोगको ७ औं वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद प्रकट गर्दछ ।

अध्यक्ष

प्रदेश लोक सेवा आयोग

# कार्यकारी सारांश

## १. प्रदेश लोक सेवा आयोग स्थापना:

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था रहेको छ। नेपालको संविधान र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम लुम्बिनी प्रदेशमा मिति २०७६।०४।२८ गते प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो।

## २. उद्देश्य र कार्यक्षेत्र:

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न स्वच्छता, निष्पक्षता र विश्वसनीयता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै प्रदेश र स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने आयोगको उद्देश्य रहेको छ। आयोगको कार्यक्षेत्रमा प्रदेश सरकारका मन्त्रालयहरू, मातहतका कार्यालय, निकायहरू तथा १०९ स्थानीय तह रहेका छन्।

## ३. आयोगको काम, कर्तव्य र अधिकार:

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हो। आयोगले प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन तथा प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश अन्य सरकारी सेवाको नियुक्तिको सिफारिस गर्दछ। प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय निजामती सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा परामर्श दिनु पर्ने सामान्य सिद्धान्तको विषयमा र प्रदेश निजामती सेवा र स्थानीय निजामतीको सेवाको शर्त सम्बन्धी विषयमा परामर्श दिने सहितका कार्य गर्दछ।

यसैगरी आयोगले पदपूर्तिका लागि पाठ्यक्रम निर्माण, विज्ञापन प्रकाशन, प्रश्नपत्र तयारी र परिमार्जन, परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस, अध्ययन, अनुसन्धान तथा अन्वेषण, परामर्श, समन्वय र सहयोग गर्ने तथा सुपरीवेक्षण, निरीक्षण र अनुगमन गर्ने कार्यहरू गर्दछ।

## ४. सिद्धान्त र मापदण्ड अवलम्बन:

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्रता, निष्पक्षता, स्वच्छता, योग्यता, असंलग्नता, समान अवसर, समावेशीता, द्विअन्ध, परिचय शून्यता, गोपनीयता जस्ता आधारभूत सिद्धान्तहरू अवलम्बन गर्दछ। आयोगले संविधानको धारा २४४ को ३ बमोजिमको आधार र मापदण्ड तथा प्रचलित नेपाल कानूनको अवलम्बन गर्दै प्रदेश कानून बमोजिम कार्य सञ्चालन गर्दछ।

## ५. आयोगको कार्यसम्पादनका कानूनी आधारहरू:

नेपालको संविधान, निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५, कर्मचारी समायोजन ऐन, २०७५, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश निजामती सेवा नियमावली, २०८०, स्थानीय निजामती सेवा ऐन, २०८१, स्थानीय निजामती सेवा नियमावली, २०८१, प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६, प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६, प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६, परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७, प्रदेश लोक सेवा आयोग परामर्श सम्बन्धी (कार्यविधि) निर्देशिका, २०८०, लोक सेवा आयोगले संघीय कानुन बमोजिम अपनाएको सिद्धान्त र मापदण्ड, २०८३, लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्ड एवम् अदालतबाट प्रतिपादित सिद्धान्त तथा नजिरहरू आदि आयोगका कार्यसम्पादनका कानूनी आधारहरू हुन् ।

## ६. बैठक तथा निर्णय:

प्रतिवेदन अवधिमा आयोगमा ४१ पटक बैठक बसी जम्मा ५५ निर्णय भएका छन् । प्रदेश लोक सेवा आयोग गठन भए पश्चात् हालसम्म जम्मा २६६ पटक बैठक भई ४०४ निर्णय भएका छन् ।

## ७. लोक सेवा आयोगहरूको सम्मेलन

संघीय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरू बीच आयोगका कार्यप्रणालीका विषयमा अनुभवहरू आदान प्रदानका गर्नका लागि लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन गण्डकी प्रदेशको पोखरामा मिति २०८२ चैत्र २९ र ३० गते सम्पन्न भएको थियो । उक्त सम्मेलनको नारा **"लोक सेवा आयोगको प्रतिबद्धता प्रतिस्प्रधात्मक छनोटको सुनिश्चितता"** भन्ने रहेको थियो । सम्मेलनमा आयोगका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

प्रदेश लोक सेवा आयोगहरू बीच आयोगले अवलम्बन गरेको कार्यप्रणाली र कार्यसम्पादन गर्दाका अनुभवहरू एवम् असल अभ्यासहरू आदान-प्रदान गर्दै प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलन मधेश प्रदेशको जनकपुरमा २०८१ मंसिर १८ र १९ गते सम्पन्न भएको थियो ।

## ८. विद्युतीय प्रणालीको विकास र प्रयोग:

परीक्षार्थीहरूका लागि विद्युतीय प्रणालीबाट दरखास्त दिनका लागि विद्युतीय दरखास्त प्रणाली (Online Application System) को अवलम्बन गरिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा यस प्रणालीबाट कुल ६७ वटा विज्ञापनका पदहरूमा पेश भएका आवेदनहरू मध्ये कुल ८९,०३१ दरखास्तहरू स्वीकृत भएका छन् । आयोगका विज्ञापनहरूमा विद्युतीय भुक्तानी (e-payment) गरी परीक्षा दस्तुर बुझाउन

मिल्ने व्यवस्था गरिएको छ । एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS), सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS), राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS), प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS), सरकारी लेखा प्रणाली (CGAS), गुनासो, सुझाव र पृष्ठपोषण दर्ता प्रणाली, समस्या समाधान प्रणाली, सूचना प्रविधि विभागको समन्वयमा Bulk SMS System को प्रयोग गरिएको छ ।

## ९. सिफारिस:

प्रतिवेदन अवधिमा अधिकृतस्तर एघारौं तहमा १ जना, अधिकृतस्तर नवौं तहका १६ जना, सहायकस्तर पाँचौं तहका ७४ जना, सहायकस्तर चौथो तहका ५७ जना र सहायकस्तर तेस्रो तहका ११२ जना गरी २६० जना उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ । सोही अवधिमा सिफारिस गरिएका उम्मेदवारहरू मध्ये राजीनामा वा अन्य कारणले रिक्त भई ३१ जना उम्मेदवारहरूलाई वैकल्पिक उम्मेदवारको रुपमा नियुक्तिका लागि सिफारिस गरिएको छ ।

## १०. परामर्श:

प्रतिवेदन अवधिमा कुनै पनि निकायबाट परामर्शका लागि माग भई नआएको ।

## ११. सुझाव:

(क) प्रदेश तथा स्थानीय निजामती सेवा सम्बन्धी कानूनको आधारका रुपमा मानिने संघीय निजामती सेवा सम्बन्धी कानून तर्जुमा पश्चात प्रदेश तथा स्थानीय निजामती सेवा सम्बन्धी कानूनमा रहेका द्विविधा एवम् दोहोरोपनलाई एकरुपता कायम गर्ने।

(ख) प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११ मा पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाको (१) मा रहेको खुला प्रतियोगितामा छुट्याइएको समावेशी समूह (९) मा रहेको पिछडिएको/वर्ग क्षेत्र, सीमान्तकृत लैङ्गिक तथा यौनिक अल्पसंख्यकमा छुट्याइएको प्रतिशत प्रयोजनका लागि प्रदेश सरकारबाट राजपत्रमा सूचना प्रकाशित गरी पिछडिएको वर्ग र क्षेत्र तोक्नुपर्ने । त्यस्तै आर्थिक रुपले विपन्न खस आर्य र लैङ्गिक यौनिक तथा अल्पसंख्यकको परिचयपत्र जारी गर्ने व्यवस्था गर्नुपर्ने ।

(ग) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १२ को पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाको (१) मा रहेको लैङ्गिक तथा यौनिक अल्पसंख्यक, (२) मा रहेको सीमान्तकृत, (३) मा रहेको पिछडिएको वर्ग र क्षेत्र र (५) मा रहेको विपन्न खस आर्यको सम्बन्धमा (१) मा रहेको लैङ्गिक तथा यौनिक अल्पसंख्यकको लागि परिचयपत्रको व्यवस्था गर्नुपर्ने । (२) मा रहेको सीमान्तकृत, (३) मा रहेको पिडडिएको वर्ग र क्षेत्रको लागि राजपत्रमा सूचना प्रकाशित गरी तोक्नुपर्ने । (५) मा रहेको आर्थिक रुपले विपन्न खस आर्यको लागि गरिबीको परिचयपत्र व्यवस्था गर्नुपर्ने ।

(घ) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १०(४) उपदफा (१) बमोजिमको अन्तर तह प्रतिस्पर्धाबाट पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा अन्य स्थानीय सेवाको एक तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका भन्ने वाक्यांशमा “अन्य

स्थानीय सेवा" भन्नाले लुम्बिनी प्रदेश मात्र वा अन्य प्रदेश अन्तर्गतका पनि स्थानीय तहमा कार्यरत वा यस प्रदेश भित्रका अन्य स्थानीय सेवालाई मात्र जनाउने हो/होइन, स्पष्ट नभएकोले स्थानीय निजामती सेवा ऐनमा स्पष्ट पारिनुपर्ने ।

प्रदेश निजामती सेवा ऐन, २०८० मा रहेका देहायका विषयमा सुधार गरी कार्यान्वयनमा ल्याइनुपर्नेः-

- ❖ स्वास्थ्य सेवा तर्फका पदहरू विशेषज्ञता हासिल गरेका व्यक्तिले मात्र बढुवा हुन पाउने गरी सुनिश्चितता गरिनुपर्नेमा अप्राविधिक पदहरूका लागि गरिने बढुवा सरह बनाइदा स्नातकोत्तर हासिल गरेको कन्सल्टेण्ट बढुवा हुनुपर्नेमा सो भन्दा न्यून शैक्षिक योग्यता भएको उम्मेदवार बढुवा हुने जोखिम देखिएकोले शैक्षिक योग्यताको विषयमा पुनर्विचार गर्न ऐन संशोधन हुनुपर्ने।
- ❖ हाल प्रदेश निजामती सेवा ऐनमा रहेको प्रावधानमा नवौं र एघारौं तहका पदमा बढुवा गर्ने प्रयोजनका लागि बढुवा समितिको अध्यक्षता आयोगको अध्यक्षले नै गर्ने र बाँकी प्रदेश निजामती पदहरूमा बढुवा गर्नको लागि अध्यक्षले तोकेको आयोगका सदस्य बढुवा समितिको अध्यक्ष हुने व्यवस्था हुने प्रावधान राख्न उपयुक्त हुने ।

(ङ) प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा रहेको निजामती सेवाका सेवा, शर्त सम्बन्धमा कानून तर्जुमा गर्दा परामर्श सम्बन्धी व्यवस्था अनिवार्य रुपमा पालना हुनु पर्ने।

(च) प्रदेशमा न्यून जनशक्ति रहेको कारणबाट सार्वजनिक सेवा प्रवाहमा त्यसको प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३ बमोजिम कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालय प्रमुखले १५ दिन भित्र विवरण पेश गरी माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउनुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्ने।

(छ) स्थानीय तहको कार्यचाप र कार्यप्रकृतिका आधारमा आवश्यक जनशक्ति पदपूर्तिका लागि स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १३ बमोजिम स्वीकृत दरबन्दीको कुनै पद रिक्त भएमा १ महिना भित्र मागको आकृति फाराम भरी आयोगमा पठाउनु पर्ने प्रावधानको कार्यान्वयन हुनुपर्ने ।

(ज) आयोगको कार्य गोप्य, संवेदनशील र विशिष्ट प्रकृतिको हुने हुँदा एउटा शाखामा काम गरेको कर्मचारीले अन्य शाखाको काम हेर्न र बुझ्न समेत नपाउने भएकोले एउटा कर्मचारीको अनुपस्थितिमा अर्को कर्मचारीले उक्त शाखाको काम गर्न सक्ने हुँदैन । आयोगबाट समयावधि पुगेका सबै कर्मचारीहरूको सरुवा गर्दा कुनै शाखाको कार्यमा प्रतिकुलता सिर्जना हुन गई पदपूर्तिको चक्र नै प्रभावित हुन पुग्दछ । आयोगमा कर्मचारीको सरूवा गर्दा वा आयोगमा अन्यत्रबाट कर्मचारी कामकाजमा खटाउँदा आयोगको सहमतिमा गर्दा उपयुक्त हुने ।

(झ) लोक सेवा आयोगको बढ्दो कार्यचाप र कार्य बोझको हिसाबले हालको जनशक्ति न्यून रहेको हुँदा प्रस्तावित गरिएको नयाँ दरबन्दी संरचना प्रदेश सरकार समक्ष पेश भएकोमा हालसम्म स्वीकृत नभएकोले कार्य सम्पादनमा कठिनाईको सामना दिन प्रतिदिन गरि रहनु परेको छ । प्रदेश सरकार समक्ष पेश भए अनुसारको थप दरबन्दी सहितको संगठन संरचना यथाशीघ्र स्वीकृति भई कार्यान्वयनमा आउन उपयुक्त हुने।

(ञ) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १४, दफा १६, १७ र दफा ३१ मा रहेको ऐनको प्रावधानलाई अनिवार्य रुपमा स्थानीय तहले पालना गर्नुपर्ने।

(ट) आयोगबाट खुला प्रतिष्पर्धाबाट सिफारिस गरी नियुक्तिका लागि पठाइएका उम्मेदवारहरूमा व्यक्तिगत सम्भावना र सैद्धान्तिक ज्ञानमा निपूर्ण हुने भएतापनि व्यवहारिक कार्य सञ्चालनस्तरको अभ्यासको अभाव देखिन सक्दछ । यस्तो अभाव हुन नदिन सिफारिस भएका उम्मेदवारहरूलाई पदस्थापना गर्नु पूर्व कार्यज्ञान र कार्यवातावरण सम्बन्धी व्यवहारिक तालिम दिन सकेमा न्यून जनशक्तिबाट अधिक लाभ लिन सकिने हुँदा सिफारिस गरी पठाइएका उम्मेदवारहरूलाई अनिवार्यरुपमा सेवा प्रवेश तालिम दिई कार्य सम्पादन दक्षता अभिवृद्धि गर्न आवश्यक देखिएको छ ।

| माग पद | दरखास्त | लिखित परीक्षामा सम्मिलित | सिफारिस |
|---|---|---|---|
| ११६४ | बढुवा -१०१८<br>खुला समावेशी- ८९०३१ | महिला-३६६<br>पुरुष-१८७७<br>२२४३ | महिला-१०१<br>पुरुष-१५९<br>२६० |

## आर्थिक वर्ष २०८२/८३ मा प्रदेशगत रुपमा सिफारिस उम्मेदवारको अवस्था



**संक्षेपीकरण**

| | | |
|---|---|---|
| अ.न.मी. | : | अक्जिलरी नर्स एण्ड मीडवाइफ |
| अ.हे.व. | : | असिस्टेन्ट हेल्थ वर्कर |
| आ.ज. | : | आदिवासी जनजाति |
| आ.प्र. | : | आन्तरिक प्रतियोगिता |
| आ.यो. तथा त. | : | आर्थिक योजना तथा तथ्यांक |
| आ.ले.प. | : | आन्तरिक लेखा परीक्षण |
| आ.व. | : | आर्थिक वर्ष |
| इञ्जि. | : | इञ्जिनियरिङ्ग |
| का.स. | : | कार्यालय सहयोगी |
| का.स.मू. | : | कार्यसम्पादन मूल्याङ्कन |
| को.चे.अ. | : | कोल्ड चेन असिस्टेन्ट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| खा.पा.स.टे. | : | खानेपानी तथा सफाइ टेक्निसियन |
| खा.पो.गु.नि. | : | खाद्य पोषण तथा गुण नियन्त्रण |
| ज.फ. | : | जनरल फरेस्ट्री |
| ज.मे.ल्या.टे. | : | जनरल मेडिकल ल्याब टेक्निसियन |
| ना.प.से.प्रा. | : | नायब पशु सेवा प्राविधिक |
| ना.प.स्वा.प्रा. | : | नायब पशु स्वास्थ्य प्राविधिक |
| नि.से. | : | निजामती सेवा |
| प.हे.न. | : | पब्लिक हेल्थ नर्स |
| पि.क्षे. | : | पिछडिएको क्षेत्र |
| प्र. | : | प्रशासन |
| प्रा.स. | : | प्राविधिक सहायक |
| फ.रि. | : | फरेष्ट रिसर्च |
| ब.सु.प. | : | बर्दघाट सुस्ता पश्चिम |
| ब.सु.पू. | : | बर्दघाट सुस्ता पूर्व |
| म.वि.नि. | : | महिला विकास निरीक्षक |
| ला.पो.डे.डे. | : | लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट |
| वि. एण्ड आ. | : | विल्डिङ्ग एण्ड आर्किटेक्ट |
| वि.सं. | : | विक्रम संवत् |
| शि.प्र. | : | शिक्षा प्रशासन |
| स्वा.एण्ड वा.क. | : | स्वायल एण्ड वाटर कन्जरभेशन |
| सा.प्र. | : | सामान्य प्रशासन |

# विषय सूची


| विवरण | | पृष्ठ संख्या |
|---|---|---|
| | **परिच्छेद १** | |
| | **प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको गठन | १ |
| १.३ | काम, कर्तव्य र अधिकार | २ |
| १.४ | प्रतिवेदन | ३ |
| | **परिच्छेद २** | |
| | **आयोगको कार्यसम्पादनका आधारहरू** | |
| २.१ | संस्थागत प्रबन्ध | ४ |
| २.२ | संविधान तथा कानूनहरू | ४ |
| २.३ | संगठनात्मक संरचना र कार्यक्षेत्र | ५ |
| २.४ | आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरू | ९ |
| २.५ | कार्यविभाजन र अधिकार प्रत्यायोजन | ११ |
| | **परिच्छेद ३** | |
| | **कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह** | |
| ३.१ | पाठ्यक्रम निर्माण | १४ |
| ३.२ | वार्षिक कार्यतालिका | १५ |
| ३.३ | माग सङ्कलन र प्रतिशत निर्धारण | १६ |
| ३.४ | विज्ञापन प्रकाशन | १६ |
| ३.५ | दरखास्त संकलन र स्वीकृति | ३२ |
| ३.६ | लिखित परीक्षा सञ्चालन | ६२ |
| ३.७ | उत्तरपुस्तिका संकेतीकरण र परीक्षण | ७३ |
| ३.८ | लिखित परीक्षा नतिजा प्रकाशन | ७४ |
| ३.९ | अन्तर्वार्ता तथा सिफारिस | ८५ |
| | **परिच्छेद ४** | |
| | **प्रशासनिक तथा आर्थिक अवस्था** | |
| ४.१ | बैठक तथा निर्णयहरू | १०५ |
| ४.२ | आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको विद्यमान अवस्था | १२६ |
| ४.३ | कार्यालयको भौतिक अवस्था | १२६ |
| ४.४ | क्षमता विकास | १२७ |
| ४.५ | आयोगको प्रतिनिधित्व | १२७ |
| ४.६ | राजस्व र धरौटी | १२८ |
| ४.७ | बजेट, निकासा र खर्च | १२८ |
| ४.८ | बेरुजु | १२८ |

**परिच्छेद ५**

**परीक्षा र परीक्षण**


| | | |
|---|---|---|
| ५.१ | दक्ष/ विज्ञ/ विशेषज्ञको रोष्टर निर्माण | १२९ |
| ५.२ | प्रश्नपत्र निर्माण र परिमार्जन | १२९ |
| ५.३ | लिखित परीक्षामा कसुर गरेका परीक्षार्थीहरूलाई गरेको कारबाही | १३० |
| ५.४ | सीप परीक्षण | १३० |
| ५.५ | सामूहिक परीक्षण | १३० |
| ५.६ | सहयोगीद्वारा लिखित परीक्षा | १३० |


**परिच्छेद ६**

**समन्वय र परामर्श**


| | | |
|---|---|---|
| ६.१ | लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन | १३१ |
| ६.२ | प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलन | १३१ |
| ६.३ | लोक सेवा आयोगसँग समन्वय र सहयोग | १३१ |
| ६.५ | अनुगमन, निरीक्षण, छलफल तथा अन्तरक्रिया कार्यक्रम | १३२ |
| ६.६ | परामर्श | १३२ |
| ६.७ | नियमावली, निर्देशिका र मापदण्डमा संशोधन | १३२ |
| ६.८ | अन्तरप्रदेश अनुभव आदान-प्रदान | १३३ |
| ६.९ | बढुवा उजुरी निरुपण | १३४ |
| ६.१० | गुनासो व्यवस्थापन | १३४ |


**परिच्छेद ७**

**सवाल तथा सुझाव**


| | | |
|---|---|---|
| ७.१ | सवाल | १३८ |
| ७.२ | सुझाव | १३९ |


**तालिकाहरू**


| | | |
|---|---|---|
| तालिका नं. १ | मौजुदा संगठन संरचना र दरबन्दी तेरिज | ६ |
| तालिका नं. २ | प्रस्तावित संगठन संरचना | ८ |
| तालिका नं. ३ | प्रस्तावित दरबन्दी तेरिज | ९ |
| तालिका नं. ४ | पाठ्यक्रम निर्माण तथा परिमार्जन भएको विवरण | १४ |
| तालिका नं. ५ | आयोगद्वारा विज्ञापन भएको पदहरूको सङ्ख्यात्मक विवरण | १५ |
| तालिका नं. ६ | विज्ञापनको समूह अनुसार माग पदको विस्तृत विवरण (अन्तर तह, खुला तथा समावेशी) | १६ |
| तालिका नं ७ | सेवाको प्रकृति अनुसार पदपूर्तिका लागि विज्ञापन भएको पदको सङ्ख्यात्मक विवरण | १८ |
| तालिका नं ८ | अन्तर तह, खुला तथा समावेशी तर्फका विज्ञापनहरूको विस्तृत विवरण | १८ |
| तालिका नं. ९ | लैङ्गिक आधारमा दरखास्तको सङ्ख्यात्मक विवरण | ३३ |
| तालिका नं. १० | बढुवा तर्फ दरखास्त सङ्कलनको विवरण | ३४ |

| | | |
|---|---|---|
| तालिका नं. ११ | तह अनुसार उम्मेदवारको स्वीकृत दरखास्त विवरण | ३४ |
| तालिका नं. १२ | भौगोलिक क्षेत्रका आधारमा दरखास्त विवरण | ३६ |
| तालिका नं. १३ | प्रदेश अनुसार उम्मेदवारको दरखास्त विवरण | ३६ |
| तालिका नं. १४ | लैङ्गिक आधारमा प्रदेशगत दरखास्त विवरण | ३८ |
| तालिका नं. १५ | जिल्लागत रुपमा तह अनुसारको दरखास्त विवरण | ३९ |
| तालिका नं. १६ | सेवाको प्रकृति अनुसार उम्मेदवारको दरखास्त विवरण | ४१ |
| तालिका नं. १७ | सेवागत रुपमा लिङ्ग अनुसारको दरखास्त विवरण | ४३ |
| तालिका नं. १८ | उम्मेदवारहरूको वैवाहिक स्थिति अनुसारको दरखास्त विवरण | ४४ |
| तालिका नं. १९ | शारीरिक अवस्था अनुसारको दरखास्त विवरण | ४५ |
| तालिका नं. २० | उम्मेदवारको रोजगारीको स्थिति अनुसारको दरखास्त विवरण | ४५ |
| तालिका नं. २१ | समूह अनुसार उम्मेदवारको दरखास्त विवरण | ४६ |
| तालिका नं. २२ | उम्मेदवारको आमाको शैक्षिक स्थिति अनुसारको दरखास्त विवरण | ४७ |
| तालिका नं. २३ | उम्मेदवारको बाबुको शैक्षिक स्थिति अनुसारको दरखास्त विवरण | ४८ |
| तालिका नं. २४ | उम्मेदवारको बाबुको पेशागत स्थिति अनुसारको दरखास्त विवरण | ४९ |
| तालिका नं. २५ | उम्मेदवारको आमाको पेशागत स्थिति अनुसारको दरखास्त विवरण | ५० |
| तालिका नं. २६ | उम्मेदवारको धर्म अनुसारको दरखास्त विवरण | ५१ |
| तालिका नं. २७ | उम्मेदवारको मातृभाषा अनुसारको दरखास्त विवरण | ५२ |
| तालिका नं. २८ | उम्मेदवारको शैक्षिक योग्यताको सङ्काय/क्षेत्र अनुसारको दरखास्त विवरण | ५३ |
| तालिका नं. २९ | उम्मेदवारको उमेर समूह अनुसारको दरखास्त विवरण | ५६ |
| तालिका नं. ३० | विज्ञापन अनुसार स्वीकृत दरखास्तको सङ्ख्यात्मक विवरण | ५७ |
| तालिका नं. ३१ | लैङ्गिक आधारमा लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको सङ्ख्यात्मक विवरण | ६२ |
| तालिका नं. ३२ | तह अनुसार लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण | ६४ |
| तालिका नं. ३३ | सेवाको प्रकृतिका आधारमा लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण | ६५ |
| तालिका नं. ३४ | सेवा अनुसार लिखित परीक्षामा सम्मिलित परीक्षार्थी विवरण | ६७ |
| तालिका नं. ३५ | लिखित परीक्षा सञ्चालन भएको परीक्षा केन्द्रको सङ्ख्यात्मक विवरण | ६८ |
| तालिका नं. ३६ | विज्ञापन अनुसार लिखित परीक्षामा सम्मिलित उम्मेदवारको विवरण | ७१ |
| तालिका नं. ३७ | लिखित परीक्षामा खटिएको जनशक्ति विवरण | ७३ |
| तालिका नं. ३८ | लैङ्गिक आधारमा लिखित नतिजामा छनौट उम्मेदवारको सङ्ख्यात्मक विवरण | ७४ |
| तालिका नं. ३९ | तह अनुसार लिखित नतिजामा छनौट उम्मेदवारको विवरण | ७५ |
| तालिका नं. ४० | भौगोलिक क्षेत्रका आधारमा अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको विवरण | ७६ |
| तालिका नं. ४१ | प्रदेश अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था | ७७ |
| तालिका नं. ४२ | सेवागत रुपमा अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको विवरण | ७८ |
| तालिका नं. ४३ | समूह अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको सङ्ख्यात्मक विवरण | ७९ |
| तालिका नं. ४४ | लिखित परीक्षाको नतिजा प्रकाशन भएका विज्ञापनहरूको विवरण | ८० |
| तालिका नं. ४५ | लैङ्गिक आधारमा नियुक्तिका लागि सिफारिस गरिएको सङ्ख्यात्मक विवरण | ८५ |
| तालिका नं. ४६ | सिफारिस भएका उम्मेदवारको संख्यात्मक विवरण | ८६ |
| तालिका नं. ४७ | तह अनुसार पदपूर्तिको सङ्ख्यात्मक विवरण | ८७ |

| | | |
|---|---|---|
| तालिका नं. ४८ | भौगोलिक क्षेत्रका आधारमा पदपूर्तिको विवरण | ८८ |
| तालिका नं. ४९ | प्रदेश अनुसार पदपूर्ति विवरण | ८९ |
| तालिका नं. ५० | जिल्लागत सिफारिस उम्मेदवारको संख्यात्मक विवरण | ९१ |
| तालिका नं. ५१ | सेवा अनुसार पदपूर्तिको संख्यात्मक विवरण | ९३ |
| तालिका नं. ५२ | उम्मेदवारको रोजगारीको स्थिति अनुसार पदपूर्तिको विवरण | ९४ |
| तालिका नं. ५३ | उम्मेदवारहरूको वैवाहिक स्थिति अनुसार दरखास्त विवरण | ९५ |
| तालिका नं. ५४ | उम्मेदवारको बाबुको शैक्षिक योग्यता अनुसार सिफारिस विवरण | ९५ |
| तालिका नं. ५५ | उम्मेदवारको आमाको शैक्षिक योग्यता अनुसार सिफारिस विवरण | ९६ |
| तालिका नं. ५६ | उम्मेदवारको अभिभावकको पेशागत स्थिति अनुसारको पदपूर्ति विवरण | ९७ |
| तालिका नं. ५७ | शारीरिक अवस्था अनुसार उम्मेदवारको सिफारिस विवरण | ९८ |
| तालिका नं. ५८ | उम्मेदवारको शैक्षिक योग्यताको विषय अनुसारको सिफारिस विवरण | ९८ |
| तालिका नं. ५९ | उम्मेदवारको उमेर समूह अनुसारको सिफारिस विवरण | १०१ |
| तालिका नं. ६० | वैकल्पिक उम्मेदवारको पदपूर्तिको सङ्ख्यात्मक विवरण | १०२ |
| तालिका नं. ६१ | आयोग विरुद्ध मुद्दा परी अदालतको आदेशबाट रिट खारेज भई पदपूर्ति कार्य अगाडि बढाइएका विज्ञापनहरूको विवरण (अन्तर तह, खुला तथा समावेशी) | १०२ |
| तालिका नं. ६२ | आयोगका निर्णयहरूको विस्तृत विवरण | १०५ |
| तालिका नं. ६३ | विद्यमान दरबन्दी र पदपूर्तिको विवरण | १२६ |
| तालिका नं. ६४ | राजस्व सङ्कलनको विवरण | १२८ |
| तालिका नं. ६५ | वित्तीय प्रगति विवरण | १२८ |
| तालिका नं. ६६ | कोरा प्रश्नपत्र निर्माण र परिमार्जनको सङ्ख्यात्मक विवरण | १२९ |
| तालिका नं. ६७ | बढुवा उजुरीको विवरण | १३५ |
| तालिका नं. ६८ | सर्वोच्च अदालत, उच्च अदालत र प्रशासकीय अदालतमा प्रदेश लोक सेवा आयोग, लुम्बिनी समेतलाई विपक्षी बनाई दायर भएका मुद्दाको विवरण | १३५ |


## चित्रहरू


| | | |
|---|---|---|
| चित्र नं. १ | सेवाको प्रकृति अनुसार पदपूर्तिका लागि भएको विज्ञापनको अवस्था | १८ |
| चित्र नं. २ | लैङ्गिक आधारमा दरखास्त दिने उम्मेदवारको अवस्था | ३३ |
| चित्र नं. ३ | तहगत रुपमा उम्मेदवारको स्वीकृत दरखास्तको अवस्था | ३५ |
| चित्र नं. ४ | भौगोलिक क्षेत्र अनुसार उम्मेदवारको दरखास्त अवस्था | ३६ |
| चित्र नं. ५ | भौगोलिक क्षेत्र अनुसार उम्मेदवारको दरखास्त अवस्था | ३६ |
| चित्र नं. ६ | प्रदेशगत दरखास्तको अवस्था | ३७ |
| चित्र नं. ७ | प्रदेशगत दरखास्तको अवस्था | ३७ |
| चित्र नं. ८ | लैङ्गिक आधारमा प्रदेशगत दरखास्तको अवस्था | ३८ |
| चित्र नं. ९ | सेवाको प्रकृति अनुसार उम्मेदवारको दरखास्त अवस्था | ४२ |
| चित्र नं. १० | सेवाको प्रकृति अनुसार उम्मेदवारको दरखास्त अवस्था | ४२ |
| चित्र नं. ११ | सेवा अनुसार उम्मेदवारको दरखास्तको अवस्था | ४३ |

| | | |
|---|---|---|
| चित्र नं. १२ | वैवाहिक स्थिति अनुसार उम्मेदवारको दरखास्तको अवस्था | ४४ |
| चित्र नं. १३ | उम्मेदवारको रोजगारीको अवस्था | ४५ |
| चित्र नं. १४ | उम्मेदवारको रोजगारीको अवस्था | ४६ |
| चित्र नं. १५ | आमाको शैक्षिक स्थिति अनुसारको दरखास्तको अवस्था | ४८ |
| चित्र नं. १६ | बाबुको शैक्षिक स्थिति अनुसारको दरखास्तको अवस्था | ४९ |
| चित्र नं. १७ | उम्मेदवारको बाबुको पेशागत स्थिति अनुसारको दरखास्तको अवस्था | ५० |
| चित्र नं. १८ | उम्मेदवारको आमाको पेशागत स्थिति अनुसारको दरखास्तको अवस्था | ५१ |
| चित्र नं. १९ | उम्मेदवारको धर्म अनुसारको दरखास्तको अवस्था | ५२ |
| चित्र नं. २० | उम्मेदवारको मातृभाषा अनुसारको दरखास्तको अवस्था | ५३ |
| चित्र नं. २१ | उम्मेदवारको शैक्षिक योग्यताको सङ्काय अनुसारको दरखास्त अवस्था | ५५ |
| चित्र नं. २२ | उम्मेदवारको उमेर समूह अनुसारको दरखास्तको अवस्था | ५६ |
| चित्र नं. २३ | लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको अवस्था | ६३ |
| चित्र नं. २४ | लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको अवस्था | ६३ |
| चित्र नं. २५ | तह अनुसार लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको अवस्था | ६४ |
| चित्र नं. २६ | तह अनुसार लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको अवस्था | ६५ |
| चित्र नं. २७ | सेवाको प्रकृतिका आधारमा लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको अवस्था | ६६ |
| चित्र नं. २८ | सेवाको प्रकृतिका आधारमा लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको अवस्था | ६६ |
| चित्र नं. २९ | सेवा अनुसार लिखित परीक्षामा सम्मिलित उम्मेदवारको अवस्था | ६७ |
| चित्र नं. ३० | सेवा अनुसार लिखित परीक्षामा सम्मिलित उम्मेदवारको अवस्था | ६८ |
| चित्र नं. ३१ | लैङ्गिक आधारमा लिखित नतिजामा छनौट उम्मेदवारको अवस्था | ७५ |
| चित्र नं. ३२ | तह अनुसार लिखित नतिजामा छनौट उम्मेदवारको अवस्था | ७६ |
| चित्र नं. ३३ | भौगोलिक क्षेत्रका आधारमा अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था | ७७ |
| चित्र नं. ३४ | प्रदेश अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था | ७८ |
| चित्र नं. ३५ | सेवा अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था | ७९ |
| चित्र नं. ३६ | लैङ्गिक आधारमा पदपूर्तिको अवस्था | ८५ |
| चित्र नं. ३७ | समूह अनुसार सिफारिस भएका उम्मेदवारको अवस्था | ८७ |
| चित्र नं. ३८ | तह अनुसार पदपूर्तिको अवस्था | ८८ |
| चित्र नं. ३९ | भौगोलिक क्षेत्र अनुसार उम्मेदवारको पदपूर्तिको अवस्था | ८९ |
| चित्र नं. ४० | प्रदेशगत पदपूर्तिको अवस्था | ९० |
| चित्र नं. ४१ | प्रदेशगत पदपूर्तिको अवस्था | ९० |
| चित्र नं. ४२ | सेवा अनुसार पदपूर्तिको अवस्था | ९३ |
| चित्र नं. ४३ | सिफारिस भएका उम्मेदवारको रोजगारीको अवस्था | ९४ |
| चित्र नं. ४४ | वैवाहिक स्थिति अनुसार उम्मेदवारको सिफारिसको अवस्था | ९५ |
| चित्र नं. ४५ | बाबुको शैक्षिक स्थिति अनुसारको दरखास्तको अवस्था | ९६ |
| चित्र नं. ४६ | आमाको शैक्षिक स्थिति अनुसारको दरखास्तको अवस्था | ९७ |
| चित्र नं. ४७ | अभिभावकको पेशागत स्थिति अनुसारको पदपूर्तिको अवस्था | ९८ |
| चित्र नं. ४८ | उम्मेदवारको शैक्षिक विषय अनुसारको पदपूर्तिको अवस्था | १०० |

चित्र नं. ४९ उम्मेदवारको उमेर समूह अनुसारको सिफारिसको अवस्था १०१

**अनुसूचीहरू**

अनुसूची १ हालसम्म निर्माण भएका पाठ्यक्रमको सङ्ख्यात्मक विवरण १४१
अनुसूची २ प्रतिवेदन अवधिको प्रगति सारांश १४१
अनुसूची ३ आर्थिक वर्ष अनुसार हालसम्म कुल दरखास्तको स्थिति १४२
अनुसूची ४ आर्थिक वर्ष अनुसार हालसम्म कुल पदपूर्तिको स्थिति १४२
अनुसूची ५ प्रतिवेदन अवधिमा कार्यरत कर्मचारीहरूको नामावली १४३
अनुसूची ६ लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलनबाट पारित घोषणा पत्र १४५
अनुसूची ७ लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलनबाट गरिएका निर्णय १४६
अनुसूची ८ प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनबाट पारित घोषणा पत्र १४७
अनुसूची ९ प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनले गरेका निर्णयहरू १४८

**विविध गतिविधिका तस्विरहरू**

***

परिच्छेद १

# प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र

## १.१ पृष्ठभूमि

मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने संवैधानिक प्रतिवद्धतासहित संघीय शासन व्यवस्था सञ्चालनमा रहेको छ। नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था रहेको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानूनबमोजिम हुने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था छ। सबै प्रदेशस्थित प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारमा एकरुपता कायम गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ स्वीकृत भई कार्यान्वयनमा रहेको छ। उक्त ऐनको प्रावधान बमोजिम प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको र सोही ऐनको आधारमा २०७६ श्रावण २८ गते प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको स्थापना भएको हो।

निष्पक्षता, पारदर्शिता, समान अवसर र जवाफदेहिता आदि सिद्धान्तमा आधारित रही प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय निजामती सेवा तथा संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता, निष्पक्षता तथा विश्वसनियता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समयानुकूल रुपान्तरीत, सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यका साथ आयोगको स्थापना भएको हो। विज्ञापन प्रकाशन, उपयुक्त उम्मेदवारको छनोट, सिफारिस र सार्वजनिक सेवाका कर्मचारीका सेवाका शर्त सम्बन्धमा आवश्यक परामर्श दिने आयोगको मुख्य जिम्मेवारी रहेको छ।

## १.२ आयोगको गठन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा कम्तिमा एकजना महिला पर्ने गरी अध्यक्ष सहित बढिमा तीन जना सदस्य रहने गरी आयोग गठन हुने व्यवस्था छ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाका सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ। आयोगका पदाधिकारी नियुक्ति हुँदा आयोगका सदस्यहरूमध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरूमध्येबाट नियुक्त हुने व्यवस्था छ। यसका अतिरिक्त मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको र नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको हुनु पर्ने व्यवस्था छ। यसै गरी अध्यक्षको हकमा पैँचालीस वर्ष

उमेर पुगेको हुनु पर्नेछ भने अन्य सदस्य पैँतीस वर्ष उमेर पूरा भएको हुनुपर्नेछ। उच्च नैतिक चरित्र भएको नेपाली नागरिक आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था ऐनमा छ।

## १.३ काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था गर्न आधार र मापदण्ड तोकिएको छ। उक्त ऐनको दफा ६ को खण्ड (क) मा लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त तथा सोही दफाको खण्ड (ख) मा विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनोटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनोट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा संकेत नम्बरको प्रयोग, उत्तरपुस्तिकाको परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाहीका सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डलाई आधार र मापदण्ड मान्ने व्यवस्था छ। प्रस्तुत आधार र मापदण्डमा रही प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हो। साथै प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्नु पनि प्रदेश लोक सेवा आयोगको कर्तव्य हो। उल्लिखित अधिकारका अतिरिक्त देहायका विषयहरूमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था उक्त ऐनमा गरिएको छ।

(क) निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दाको विषयमा,

(ख) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा,

(ज) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा,

(झ) संगठित संस्थाको सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा।

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ मा आयोगले प्रत्येक आर्थिक वर्ष भित्र सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। सो प्रतिवेदनमा देहायका विषयहरू उल्लेख गर्नुपर्ने व्यवस्था छ:

(क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्यात्मक विवरण,

(ख) विभिन्न निकायलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ग) प्रदेश निजामती सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(घ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ङ) प्रदेश निजामती सेवा तथा अन्य सरकारी सेवा र संगठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक देखेका अन्य विषय।

**परिच्छेद २**

# आयोगको कार्यसम्पादनका आधारहरू

प्रदेश लोक सेवा आयोगले तोकिएको कार्यक्षेत्र र कार्य जिम्मेवारी बमोजिम कार्यसम्पादन गर्दा संगठनात्मक, संरचनागत, नीतिगत एवम् कानूनी स्रोतहरूलाई मुख्य आधारका रुपमा लिएको छ।

## २.१ संस्थागत प्रबन्ध

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय २०७६ साउन २८ बाट सञ्चालनमा आएको हो। हाल आयोगको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा रहेको छ।

## २.२ संविधान तथा कानूनहरू

संवैधानिक प्रावधान अनुरुप प्रत्येक प्रदेशमा लोक सेवा आयोगको गठन भइ कार्य सञ्चालनमा रहेको छ। प्रदेशका संगठन संरचना र स्थानीय तह सम्बन्धित संगठन संरचनाहरूमा जनशक्ति पदपूर्तिको कार्य प्रदेश लोक सेवा आयोगले गर्दछ।

संविधानको व्यवस्था बमोजिम संघीय संसद्बाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी गरिएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको उक्त ऐनमा प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ। उक्त ऐनमा प्रदेश लोक सेवा आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण र परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्ने प्रावधान रहेको छ।

उक्त ऐनमा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा, कर्मचारीका सेवा, शर्त सम्बन्धी कानून आदि विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, सिद्धान्त, अभ्यास, विधि तथा मापदण्ड अवलम्बन गर्नु पर्ने व्यवस्था गरिएको छ। यस विपरीत हुने गरी आयोगले कुनै काम कारबाही गरे त्यो स्वतः बदर हुने व्यवस्था छ। आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा कार्यान्वयन गरिएका कानून एवम् कार्यविधिहरू निम्न अनुसार छन्:-

- नेपालको संविधान
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५

- लोक सेवा आयोगले संघीय कानुन बमोजिम अपनाएको सिद्धान्त र मापदण्ड, २०८३
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा नियमावली, २०७६
- प्रदेश निजामती सेवा ऐन, २०८० तथा नियमावली, २०८०
- स्थानीय निजामती सेवा ऐन, २०८१ तथा नियमावली, २०८१
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोग परामर्श सम्बन्धी (कार्यविधि) निर्देशिका, २०८०
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- वन रक्षक पदको लागि दरखास्त दिने उम्मेदवारहरूको शारिरीक परीक्षण तथा तन्दुरुस्ती परीक्षा संचालन सम्बन्धी निर्देशन, (संशोधन २०८१) २०७८
- वन रक्षक पदको उम्मेदवारहरूको शारिरीक परीक्षण तथा तन्दुरुस्ती परीक्षाको लागि आवश्यक जनशक्ति, कार्यचरण तथा खर्च व्यवस्थापन मापदण्ड, २०७८
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त र निर्णयहरू
- अदालतबाट प्रतिपादित सिद्धान्त र नजिरहरू

## २.३ संगठनात्मक संरचना र कार्यक्षेत्र

गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्न गठन भएको प्रदेश लोक सेवा आयोगले प्रदेश भित्रका प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरू, प्रदेशस्तरका अन्य सरकारी सेवाका र संगठित संस्थाका सेवाका पदहरूको पदपूर्ति गर्नुका साथै स्थानीय तहको सरकारी सेवा तथा स्थानीय तहका संगठित संस्थाका सेवाका पदहरूको पदपूर्ति गर्ने गर्दछ। लुम्बिनी प्रदेशका १२ जिल्लाहरू अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा, रुकुम (पूर्वी भाग), दाङ, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही, नवलपरासी (ब.सु.प.) का जिल्ला समन्वय समिति र १०९ स्थानीय तहहरूको विभिन्न तहका पदहरूको पदपूर्ति गर्ने कार्य आयोगको कार्य क्षेत्र भित्र पर्दछ।

आयोगमा आयोगका अध्यक्ष र सदस्यका अतिरिक्त २४ जना स्थायी र ९ जना करार तथा ज्यालादारी कर्मचारी गरी कुल ३३ जना कर्मचारीहरूबाट कार्यसम्पादन भइरहेको छ। आयोगको संगठन संरचना र कर्मचारीको दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ। प्रदेश सरकारले ३३ जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको छ। स्वीकृत संगठन संरचना तालिका नं. १ मा रहेको छ।

प्रदेश लोक सेवा आयोगहरूको चौथो र लोक सेवा आयोगको पाँचौं राष्ट्रिय सम्मेलनबाट प्रदेश लोक सेवा आयोगहरूको संगठन संरचनामा एकरुपता कायम गर्ने सम्बन्धमा भएको निर्णय बमोजिम लोक सेवा आयोग, केन्द्रीय कार्यालयको संयोजनमा सातै प्रदेशका सचिव समेत भएको संगठन संरचना सम्बन्धी बैठकले तय गरेको मापदण्डका आधारमा यस आयोगलाई आवश्यक पर्ने प्रस्तावित संगठन संरचना र दरबन्दी तेरिज तालिका नं. २ र ३ मा प्रस्तुत गरिएको छ।

तालिका नं १

## मौज़ुदा संगठन संरचना

# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल




*प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/११ को निर्णय बमोजिमको अस्थायी दरबन्दी

* यो संगठन संरचना बाहेक २ जना कम्प्युटर अपरेटरको अस्थायी दरबन्दी पछि स्वीकृत भएको।

तालिका नं.१

**मौजुदा दरबन्दी तेरिज**

| क्र.सं. | पद | तह | सेवा/समूह | प्रस्तावित सङ्ख्या |
|---|---|---|---|---|
| १. | प्रदेश सचिव | एघारौं | प्रशासन/सा.प्र. | १ |
| २. | उपसचिव/वरिष्ठ उपसचिव | नवौं/दशौं | प्रशासन/सा.प्र. | २ |
| ३. | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्रशासन/सा.प्र. | ४ |
| ४. | शिक्षा अधिकृत/वरिष्ठ शिक्षा अधिकृत | सातौं/आठौं | शिक्षा/शि.प्र. | १ |
| ५. | कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत | सातौं/आठौं | कानून | १ |
| ६. | कम्प्युटर इन्जिनियर | सातौं/आठौं | विविध | १ |
| ७. | वरिष्ठ प्रशासन सहायक/अधिकृत | पाँचौ/छैटौं | प्रशासन/सा.प्र. | ९ |
| ८. | लेखापाल/अधिकृतस्तर (लेखा) | पाँचौ/छैटौं | प्रशासन/लेखा | १ |
| ९. | कम्प्युटर अपरेटर/अधिकृत (कम्प्युटर) | पाँचौं/छैटौं | विविध | ४ |
| १०. | ह.स.चा. | तह विहिन | | ५ |
| ११. | का.स. | तह विहिन | | ४ |
| **जम्मा** | | | | **३३** |

तालिका नं. २

# प्रस्तावित संगठन संरचना

**प्रस्तावित संगठन संरचना, प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश**



तालिका नं.३

**प्रस्तावित दरबन्दी तेरिज**

| क्र.सं. | पद | तह | सेवा/समूह | प्रस्तावित सङ्ख्या |
|---|---|---|---|---|
| १. | प्रदेश सचिव | बाह्रौं/रा.प.प्रथम | प्रशासन/सा.प्र. | १ |
| २. | उपसचिव/वरिष्ठ उपसचिव | नवौं/दशौं | प्रशासन/सा.प्र. | ३ |
| ३. | शाखा अधिकृत/वरिष्ठ शाखा अधिकृत | सातौं/आठौं | प्रशासन/सा.प्र. | ८ |
| ४. | लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत | सातौं/आठौ | प्रशासन/लेखा | १ |
| ५. | शिक्षा अधिकृत/वरिष्ठ शिक्षा अधिकृत | सातौं/आठौं | शिक्षा/शि.प्र. | १ |
| ६. | कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत | सातौं/आठौं | कानून | १ |
| ७. | कम्प्युटर इन्जिनियर | सातौं/आठौं | विविध | १ |
| ८. | वरिष्ठ प्रशासन सहायक/अधिकृत | पाँचौ/छैटौं | प्रशासन/सा.प्र. | ८ |
| ९. | लेखापाल/अधिकृतस्तर (लेखा) | पाँचौ/छैटौं | प्रशासन/लेखा | १ |
| १०. | कम्प्युटर अपरेटर/अधिकृत (कम्प्युटर) | पाँचौं/छैटौं | विविध | ६ |
| ११. | तथ्याङ्क सहायक/अधिकृत (तथ्याङ्क) | पाँचौं/छैटौं | आ.यो.त./तथ्याङ्क | १ |
| १२. | प्रशासन सहायक | चौथो/पाँचौं | प्रशासन/सा.प्र. | ७ |
| १३. | ह.स.चा. | तह विहिन | | ७ |
| १४. | का.स. | तह विहिन | | ५ |
| **जम्मा** | | | | **५१** |

## २.४ आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरू

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई आत्मसात गरी देहाय बमोजिमका मुख्य सिद्धान्तहरू अवलम्बन गर्नु पर्दछ। यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरूलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिबद्ध भइ कार्यसम्पादन गर्नु आयोगको दायित्व हुन्छ। लोक सेवा आयोगका देहाय बमोजिमका स्थापित सिद्धान्तहरूलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी सम्पादन गर्दछ।

### २.४.१ स्वतन्त्रताको सिद्धान्त

प्रदेश लोक सेवा आयोग नेपालको संविधानको व्यवस्था तथा प्रदेश कानून बमोजिम गठन भएको संस्था हो। यसले प्रचलित ऐन तथा नियमहरूको आधारमा आफ्नो कार्यसम्पादन गर्दछ। आयोगले कोही कसैको दबाबमा नपरी स्वतन्त्रतापूर्वक कानूनले तोकेको अधिकार प्रयोग गरी आफ्ना काम कारबाहीलाई अगाडि बढाउँछ।

### २.४.२ निष्पक्षताको सिद्धान्त

आयोगले काम वा निर्णय गर्दा कसैलाई अन्याय नहुने गरी पूर्ण रुपमा सजगता अपनाइएको हुन्छ । यसरी गरिने निर्णयहरू पक्षपातरहित र पूर्वाग्रहरहित हुन्छन् ।

### २.४.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारबाहीहरू स्वच्छ र वस्तुपरक हुन्छन् । यसको लागि उत्तरदायित्वपूर्वक तथा विश्वसनियताको आधारमा आफ्ना जिम्मेवारीलाई इमान्दारीका साथ सम्पूर्ण काम कारबाही सम्पादन गर्दछ । यसले गर्ने हरेक क्रियाकलाप स्वच्छताको सिद्धान्तमा आधारित हुन्छ ।

### २.४.४ योग्यताको सिद्धान्त

आयोगले निष्पक्ष परीक्षा गराई योग्य उम्मेदवारहरूलाई योग्यताक्रम सूचीबाटै सिफारिस गर्दछ । सिफारिस हुने उम्मेदवारको आफ्नो पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा उत्कृष्टताको आधारमा योग्यता प्रणाली बमोजिम अब्बल भएका उम्मेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गर्दछ ।

### २.४.५ असंलग्नताको सिद्धान्त

आयोगले प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६ लागू गरेको छ । यस अनुसार आयोगका पदाधिकारी, कर्मचारी र दक्ष/विज्ञ/विशेषज्ञका नातेदार आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा उम्मेदवार भएको अवस्थामा कोही पनि उक्त परीक्षाको सम्पूर्ण प्रक्रियामा संलग्न हुन नपाउने व्यवस्था गरिएको छ ।

### २.४.६ समान अवसरको सिद्धान्त

आयोगबाट हुने सबै विज्ञापनका लागि तोकिएको योग्यता पुगेका नेपाली नागरिकले दरखास्त दिन समान अवसर पाउछन् । विज्ञापन भएको सम्बन्धित पदको लागि योग्यता पुग्ने सबै नेपाली नागरिकको पहुँच सहित समान अवसरको सुनिश्चितता गर्न आवश्यक प्रबन्ध गरिएको छ ।

### २.४.७ समावेशी सिद्धान्त

नेपालको संविधानमा व्यवस्था गरिएको समावेशीकरण नीति बमोजिम प्रचलित कानून वा प्रदेश कानूनले निर्धारण गरेको कानूनी व्यवस्था बमोजिम प्रतिशत निर्धारण अनुसार आयोगले प्राप्त माग पदहरूको विभिन्न समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्तिको प्रणाली अवलम्बन गर्ने छ ।

### २.४.८ द्विअन्ध सिद्धान्त

आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशेष जिम्मेवारी दिइएको हुन्छ । कुनै एक महाशाखा/ शाखाको कार्यसम्पादनमा अर्कोको संलग्नता हुनु हुँदैन । कुनै पनि पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने

पदाधिकारी, कर्मचारी वा दक्ष/विज्ञ/विशेषज्ञ सो प्रक्रियाको अन्य चरणको काममा संलग्न हुँदैनन् । उत्तरपुस्तिकामा दोहोरो संकेतीकरणको कारणले उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो थाहा पाउँदैन र उत्तरपुस्तिका रुजु तथा प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा अनभिज्ञ हुन्छन् ।

### २.४.९ परिचय शून्यताको सिद्धान्त

उत्तरपुस्तिकाहरूलाई संकेतीकरण गरेपछि उत्तरपुस्तिका परीक्षण पश्चात् वैयक्तिक पहिचान विहीन संकेतको आधारमा प्राप्ताङ्क तालिका तयार पारिन्छ । अन्तर्वार्ता लिने पदाधिकारी/ दक्ष/ विज्ञ/ विशेषज्ञलाई लिखित परीक्षा लगायतका सबै प्रकारको परीक्षाको प्राप्ताङ्क थाहा हुँदैन । आचार संहिता बमोजिम अन्तर्वार्ता लिने व्यक्तिले कुनै पनि उम्मेदवारसँग वैयक्तिक परिचय खुल्ने प्रश्न सोध्नु हुदैन र आफ्नो नाता सम्बन्ध नभएको सुनिश्चित गरी अन्तर्वार्ताकारको रुपमा बस्ने निर्णय लिनु पर्दछ । अन्तर्वार्ता दिने उम्मेदवार नाता पर्ने भएमा अन्तर्वार्ता समितिमा बस्नु हुँदैन । अन्तर्वार्ता लिने सदस्यले अन्तर्वार्ता लिएका परीक्षार्थीहरूसँग कानूनमा व्यवस्था भए बमोजिमको नाता नपर्ने विषयमा हस्ताक्षर गर्नु पर्दछ ।

### २.४.१० गोपनीयताको सिद्धान्त

आयोगका कार्यसम्पादनलाई निष्पक्ष, स्वच्छ र विश्वसनीय बनाउन विभिन्न चरणमा हुने कार्यमा गोपनीयताको सिद्धान्त अपनाइएको हुन्छ । परीक्षा प्रणालीमा गोपनीयता कायम गर्नका लागि परीक्षाका प्रश्नपत्र, प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ । यसरी पदपूर्ति प्रक्रियाका सबै चरणहरूमा पूर्णरुपमा गोपनीयताको सुनिश्चितता गरिन्छ ।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ मा व्यवस्था भएबमोजिम पदाधिकारीहरूको कार्य विभाजन देहाय बमोजिम गरिएको छः-

**<u>अध्यक्ष श्री हरि प्रसाद बस्याल</u>**

१) आयोगको प्रशासन र व्यवस्थापन

२) प्रश्नपत्र मोडरेशन

३) सामूहिक छलफल

४) अन्तर्वार्ता, अन्तिम नतिजा प्रकाशन र सिफारिश

५) अनुगमन, मूल्याङ्कन तथा निरीक्षण

६) आन्तरिक समन्वय तथा अन्य आइपर्ने विविध विषयहरु ।

**सदस्य श्री डिम्पल गुरुङ्ग**

१) नीति नियम तर्जुमा
२) पाठ्यक्रम निर्माण, मूल्याङ्कन र परीक्षण प्रविधि
३) दरखास्त व्यवस्थापन
४) रिक्त पदको माग संकलन र पदपूर्तिको लागि प्रतिशत निर्धारण
५) सूचना प्रविधि, प्रकाशन/प्रशारण
६) उत्तरपुस्तिका परीक्षण र लिखित नतिजा तयारी
७) उजुरी तथा विभागीय सजाय सम्बन्धी परामर्श
८) अनुगमन, मूल्याङ्कन तथा निरीक्षण

**सदस्य श्री तारा प्रसाद भुसाल**

१) योजना तथा समन्वय
२) कच्चा प्रश्नपत्र निर्माण
३) लिखित परीक्षा संचालन तथा व्यवस्थापन
४) लिखित परीक्षा नतिजा प्रकाशन
५) प्रयोगात्मक परीक्षा/सीप परीक्षण
६) वार्षिक प्रतिवेदन तयारी
७) अनुगमन, मूल्याङ्कन तथा निरीक्षण

प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्ने कानूनी व्यवस्था छ।

## परिच्छेद ३

# कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा ऐन तथा स्थानीय निजामती सेवा ऐन र नियमावलीहरूमा उल्लिखित पदपूर्ति व्यवस्था अनुरुप तथा प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरूको समेत उपयुक्त उम्मेदवार छनौट गर्न आयोगबाट अवलम्बन गरिने कार्य प्रक्रिया र कार्यप्रवाहलाई देहायको चार्टमा उल्लेख गरिएको छ।



चालु आर्थिक वर्षमा प्रदेश तर्फ प्रदेश निजामती सेवा ऐन, २०८० र प्रदेश निजामती सेवा नियमावली, २०८० को प्रावधान र स्थानीय निजामती सेवा ऐन, २०८१ तथा नियमावली, २०८१ बमोजिम जनशक्ति पदपूर्ति गरिएको छ। प्रदेश सरकारबाट र स्थानीय तहबाट प्राप्त हुन आएको माग आकृतिबमोजिम प्रदेश सेवा तर्फको अधिकृतस्तर एघारौं तह सम्म र स्थानीय तहको नवौं तहसम्मका पदमा कानूनी प्रावधानबमोजिम प्रतिशत निर्धारण एवम् पदसंख्या यकिन गरिए अनुसार विज्ञापन गरी खुला तथा बढुवाद्वारा पदपूर्ति गरिएको छ।

## ३.१ पाठ्यक्रम निर्माण

हालसम्म विभिन्न सेवा, समूहका जम्मा ११२ वटा पाठ्यक्रमहरू निर्माण गरिएको छ। विगत आर्थिक वर्षमा तयार गरिएका पाठ्यक्रम र यस आर्थिक वर्ष मा निर्माण सम्पन्न एवम् परिमार्जन गरिएका समेत गरी कुल ११२ वटा पाठ्यक्रमको तहअनुसारको विवरण देहायबमोजिम रहेको छ। साथै पाठ्यक्रमको सेवा अनुसारको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ:

तालिका नं. ४

**पाठ्यक्रम निर्माण तथा परिमार्जन भएको विवरण**

| क्र.सं. | तह | आर्थिक वर्ष २०८२/०८३ | आर्थिक वर्ष २०८२/०८३ सम्म कुल जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | सहायकस्तर तेस्रो | - | १ | |
| २ | सहायकस्तर चौथो | ३ | १६ | |
| ३ | सहायकस्तर पाँचौं | २ | २७ | |
| ४ | अधिकृतस्तर सातौं | ३ | २८ | |
| ५ | अधिकृतस्तर आठौं | - | ३ | |
| ६ | अधिकृतस्तर नवौं | ४ | ३६ | |
| ७ | अधिकृतस्तर एघारौं | १ | १ | |
| | **जम्मा** | **१३** | **११२** | |

## ३.२ वार्षिक कार्यतालिका

आयोगले आर्थिक वर्ष २०८२/०८३ मा पदपूर्तिका लागि २०८२/०४/०१ मा वार्षिक कार्यतालिका प्रकाशन गरेको थियो। विभिन्न कारणले वार्षिक कार्यतालिका संशोधन भई प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त माग आकृतिका आधारमा विज्ञापन प्रकाशन र चरणबद्ध परीक्षा सञ्चालन गरिएको थियो।

**प्रदेश लोक सेवा आयोग**

**लुम्बिनी प्रदेश, बुटवल**

**पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका**

**आ.व. २०८२/०८३**

**(क) आ.व. २०८१/०८२ का बाँकी पदपूर्ति कार्यक्रम**
**प्रदेश निजामती सेवाका पदहरू (अन्तर तह, खुला र समावेशी)**

| क्र.सं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १ | सहायक पाँचौ तह (प्राविधिक) | अन्तर तह, खुला तथा समावेशी | भैसकेको | भैसकेको | भैसकेको | भैरहेको | साउन |
| २ | सहायक चौथो तह (अप्राविधिक) | खुला तथा समावेशी | भैसकेको | भैसकेको | भैसकेको | साउन | साउन/भदौ |
| ३ | सहायक चौथो तह (प्राविधिक) | खुला तथा समावेशी | भैसकेको | भैसकेको | भैसकेको | साउन | साउन/भदौ |
| ४ | सहायक तेस्रो तह (प्राविधिक) | खुला तथा समावेशी | भैसकेको | भैसकेको | भैसकेको | भैसकेको | साउन/भदौ |

**(ख) आ.व. २०८२/०८३ को पदपूर्ति कार्यक्रम**
**प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवाका पदहरू (बढुवा, अन्तर तह, खुला तथा समावेशी)**

| क्र.सं. | तह | पदपूर्तिको किसिम | माग संकलन तथा प्रतिशत निर्धारण | विज्ञापन सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १ | अधिकृतस्तर एघारौं तह अप्राविधिक र प्राविधिक | बढुवा | साउन/भदौ | भदौ महिनाको अन्तिम शुक्रवार | | | |
| | | अन्तर तह | | | कार्तिक/मंसिर | पुस | पुस/माघ |
| २ | अधिकृतस्तर नवौं तह अप्राविधिक र प्राविधिक र आठौं तह प्राविधिक | बढुवा | साउन/भदौ | भदौ महिनाको अन्तिम शुक्रवार | | | |
| | | अन्तरतह, खुला र समावेशी | | | मंसिर/पुस | माघ/फागुन | फागुन/चैत |
| ३ | अधिकृतस्तर सातौं तह अप्राविधिक र प्राविधिक | बढुवा | भदौ/असोज | असोज महिनाको अन्तिम शुक्रवार | | | |
| | | अन्तरतह, खुला र समावेशी | | | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| ४ | सहायकस्तर पाँचौं तह अप्राविधिक र प्राविधिक | बढुवा | असोज/कार्तिक | कार्तिक महिनाको अन्तिम शुक्रवार | | | |
| | | अन्तरतह, खुला र समावेशी | | | फागुन/चैत | चैत/वैशाख | वैशाख/जेठ |
| क्र.सं. | विज्ञापन नं. (२०८२-८३) | किसिम | पद | सेवा, समूह, उपसमूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १३ | ५१०१४-५१०१५/२०८२-८३ | अ.त., खुला | कन्सल्टेण्ट सर्जन | प्रदेश स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | ० | १९ | १९ |
| १४ | ५१०१६-५१०१७/२०८२-८३ | अ.त., खुला | कन्सल्टेण्ट साईक्याट्रिष्ट | प्रदेश स्वास्थ्य, साईक्याट्रि | १ | ५ | ६ |
| १५ | ५२००१-५२००२/२०८२-८३ | अ.त., खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | १ | ३४ | ३५ |
| १६ | ५२००३-५२००५/२०८२-८३ | अ.त., खुला समा. | डिभिजनल इन्जिनियर | स्थानीय इन्जिनियरिङ, सिभिल | १ | १४ | १५ |
| १७ | ५४००१-५४००१/२०८२-८३ | खुला | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | प्रदेश वन, जनरल फरेष्ट्री | ४ | ३३ | ३७ |
| १८ | ५५००१-५५००२/२०८२-८३ | अ.त., खुला | शिक्षा निर्देशक | स्थानीय शिक्षा, शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | ४ | १७ | २१ |
| | | | | **जम्मा (ख)** | **४२** | **२७६** | **३१८** |
| **(ग) अधिकृतस्तर आठौं तह** | | | | | | | |
| १ | ५१००१-५१००७/२०७७-७८ | खुला समावेशी | मेडिकल अधिकृत | प्रदेश स्वास्थ्य, ज.हे.श | २६ | १७७ | २०३ |
| | | | | **जम्मा (ग)** | **२६** | **१७७** | **२०३** |
| **(घ) अधिकृतस्तर सातौं तह** | | | | | | | |
| १ | ५१००८-५१०११/२०७७-७८ | खुला समावेशी | नर्सिङ अधिकृत | प्रदेश स्वास्थ्य, जनरल नर्सिङ | ७३ | ० | ७३ |
| २ | ५१०१२-५१०१३/२०७७-७८ | खुला समावेशी | फिजियोथेरापिष्ट | प्रदेश स्वास्थ्य, फिजियोथेरापी | २ | ७ | ९ |
| ३ | ५१०१४-५१०१६/२०७७-७८ | खुला समावेशी | मेडिकल ल्याब टेक्नोलोजिष्ट | प्रदेश स्वास्थ्य, मे.ल्या.टे. | ६ | ३५ | ४१ |
| ४ | ५२००१-५२००४/२०७७-७८ | खुला समावेशी | इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, हाइवे | ११ | १८४ | १९५ |
| ५ | ५२००५-५२००७/२०७७-७८ | खुला समावेशी | इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | ६ | १२३ | १२९ |
| ६ | ५२००८-५२०११/२०७७-७८ | खुला समावेशी | इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, इरिगेशन | ९ | १३९ | १४८ |

| क्र.सं. | विज्ञापन नं. (२०८२-८३) | किसिम | पद | सेवा, समूह, उपसमूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ७ | ५२०१२-५२०१३/२०७७-७८ | खुला समावेशी | इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, हाइड्रोपावर | ४ | ५८ | ६२ |
| ८ | ५२०१४-५२०१४/२०७७-७८ | खुला | इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानीटरी | ० | ५८ | ५८ |
| ९ | ५२०१५-५२०१९/२०७७-७८ | खुला समावेशी | इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, वि.एण्ड आ. | ३ | ९५ | ९८ |
| १० | ५२०२०-५२०२२/२०७७-७८ | खुला समावेशी | मेकानिकल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, मेकानिकल | १ | २८ | २९ |
| ११ | ५०००७-५००१४/२०८१-८२ | खुला समावेशी | शाखा अधिकृत/लेखा अधिकृत | प्रदेश प्रशासन, सा.प्र./लेखा | १८३ | ६९४ | ८७७ |
| | | | | **जम्मा (घ)** | **२९८** | **१४२१** | **१७१९** |
| | | | | **जम्मा (क+ख+ग+घ)** | **३६६** | **१८७७** | **२२४३** |

आर्थिक वर्ष २०८२/०८३ मा कुल ३१ वटा विज्ञापनहरूको लिखित परीक्षा कार्यक्रम सम्पन्न गरिएको छ। सञ्चालित परीक्षामा ३६६ जना महिला र १,८७७ जना पुरुष गरी कुल २,२४३ जना परीक्षार्थीहरू सहभागी भएका थिए।

तालिका नं. ३७

**लिखित परीक्षामा खटिएको जनशक्ति विवरण**

| केन्द्राध्यक्ष | उप-केन्द्राध्यक्ष | समन्वयकर्ता | सहायक केन्द्राध्यक्ष | निरीक्षक | सहयोगी | जम्मा |
|---|---|---|---|---|---|---|
| ५२ | ३२ | ५२ | २०८ | ३५४ | ८२ | ७८० |

प्रतिवेदन अवधिभर सञ्चालित विभिन्न पदका कुल ३१ विज्ञापनमा सञ्चालन गरिएका प्रथम तथा द्वितीय चरणका लिखित परीक्षाका लागि ५२ जना केन्द्राध्यक्ष, ३२ जना उप-केन्द्राध्यक्ष, २०८ जना सहायक केन्द्राध्यक्ष, ५२ जना समन्वयकर्ता, ३५४ जना निरीक्षक र ८२ जना सहयोगी गरी कुल ७८० जना जनशक्ति खटाइएको थियो। साथै प्रत्येक केन्द्रमा ५ जना सुरक्षाकर्मी समेत खटिएका थिए।

## ३.७ उत्तरपुस्तिका संकेतीकरण र परीक्षण

उम्मेदवारले लिखित परीक्षा दिइसकेपछि परीक्षा केन्द्रबाट उत्तरपुस्तिका आयोगको कार्यालयमा संकलन गरिन्छ । त्यसपछि तोकिएको शाखाले गोप्यतापूर्वक उत्तरपुस्तिकामा प्रथम कोड राख्दछ । त्यसपछि आयोगका सचिवले तोकेका कर्मचारीहरूको समूहले दोस्रो कोड राखी निश्चित सङ्ख्यामा पोकाहरूमा सिलबन्दी गरी परीक्षणका लागि पोका तयार गर्ने गर्दछन् । उम्मेदवारको वैयक्तिक विवरण उत्तरपुस्तिकाबाट अलग गरी सिलवन्दी रुपमा अलग अलग स्थानमा राखिन्छ। संकेत गरिएका सिलबन्दी उत्तरपुस्तिकाहरूलाई दक्ष/विज्ञ/विशेषज्ञहरूबाट आयोगको कार्यालयमा गोप्य रुपमा परीक्षण गराइन्छ।

आर्थिक वर्ष २०८२/०८३ मा विषयगत परीक्षाका १२५६ जना परीक्षार्थीहरूको खण्ड अनुसार ७,२०० उत्तरपुस्तिकामा प्रथम र दोश्रो कोड संकेतीकरण गरिएको छ । जम्मा ८७७ थान वस्तुगत उत्तरपुस्तिका ओ.एम.आर. (Optical Mark Reader) मेशिनबाट कोडिङ्ग तथा परीक्षण गरिएको छ । साथै विषयगत परीक्षाका जम्मा ७,२०० थान उत्तरपुस्तिकामा प्रथम र दोस्रो कोड गरी विज्ञहरूद्वारा परीक्षण गराइ लिखित नतिजा तयारी, नतिजा प्रकाशन एवम् अन्तर्वार्ता तथा सिफारिसका कार्यहरू भइरहेका छन् ।

## ३.८ लिखित परीक्षा नतिजा प्रकाशन

आयोगद्वारा लिइने वस्तुगत परीक्षाको उत्तरपुस्तिकालाई विवरण खण्ड र उत्तर खण्ड छुट्याई ओ.एम.आर. (Optical Mark Reader) मेशिनबाट कोडिङ्ग तथा परीक्षण गरी एउटामात्र पत्र हुने सेवा, समूहको हकमा माग पद सङ्ख्या अनुसार माग पद भन्दा निश्चित सङ्ख्या नियम बमोजिम थप गरी सम्बन्धित विज्ञापनका लागि योग्यताक्रमको आधारमा छनौट भएका उम्मेदवारहरूलाई नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशन गरिन्छ ।

सहायकस्तरका पदमा प्रारम्भिक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको रोल नं. को क्रमानुसार नतिजा प्रकाशन गरिन्छ । यसरी प्रारम्भिक परीक्षामा उत्तीर्ण उम्मेदवारहरूलाई दोस्रो चरणको परीक्षामा सहभागी गराई सोको प्राप्ताङ्क समेतको योगफल निकाली माग पद सङ्ख्या अनुसार माग पद भन्दा नियमानुसार तोकिएको निश्चित थप सङ्ख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारको नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशन गरिन्छ । यसरी लिखित परीक्षाको अन्तिम नतिजामा छनौट भएका परीक्षार्थीहरूलाई आयोगमा सक्कल कागजात सहित स्वयं उपस्थित हुन लगाई रुजु प्रमाणित गराई अन्तर्वार्तामा सहभागी गराइन्छ ।

आर्थिक वर्ष २०८२/०८३ मा लिखित परीक्षाको नतिजा प्रकाशन भई अन्तर्वार्तामा छनौट भएका उम्मेदवारहरूको थप विवरण देहायका तालिका तथा चित्रहरूमा प्रस्तुत गरिएको छ:-

तालिका नं. ३८

**लैङ्गिक आधारमा लिखित नतिजामा छनौट उम्मेदवारको सङ्ख्यात्मक विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **महिला** | १८० | ४०.९१ | |
| **पुरुष** | २६० | ५९.०९ | |
| **कुल जम्मा** | ४४० | १००.०० | |

आर्थिक वर्ष २०८२/०८३ मा लिखित नतिजा प्रकाशन भएका ४१ विज्ञापनहरूबाट कुन ४४० जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट भएका थिए । छनौट हुनेमा महिलाको सङ्ख्या १८० (४०.९१ प्रतिशत) र पुरुषको सङ्ख्या २६० (५९.०९ प्रतिशत) रहेको छ । उक्त तथ्याङ्कलाई निम्नानुसारको वृत्त चित्रमा प्रस्तुत गरिएको छ:-

चित्र नं. ३१

**लैङ्गिक आधारमा लिखित नतिजामा छनौट उम्मेदवारको अवस्था**




तालिका नं. ३९

**तह अनुसार लिखित नतिजामा छनौट उम्मेदवारको विवरण**

| तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अधिकृतस्तर एघारौं | ० | ३ | ३ | ०.६८ |
| अधिकृतस्तर नवौं | ५ | ६० | ६५ | १४.७७ |
| अधिकृतस्तर आठौं | ० | ० | ० | ०.०० |
| अधिकृतस्तर सातौं | ० | ० | ० | ०.०० |
| सहायकस्तर पाँचौं | ३९ | ५० | ८९ | २०.२३ |
| सहायकस्तर चौथो | ८४ | ३५ | ११९ | २७.०५ |
| सहायकस्तर तेस्रो | ५२ | ११२ | १६४ | ३७.२७ |
| **जम्मा** | १८० | २६० | ४४० | १००.०० |

आर्थिक वर्ष २०८२/०८३ मा लिखित नतिजा प्रकाशन गरिएका विज्ञापनहरूमध्ये अधिकृतस्तर एघारौं तहमा ३, अधिकृतस्तर नवौं तहमा ६५, सहायकस्तर पाँचौं तहमा ८९, सहायकस्तर चौथो तहमा ११९ र सहायकस्तर तेस्रो तहमा १६४ जना गरी कुल ४४० जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट गरिएको छ । हालसम्म अधिकृतस्तर आठौं र सातौं तहको लिखित नतिजा प्रकाशन गरिएको छैन । उल्लिखित तथ्याङ्क अनुसार लिखित नतिजामा छनौट हुने महिला उम्मेदवारको सङ्ख्याभन्दा पुरुष उम्मेदवारको सङ्ख्या बढी रहेको छ । उक्त तथ्याङ्कलाई देहाय बमोजिम स्तम्भ चित्रमा प्रस्तुत गरिएको छः-

चित्र नं. ३२

**तह अनुसार लिखित नतिजामा छनौट उम्मेदवारको अवस्था**




तालिका नं. ४०

**भौगोलिक क्षेत्रका आधारमा अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको विवरण**

| भौगोलिक क्षेत्र | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| हिमाली क्षेत्र | ४१ | २५ | ६६ | १५.०० | |
| पहाडी क्षेत्र | १२५ | ७९ | २०४ | ४६.३६ | |
| तराई क्षेत्र | ९४ | ७६ | १७० | ३८.६४ | |
| **कुल जम्मा** | **२६०** | **१८०** | **४४०** | **१००.००** | |

भौगोलिक क्षेत्रका आधारमा छनौट सङ्ख्यालाई हेर्दा आर्थिक वर्ष २०८२/०८३ मा नेपालको हिमाली क्षेत्रबाट ६६ (१५ प्रतिशत), पहाडी क्षेत्रबाट २०४ (४६.३६ प्रतिशत) र तराई क्षेत्रबाट १७० (३८.६४ प्रतिशत) उम्मेदवार लिखित नतिजाबाट अन्तर्वार्ताको चरणका लागि छनौट भएका छन् । पहाडको कुल जनसङ्ख्या भन्दा तराईको कुल जनसङ्ख्या बढी रहेको भएतापनि गत आर्थिक वर्षमा जस्तै दरखास्त दिने सङ्ख्या तराईको भन्दा पहाडको बढी रहेको छ । यसलाई तलको चित्रबाट थप स्पष्ट गरिएको छ:-

चित्र नं. ३३

**भौगोलिक क्षेत्रका आधारमा अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था**




तालिका नं. ४१

**प्रदेश अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था**

| क्र.सं. | प्रदेश | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ३ | १३ | १६ | ३.६४ | |
| २ | मधेश प्रदेश | २६ | ३१ | ५७ | १२.९५ | |
| ३ | बागमती प्रदेश | ७ | १४ | २१ | ४.७७ | |
| ४ | गण्डकी प्रदेश | ८ | २० | २८ | ६.३६ | |
| ५ | लुम्बिनी प्रदेश | ६१ | ५७ | ११८ | २६.८२ | |
| ६ | कर्णाली प्रदेश | ६३ | ९३ | १५६ | ३५.४५ | |
| ७ | सुदूरपश्चिम प्रदेश | १२ | ३२ | ४४ | १०.०० | |
| | **कुल जम्मा** | १८० | २६० | ४४० | १००.०० | |

प्रतिवेदन अवधिमा सबै प्रदेशबाट महिला भन्दा पुरुष उम्मेदवार लिखित नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएको देखिएको छ । कुल ४४० मध्ये कर्णाली प्रदेशबाट सबैभन्दा बढी ३५.४५ प्रतिशत (१५६) र कोशी प्रदेशबाट सबैभन्दा कम ३.६४ प्रतिशत (१६ जना) छनौट भएका छन् । उक्त तथ्याङ्कलाई देहायबमोजिमको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :-

चित्र नं. ३४

**प्रदेश अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था**




तालिका नं. ४२

**सेवागत रुपमा अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको विवरण**

| क्र.सं. | सेवाहरू | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ | १९ | ५३ | ७२ | १६.३६ |
| २ | कृषि | ९ | ११ | २० | ४.५५ |
| ३ | प्रशासन | २२ | १३ | ३५ | ७.९५ |
| ४ | वन | ८० | १३८ | २१८ | ४९.५५ |
| ५ | शिक्षा | ० | ५ | ५ | १.१४ |
| ६ | स्वास्थ्य | ५० | ४० | ९० | २०.४५ |
| | **कुल जम्मा** | **१८०** | **२६०** | **४४०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सेवा अनुसार कुल ४४० जना उम्मेदवारहरू लिखित नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएकोमा सबैभन्दा बढी वन सेवा अन्तर्गतका पदका लागि २१८ जना छनौट भएका छन् । वन सेवा तर्फ धेरै छनौट हुनुको मुख्य कारण सहायकस्तर तेस्रो तहको वनरक्षक पदको माग सङ्ख्या बढी हुनु हो, जुन तथ्याङ्क तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ:-

चित्र नं. ३५

**सेवा अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको अवस्था**




| | इन्जिनियरिङ | कृषि | प्रशासन | वन | शिक्षा | स्वास्थ्य |
|---|---|---|---|---|---|---|
| महिला | १९ | ९ | २२ | ८० | ० | ५० |
| पुरुष | ५३ | ११ | १३ | १३८ | ५ | ४० |
| जम्मा | ७२ | २० | ३५ | २१८ | ५ | ९० |

तालिका नं. ४३

**समूह अनुसार अन्तर्वार्ताका लागि छनौट उम्मेदवारको सङ्ख्यात्मक विवरण**

| क्र.सं. | छनौट समूह | छनौट संख्या | कैफियत |
|---|---|---|---|
| १ | अन्तर तह | २७ | |
| २ | खुला | २३४ | |
| ३ | खस आर्य महिला | ५२ | |
| ४ | आदिवासी जनजाति महिला | ४५ | |
| ५ | आदिवासी जनजाति पुरुष | १४ | |
| ६ | मधेसी महिला | २५ | |
| ७ | मधेसी पुरुष | १२ | |
| ८ | दलित महिला | १५ | |
| ९ | दलित पुरुष | १२ | |
| १० | थारु महिला | १५ | |
| ११ | थारु पुरुष | ७ | |
| १२ | विपन्न खस/आर्य महिला | २२ | |
| १३ | विपन्न खस/आर्य पुरुष | ४६ | |
| १४ | मुस्लिम महिला | ४ | |
| १५ | मुस्लिम पुरुष | ४ | |
| १६ | अपाङ्गता महिला | ३ | |

| क्र.सं. | छनौट समूह | छनौट संख्या | कैफियत |
|---|---|---|---|
| १७ | अपाङ्गता पुरुष | ४ | |
| | | ५४१ | |

आर्थिक वर्ष २०८२/०८३ र आर्थिक वर्ष २०८१/०८२ मा भएका विज्ञापनहरूको समेत लिखित परीक्षा सञ्चालन आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न भई कुल ५४१ समूहमा ४४० जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट गरिएको छ ।

तालिका नं. ४४

**लिखित परीक्षाको नतिजा प्रकाशन भएका विज्ञापनहरूको विवरण**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | अन्तर्वार्ताका लागि छनौट | |
|---|---|---|---|---|---|---|
| | | | | | समूह | संख्या |
| **(क) अधिकृतस्तर नवौं तह** | | | | | | |
| १ | 52003-52003/2081-82 | अन्तर तह | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | अन्तर तह | ३ |
| २ | 52004-52005/2081-82 | खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | खुला | ७ |
| ३ | 52006-52006/2081-82 | खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | खुला | ३ |
| ४ | 52007-52007/2081-82 | खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, हाईवे | खुला | ६ |
| ५ | 53005-53005/2081-82 | खुला | मुख्य पशु चिकित्सक | प्रदेश कृषि, भेटेरिनरी | खुला | ३ |
| ६ | 53006-53006/2081-82 | खुला | मुख्य पशु विकास अधिकृत | प्रदेश कृषि, ला.पो. एण्ड डे.डे. | खुला | २ |
| ७ | 51002-51002/2082-83 | खुला | मेडिकल सुपरिटेन्डेन्ट | प्रदेश/स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेस | खुला | २ |
| ८ | 51003-51003/2082-83 | खुला | कन्सल्टेण्ट जनरल फिजिसियन | प्रदेश स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | खुला | ३ |
| ९ | 51004-51004/2082-83 | खुला | कन्सल्टेण्ट पेडियाट्रिसियन | प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स, पेडियाट्रिक्स मेडिसिन | खुला | ३ |
| १० | 51005-51007/2082-83 | अन्तर तह, खुला | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | प्रदेश स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | अन्तर तह | १ |
| ११ | 51005-51007/2082-83 | अन्तर तह, खुला | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | प्रदेश स्वास्थ्य, सर्जरी, अर्थोपेडिक सर्जरी | खुला | ३ |
| १२ | 51008-51009/2082-83 | अन्तर तह, खुला | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट | प्रदेश स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाईनोकोलोजी | अन्तर तह | १ |
| १३ | 51008-51009/2082-83 | अन्तर तह, खुला | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट | प्रदेश स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाईनोकोलोजी | खुला | ३ |
| १४ | 51010-51011/2082-83 | खुला समावेशी | कन्सल्टेण्ट रेडियोलोजिष्ट/रेडियो डाइग्नोसिष्ट | प्रदेश स्वास्थ्य, रेडियोलोजी | खुला | १ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | अन्तर्वार्ताका लागि छनौट | |
|---|---|---|---|---|---|---|
| | | | | | समूह | संख्या |
| १५ | 51012-51013/2082-83 | खुला समावेशी | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | प्रदेश स्वास्थ्य, एनेस्थेसियोलोजी | खुला | ३ |
| १६ | 51014-51015/2082-83 | अन्तर तह, खुला | कन्सल्टेण्ट सर्जन | प्रदेश स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | अन्तर तह | १ |
| १७ | 51014-51015/2082-83 | अन्तर तह, खुला | कन्सल्टेण्ट सर्जन | प्रदेश स्वास्थ्य, सर्जरी, जनरल सर्जरी | खुला | ३ |
| १८ | 51016-51017/2082-83 | खुला समावेशी | कन्सल्टेण्ट साईक्याट्रिष्ट | प्रदेश स्वास्थ्य, साईक्याट्रि | खुला | ३ |
| १९ | 52001-52002/2082-83 | अन्तर तह, खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | अन्तर तह | ३ |
| २० | 52001-52002/2082-83 | अन्तर तह, खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | खुला | ६ |
| २१ | 54001-54001/2082-83 | खुला | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | प्रदेश वन, जनरल फरेष्ट्री | खुला | ३ |
| २२ | 55001-55002/2082-83 | अन्तर तह, खुला | शिक्षा निर्देशक | स्थानीय शिक्षा, शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | अन्तर तह | २ |
| २३ | 55001-55002/2082-83 | अन्तर तह, खुला | शिक्षा निर्देशक | स्थानीय शिक्षा, शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन | खुला | ५ |
| | | | | | **क जम्मा** | **७०** |
| **(ख) सहायकस्तर पाँचौं तह** | | | | | | |
| १ | 52010-52010/2081-82 | अन्तर तह | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | अन्तर तह | १ |
| २ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | आदिवासी जनजाति महिला | ४ |
| ३ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | खस आर्य महिला | ४ |
| ४ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | खुला | १५ |
| ५ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | थारु महिला | २ |
| ६ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | दलित महिला | १ |
| ७ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | मधेसी महिला | ४ |
| ८ | 52011-52017/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल (एकीकृत), स्यानिटरी/इरिगेशन | विपन्न खस/आर्य महिला | ५ |
| ९ | 52018-52018/2081-82 | अन्तर तह | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, वि. एण्ड आ. | अन्तर तह | १ |
| १० | 52019-52020/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, वि. एण्ड आ. | आदिवासी जनजाति महिला | २ |
| ११ | 52019-52020/2081-82 | खुला समावेशी | सब-इञ्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, वि. एण्ड आ. | खुला | ४ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | अन्तर्वार्ताका लागि छनौट | |
|---|---|---|---|---|---|---|
| | | | | | समूह | संख्या |
| १२ | 52021-52021/2081-82 | खुला | हाइड्रोजियोलोजी प्राविधिक | प्रदेश इन्जिनियरिङ, जियोलोजी, हाइड्रोजियोलोजी | खुला | ३ |
| १३ | 53016-53016/2081-82 | अन्तर तह | पशु स्वास्थ्य प्राविधिक | प्रदेश कृषि, भेटेरिनरी | अन्तर तह | २ |
| १४ | 53017-53017/2081-82 | खुला | पशु स्वास्थ्य प्राविधिक | प्रदेश कृषि, भेटेरिनरी | खुला | ३ |
| १५ | 53019-53020/2081-82 | खुला समावेशी | बाली/कृषि/बागवानी/माटो/कृषि प्राविधिक | प्रदेश कृषि, कृषि (एकीकृत) | आदिवासी जनजाति महिला | ३ |
| १६ | 53019-53020/2081-82 | खुला समावेशी | बाली/कृषि/बागवानी/माटो/कृषि प्राविधिक | प्रदेश कृषि, कृषि (एकीकृत) | खुला | ७ |
| १७ | 54014-54014/2081-82 | अन्तर तह | भू-संरक्षण सहायक | प्रदेश वन, स्वा. एण्ड वा.क. | अन्तर तह | ३ |
| १८ | 54015-54015/2081-82 | खुला | भू-संरक्षण सहायक/रेन्जर | प्रदेश वन, फरेष्ट रिसर्च/स्वा. एण्ड वा.क. | खुला | ४ |
| १९ | 54016-54016/2081-82 | खुला | बोटानी प्राविधिक | प्रदेश वन, बोटानी | खुला | ३ |
| २० | 54017-54017/2081-82 | अन्तर तह | रेन्जर | प्रदेश वन, जनरल फरेष्ट्री | अन्तर तह | ६ |
| २१ | 54018-54021/2081-82 | खुला समावेशी | रेन्जर | प्रदेश वन, जनरल फरेष्ट्री | आदिवासी जनजाति महिला | ३ |
| २२ | 54018-54021/2081-82 | खुला समावेशी | रेन्जर | प्रदेश वन, जनरल फरेष्ट्री | खस आर्य महिला | ४ |
| २३ | 54018-54021/2081-82 | खुला समावेशी | रेन्जर | प्रदेश वन, जनरल फरेष्ट्री | खुला | ५ |
| २४ | 54018-54021/2081-82 | खुला समावेशी | रेन्जर | प्रदेश वन, जनरल फरेष्ट्री | मधेसी महिला | ३ |
| | | | | | **ख जम्मा** | **९२** |
| **(ग) सहायकस्तर चौथो तह** | | | | | | |
| १ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | आदिवासी जनजाति महिला | ६ |
| २ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | खस आर्य महिला | ६ |
| ३ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | खुला | १४ |
| ४ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | थारु महिला | २ |
| ५ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | दलित महिला | ३ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | अन्तर्वार्ताका लागि छनौट | |
|---|---|---|---|---|---|---|
| | | | | | समूह | संख्या |
| ६ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | मधेसी महिला | ४ |
| ७ | 50027-50033/2081-82 | खुला समावेशी | प्रशासन सहायक/सहायक लेखापाल | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | मुस्लिम महिला | १ |
| ८ | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | आदिवासी जनजाति महिला | ४ |
| ९ | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | खस आर्य महिला | ४ |
| १० | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | खुला | ११ |
| ११ | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | थारु महिला | ३ |
| १२ | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | दलित महिला | ३ |
| १३ | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | मधेसी महिला | ३ |
| १४ | 51066-51072/2081-82 | खुला समावेशी | अ.हे.व./को.चे.अ. | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | मुस्लिम महिला | ३ |
| १५ | 51073-51076/2081-82 | खुला समावेशी | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ | आदिवासी जनजाति महिला | ३ |
| १६ | 51073-51076/2081-82 | खुला समावेशी | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ | खस आर्य महिला | ६ |
| १७ | 51073-51076/2081-82 | खुला समावेशी | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ | खुला | ५ |
| १८ | 51073-51076/2081-82 | खुला समावेशी | अ.न.मी. | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ | मधेसी महिला | ३ |
| १९ | 51077-51078/2081-82 | खुला समावेशी | ल्याब असिष्टेन्ट | प्रदेश स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी | आदिवासी जनजाति महिला | ४ |
| २० | 51077-51078/2081-82 | खुला समावेशी | ल्याब असिष्टेन्ट | प्रदेश स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी | खुला | ३ |
| २१ | 51079-51079/2081-82 | खुला | डार्क रुम असिष्टेण्ट | प्रदेश स्वास्थ्य, रेडियोग्राफी | खुला | ३ |
| २२ | 51080-51081/2081-82 | खुला समावेशी | वैद्य | प्रदेश स्वास्थ्य, आयुर्वेद | आदिवासी जनजाति महिला | ३ |
| २३ | 51080-51081/2081-82 | खुला समावेशी | वैद्य | प्रदेश स्वास्थ्य, आयुर्वेद | खुला | ४ |
| २४ | 52022-52024/2081-82 | खुला | खा.पा.स.टे. | प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | खुला | ४ |
| २५ | 54022-54027/2081-82 | खुला समावेशी | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | आदिवासी जनजाति महिला | ३ |
| २६ | 54022-54027/2081-82 | खुला समावेशी | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | खस आर्य महिला | ६ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | अन्तर्वार्ताका लागि छनौट | |
|---|---|---|---|---|---|---|
| | | | | | समूह | संख्या |
| २७ | 54022-54027/2081-82 | खुला समावेशी | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | खुला | ८ |
| २८ | 54022-54027/2081-82 | खुला समावेशी | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | थारु महिला | २ |
| २९ | 54022-54027/2081-82 | खुला समावेशी | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | दलित महिला | २ |
| ३० | 54022-54027/2081-82 | खुला समावेशी | फरेष्टर | प्रदेश वन, जनरल फरेष्ट्री | मधेसी महिला | २ |
| | | | | | **ग जम्मा** | **१२८** |
| **(घ) सहायकस्तर तेस्रो तह** | | | | | | |
| १ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | अपाङ्गता पुरुष | ४ |
| २ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | अपाङ्गता महिला | ३ |
| ३ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | आदिवासी जनजाति पुरुष | १४ |
| ४ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | आदिवासी जनजाति महिला | १० |
| ५ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | खस आर्य महिला | २२ |
| ६ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | खुला | ७९ |
| ७ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | थारु पुरुष | ७ |
| ८ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | थारु महिला | ६ |
| ९ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | दलित पुरुष | १२ |
| १० | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | दलित महिला | ६ |
| ११ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | मधेसी पुरुष | १२ |
| १२ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | मधेसी महिला | ६ |
| १३ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | मुस्लिम पुरुष | ४ |
| १४ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | विपन्न खस/आर्य पुरुष | ४६ |
| १५ | 54028-54044/2081-82 | खुला समावेशी | वन रक्षक | प्रदेश वन, जनरल फरेष्ट्री | विपन्न खस/आर्य महिला | १७ |
| | | | | | **घ जम्मा** | **२४९** |
| | | | | | **(क)+(ख)+(ग)+(घ) जम्मा** | **५४१** |

## ३.९ अन्तर्वार्ता तथा सिफारिस

लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको पाठ्यक्रम योजना बमोजिम प्रयोगात्मक परीक्षा, मामिला अध्ययन एवम् प्रस्तुतीकरण परीक्षा पश्चात् अन्तर्वार्ता सञ्चालन गरिन्छ । यसरी लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ता र अन्य परीक्षामा प्राप्त अङ्क सहित कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई माग पद सङ्ख्याको आधारमा योग्यता प्रणालीमा आधारित भइ स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ । आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस गरिएका उम्मेदवारहरूको सङ्ख्यात्मक विवरण देहायबमोजिम विभिन्न तालिका, चित्रहरूमा प्रस्तुत गरिएको छः-

तालिका नं. ४५

**लैङ्गिक आधारमा नियुक्तिका लागि सिफारिस गरिएको सङ्ख्यात्मक विवरण**

| लिङ्ग | पदपूर्ति सङ्ख्या | प्रतिशत | वैकल्पिक सिफारिस | कैफियत |
|---|---|---|---|---|
| **महिला** | १०१ | ३८.८५ | ११ | |
| **पुरुष** | १५९ | ६१.१५ | २० | |
| **कुल जम्मा** | **२६०** | **१००.००** | **३१** | |

आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन भएका विज्ञापनहरू मध्ये बाँकी रहेका ४३ वटा र यस आर्थिक वर्ष मा प्रकाशन भएका ६७ वटा मध्ये ७ वटा गरी ५० विज्ञापनहरूमा १०१ (३८.८५ प्रतिशत) महिला र १५९ (६१.१५ प्रतिशत) पुरुष गरी जम्मा २६० जना उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ भने ३१ जना उम्मेदवारलाई वैकल्पिक सूचीबाट सिफारिस गरिएको छ । उक्त तथ्याङ्कलाई निम्नानुसारको चित्रमा प्रस्तुत गरिएको छः-

चित्र नं. ३६

**लैङ्गिक आधारमा पदपूर्तिको अवस्था**






तालिका नं. ४६

**सिफारिस भएका उम्मेदवारको संख्यात्मक विवरण**

| क्र.सं. | समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | अन्तर तह | २ | १२ | १४ | ५.३८ |
| २. | खुला | २२ | १२६ | १४८ | ५६.९२ |
| ३. | खस आर्य महिला | १७ | ० | १७ | ६.५४ |
| ४. | आदिवासी जनजाति महिला | २२ | ० | २२ | ८.४६ |
| ५. | आदिवासी जनजाति पुरुष | ० | ५ | ५ | १.९२ |
| ६. | मधेसी महिला | १५ | ० | १५ | ५.७७ |
| ७. | मधेसी पुरुष | ० | ४ | ४ | १.५४ |
| ८. | दलित महिला | ८ | ० | ८ | ३.०८ |
| ९. | दलित पुरुष | ० | ४ | ४ | १.५४ |
| १०. | थारु महिला | ९ | ० | ९ | ३.४६ |
| ११. | थारु पुरुष | ० | ४ | ४ | १.५४ |
| १२. | विपन्न खस/आर्य महिला | ३ | ० | ३ | १.१५ |
| १३. | विपन्न खस/आर्य पुरुष | ० | १ | १ | ०.३८ |
| १४. | मुस्लिम पुरुष | ० | २ | २ | ०.७७ |
| १५. | मुस्लिम महिला | २ | ० | २ | ०.७७ |
| १६. | अपाङ्गता पुरुष | ० | १ | १ | ०.३८ |
| १७. | अपाङ्गता महिला | १ | ० | १ | ०.३८ |
| | **जम्मा** | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८१/०८२ मा विज्ञापन भई लिखित परीक्षा सञ्चालन भएका तर सोही आर्थिक वर्षमा कार्य सम्पन्न नभएका विज्ञापनहरूको सिफारिस गर्ने कार्य आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न भएको छ। १०१ जना महिला र १५९ जना पुरुष गरी कुल २६० जना उम्मेदवारलाई स्थायी नियुक्तिका लागि माग भएका निकायहरूमा सिफारिस गरिएको छ।

चित्र नं. ३७

**समूह अनुसार सिफारिस भएका उम्मेदवारको अवस्था**




तालिका नं. ४७

**तह अनुसार पदपूर्तिको सङ्ख्यात्मक विवरण**

| तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अधिकृतस्तर एघारौं | ० | १ | १ | ०.३८ |
| अधिकृतस्तर नवौं | २ | १४ | १६ | ६.१५ |
| अधिकृतस्तर आठौं | ० | ० | ० | ०.०० |
| अधिकृतस्तर सातौं | ० | ० | ० | ०.०० |
| सहायकस्तर पाँचौं | २९ | ४५ | ७४ | २८.४६ |
| सहायकस्तर चौथो | ३४ | २३ | ५७ | २१.९२ |
| सहायकस्तर तेस्रो | ३६ | ७६ | ११२ | ४३.०८ |
| **जम्मा** | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा अधिकृतस्तर एघारौं तहमा १ जना, अधिकृतस्तर नवौं तहमा १६ जना, सहायकस्तर पाँचौं तहमा ७४ जना, सहायकस्तर चौथो तहमा ५७ जना र सहायकस्तर तेस्रो तहमा ११२ गरी कुल २६० जना उम्मेदवारलाई स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ । उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा सबै तहमा महिलाको सङ्ख्याभन्दा पुरुषको सङ्ख्या बढी रहेको छ । प्रस्तुत तथ्याङ्कलाई देहाय बमोजिम स्तम्भ चित्रमा देखाइएको छः-

चित्र नं. ३८

**तह अनुसार पदपूर्तिको अवस्था**




तालिका नं. ४८

**भौगोलिक क्षेत्रका आधारमा पदपूर्तिको विवरण**

| भौगोलिक क्षेत्र | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| हिमाली क्षेत्र | १२ | ३० | ४२ | १६.१५ | |
| पहाडी क्षेत्र | ४९ | ७५ | १२४ | ४७.६९ | |
| तराई क्षेत्र | ४० | ५४ | ९४ | ३६.१५ | |
| **कुल जम्मा** | **१०१** | **१५९** | **२६०** | **१००.००** | |

भौगोलिक क्षेत्रका आधारमा पदपूर्तिको सङ्ख्यालाई हेर्दा आर्थिक वर्ष २०८२/०८३ मा नेपालको हिमाली क्षेत्रबाट ४२ (१६.१५ प्रतिशत), पहाडी क्षेत्रबाट १२४ (४७.६९ प्रतिशत) र तराई क्षेत्रबाट ९४ (३६.१५ प्रतिशत) उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस हुन सफल भएका छन् । पहाडको कुल जनसङ्ख्या

भन्दा तराईको कुल जनसङ्ख्या बढी रहेको भएतापनि गत आर्थिक वर्षमा जस्तै पदपूर्तिको सङ्ख्या तराईको भन्दा पहाडको बढी रहेको छ। यसलाई तलको चित्रबाट थप स्पष्ट गरिएको छ:-

चित्र नं. ३९

**भौगोलिक क्षेत्र अनुसार उम्मेदवारको पदपूर्तिको अवस्था**







तालिका नं. ४९

**प्रदेश अनुसार पदपूर्ति विवरण**

| क्र.सं. | प्रदेश | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | १ | ४ | ५ | १.९२ | |
| २ | मधेश प्रदेश | १७ | २२ | ३९ | १५.०० | |
| ३ | बागमती प्रदेश | ५ | १ | ६ | २.३१ | |
| ४ | गण्डकी प्रदेश | ३ | ११ | १४ | ५.३८ | |
| ५ | लुम्बिनी प्रदेश | ३५ | ३४ | ६९ | २६.५४ | |
| ६ | कर्णाली प्रदेश | ३२ | ६१ | ९३ | ३५.७७ | |
| ७ | सुदुर-पश्चिम प्रदेश | ८ | २६ | ३४ | १३.०८ | |
| | **जम्मा** | **१०१** | **१५९** | **२६०** | **१००.००** | |

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस मध्ये कर्णाली प्रदेशबाट सबैभन्दा बढी सिफारिस भएका छन्। महिला ३२ र पुरुष ६१ गरी जम्मा ९३ जना (३५.७७ प्रतिशत) स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ। सबैभन्दा कम कोशी प्रदेश बाट जम्मा ५ जना (१.९२ प्रतिशत) र बागमती प्रदेशबाट ६ जना (२.३१ प्रतिशत) उम्मेदवार सिफारिस भएका छन्। उक्त तथ्याङ्कलाई देहायबमोजिमको वृत्त चित्र र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :-

चित्र नं. ४०

**प्रदेशगत पदपूर्तिको अवस्था**




चित्र नं. ४१

**प्रदेशगत पदपूर्तिको अवस्था**



तालिका नं. ५०

**जिल्लागत सिफारिस उम्मेदवारको संख्यात्मक विवरण**

| क्र.सं. | जिल्ला | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | जुम्ला | १३ | ८ | २१ | ८.०८ |
| २. | रुकुम (पश्चिम भाग) | १० | ८ | १८ | ६.९२ |
| ३. | रुपन्देही | ६ | ४ | १० | ३.८५ |
| ४. | सल्यान | ७ | ३ | १० | ३.८५ |
| ५. | जाजरकोट | ७ | ३ | १० | ३.८५ |
| ६. | दाङ | २ | ७ | ९ | ३.४६ |
| ७. | मुगु | ७ | २ | ९ | ३.४६ |
| ८. | बर्दिया | ५ | ३ | ८ | ३.०८ |
| ९. | दैलेख | ६ | २ | ८ | ३.०८ |
| १०. | प्यूठान | ६ | २ | ८ | ३.०८ |
| ११. | सुर्खेत | ४ | ४ | ८ | ३.०८ |
| १२. | रोल्पा | ० | ७ | ७ | २.६९ |
| १३. | कैलाली | ४ | ३ | ७ | २.६९ |
| १४. | धनुषा | ३ | ४ | ७ | २.६९ |
| १५. | अछाम | ५ | २ | ७ | २.६९ |
| १६. | दार्चुला | ६ | १ | ७ | २.६९ |
| १७. | रौतहट | ३ | ३ | ६ | २.३१ |
| १८. | बाँके | ३ | ३ | ६ | २.३१ |
| १९. | सप्तरी | ३ | ३ | ६ | २.३१ |
| २०. | बारा | ५ | १ | ६ | २.३१ |
| २१. | महोत्तरी | ३ | ३ | ६ | २.३१ |
| २२. | कालिकोट | ४ | २ | ६ | २.३१ |
| २३. | गुल्मी | ३ | २ | ५ | १.९२ |
| २४. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ३ | २ | ५ | १.९२ |
| २५. | कपिलवस्तु | २ | २ | ४ | १.५४ |
| २६. | सर्लाही | २ | २ | ४ | १.५४ |
| २७. | कञ्चनपुर | ४ | ० | ४ | १.५४ |
| २८. | पर्वत | ४ | ० | ४ | १.५४ |
| २९. | अर्घाखाँची | ३ | ० | ३ | १.१५ |

| क्र.सं. | जिल्ला | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ३०. | पाल्पा | १ | २ | ३ | १.१५ |
| ३१. | बैतडी | २ | १ | ३ | १.१५ |
| ३२. | डोटी | २ | १ | ३ | १.१५ |
| ३३. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ३ | ० | ३ | १.१५ |
| ३४. | सिराहा | १ | १ | २ | ०.७७ |
| ३५. | पर्सा | २ | ० | २ | ०.७७ |
| ३६. | बाजुरा | २ | ० | २ | ०.७७ |
| ३७. | हुम्ला | २ | ० | २ | ०.७७ |
| ३८. | कास्की | १ | १ | २ | ०.७७ |
| ३९. | गोरखा | २ | ० | २ | ०.७७ |
| ४०. | भक्तपुर | ० | २ | २ | ०.७७ |
| ४१. | बझाङ | १ | ० | १ | ०.३८ |
| ४२. | स्याङजा | १ | ० | १ | ०.३८ |
| ४३. | चितवन | ० | १ | १ | ०.३८ |
| ४४. | डोल्पा | १ | ० | १ | ०.३८ |
| ४५. | सुनसरी | १ | ० | १ | ०.३८ |
| ४६. | रुकुम (पूर्वी भाग) | ० | १ | १ | ०.३८ |
| ४७. | सिन्धुली | १ | ० | १ | ०.३८ |
| ४८. | तनहुँ | ० | १ | १ | ०.३८ |
| ४९. | मोरङ | १ | ० | १ | ०.३८ |
| ५०. | उदयपुर | १ | ० | १ | ०.३८ |
| ५१. | रामेछाप | ० | १ | १ | ०.३८ |
| ५२. | लमजुङ | ० | १ | १ | ०.३८ |
| ५३. | सिन्धुपाल्चोक | ० | १ | १ | ०.३८ |
| ५४. | ताप्लेजुङ | १ | ० | १ | ०.३८ |
| ५५. | तेह्रथुम | ० | १ | १ | ०.३८ |
| | **जम्मा** | **१५९** | **१०१** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा आवेदन दिने ७६ जिल्ला मध्ये जम्मा ५५ जिल्लाका उम्मेदवारहरू सिफारिस भएका छन् । सबैभन्दा बढी सिफारिस हुने उम्मेदवार जुम्ला जिल्लाका २१ जना (८.०८ प्रतिशत) छ भने दोस्रो बढी सिफारिस हुने उम्मेदवार रुकुम (पश्चिम भाग) जिल्लाका १८ जना (६.९२ प्रतिशत) रहेको छ ।

तालिका नं. ५१

**सेवा अनुसार पदपूर्तिको संख्यात्मक विवरण**

| क्र.सं. | सेवाहरू | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ | ११ | २२ | ३३ | १२.६९ |
| २ | कृषि | ४ | ६ | १० | ३.८५ |
| ३ | प्रशासन | १० | ९ | १९ | ७.३१ |
| ४ | वन | ४५ | ८८ | १३३ | ५१.१५ |
| ५ | स्वास्थ्य | ३१ | ३४ | ६५ | २५.०० |
| | **कुल जम्मा** | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सेवा अनुसार कुल सिफारिस भएका २६० मध्ये सबैभन्दा बढी वन सेवा तर्फ जम्मा १३३ जना (५१.१५ प्रतिशत) सिफारिस भएकोमा महिलाको सङ्ख्या ४५ र पुरुषको सङ्ख्या ८८ रहेको छ । त्यसैगरी सबैभन्दा कम कृषि सेवा अन्तर्गत १० जना (३.८५ प्रतिशत) उम्मेदवार सिफारिस भएका छन् । जुन तथ्याङ्क तलको स्तम्भ चित्रबाट प्रष्ट्याइएको छ:-

चित्र नं. ४२

**सेवा अनुसार पदपूर्तिको अवस्था**



तालिका नं. ५२

**उम्मेदवारको रोजगारीको स्थिति अनुसार पदपूर्तिको विवरण**

| क्र.सं. | उम्मेदवारको पेशागत स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सरकारी सेवा | १० | ३२ | ४२ | १६.१५ |
| २ | गैरसरकारी सेवा | ३ | ६ | ९ | ३.४६ |
| ३ | स्वरोजगार | २ | १ | ३ | १.१५ |
| ४ | अन्य पेशा | २ | १ | ३ | १.१५ |
| ५ | बेरोजगार | ८४ | ११९ | २०३ | ७८.०८ |
| **कुल जम्मा** | | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका जम्मा २६० मध्ये सबैभन्दा बढी बेरोजगार उल्लेख गर्ने उम्मेदवारको सङ्ख्या २०३ जना (७८.०८ प्रतिशत) रहेको देखिन्छ भने सबैभन्दा कम स्वरोजगार र अन्य पेशागत स्थिति रहेका उम्मेदवारको सङ्ख्या ३/३ जना (०.१५ प्रतिशत) रहेको देखिन्छ। त्यसैगरी सरकारी सेवामा रहेका उम्मेदवारको सङ्ख्या ४२ जना (१६.१५ प्रतिशत) र गैर सरकारी सेवामा रहेका उम्मेदवार ९ जना (३.४६ प्रतिशत) रहेका छन्। उक्त तथ्याङ्कलाई निम्नानुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ:-

चित्र नं. ४३

**सिफारिस भएका उम्मेदवारको रोजगारीको अवस्था**






तालिका नं. ५३

**उम्मेदवारहरूको वैवाहिक स्थिति अनुसार दरखास्त विवरण**

| क्र.सं. | वैवाहिक स्थिति | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | विवाहित | २२ | ३९ | ६१ | २३.४६ |
| २ | अविवाहित | ७५ | ११५ | १९० | ७३.०८ |
| ३ | एकल | ४ | ५ | ९ | ३.४६ |
| | **कुल जम्मा** | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा उम्मेदवारहरूको वैवाहिक स्थितिको तथ्याङ्क समेत प्रस्तुत गरिएको छ। कुल सिफारिस भएका २६० जना मध्ये सबैभन्दा बढी अविवाहित उम्मेदवार १९० (७३.०८ प्रतिशत) जना मध्ये महिलाको सङ्ख्या ७५ र पुरुषको सङ्ख्या ११५ रहेको छ। साथै एकल महिला ४ जना र पुरुष ५ जना गरी जम्मा ९ (३.४६ प्रतिशत) रहेको छ। जुन तथ्याङ्क तलको चित्रबाट प्रष्ट्याइएको छ:-

चित्र नं. ४४

**वैवाहिक स्थिति अनुसार उम्मेदवारको सिफारिसको अवस्था**




तालिका नं. ५४

**उम्मेदवारको बाबुको शैक्षिक योग्यता अनुसार सिफारिस विवरण**

| क्र.सं. | बाबुको शैक्षिक योग्यता | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उच्च शिक्षा | ९ | ११ | २० | ७.६९ |
| २ | उच्च माध्यमिक शिक्षा | ९ | ९ | १८ | ६.९२ |
| ३ | माध्यमिक शिक्षा | २२ | २५ | ४७ | १८.०८ |
| ४ | प्राथमिक शिक्षा | २७ | ४५ | ७२ | २७.६९ |
| ५ | सामान्य लेखपढ | ३४ | ६९ | १०३ | ३९.६२ |
| **कुल जम्मा** | | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका जम्मा २६० जना मध्ये सबैभन्दा बढी उम्मेदवारहरूको बाबुको शैक्षिक स्थिति सामान्य लेखपढ रहेको छ। उच्च शिक्षा हासिल गर्ने उम्मेदवारको बाबुको सङ्ख्या २० मात्र रहेको छ, जुन अत्यन्तै न्यून रहेको छ। उक्त तथ्याङ्कलाई निम्नानुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छः-

चित्र नं. ४५

**बाबुको शैक्षिक स्थिति अनुसारको दरखास्तको अवस्था**




तालिका नं. ५५

**उम्मेदवारको आमाको शैक्षिक योग्यता अनुसार सिफारिस विवरण**

| क्र.सं. | आमाको शैक्षिक योग्यता | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उच्च शिक्षा | ३ | ४ | ७ | २.६९ |
| २ | उच्च माध्यमिक शिक्षा | ४ | ३ | ७ | २.६९ |
| ३ | माध्यमिक शिक्षा | ११ | ९ | २० | ७.६९ |
| ४ | प्राथमिक शिक्षा | ३१ | ३६ | ६७ | २५.७७ |
| ५ | सामान्य लेखपढ | ५२ | १०७ | १५९ | ६१.१५ |
| **कुल जम्मा** | | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका जम्मा २६० जना मध्ये सबैभन्दा बढी उम्मेदवारहरूको आमाको शैक्षिक स्थिति सामान्य लेखपढ रहेको छ। उच्च शिक्षा हासिल गर्ने उम्मेदवारको आमाको सङ्ख्या ७ रहेको छ जुन अत्यन्तै न्यून रहेको छ। उक्त तथ्याङ्कलाई निम्नानुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छः-

चित्र नं. ४६

**आमाको शैक्षिक स्थिति अनुसारको दरखास्तको अवस्था**




तालिका नं. ५६

**उम्मेदवारको अभिभावकको पेशागत स्थिति अनुसारको पदपूर्ति विवरण**

| क्र.सं. | अभिभावकको मुख्य पेशा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ७० | ११८ | १८८ | ७२.३१ |
| २ | सरकारी सेवा (सार्वजनिक) | १३ | १५ | २८ | १०.७७ |
| ३ | व्यवसाय | ८ | ६ | १४ | ५.३८ |
| ४ | श्रम | ५ | १० | १५ | ५.७७ |
| ५ | अन्य | ५ | १० | १५ | ५.७७ |
| **कुल जम्मा** | | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका जम्मा २६० जना मध्ये सबैभन्दा बढी उम्मेदवारहरूको अभिभावकको मुख्य पेशा कृषि भएको तथ्याङ्कले देखाएको छ जुन कुल तथ्याङ्क मध्येको (७२.३१ प्रतिशत) १८८ जना हो। त्यसैगरी (१०.७७ प्रतिशत) २८ जना अभिभावक सरकारी सेवा (सार्वजनिक) तर्फ आवद्ध रहेको देखिन्छ। उक्त तथ्याङ्कलाई निम्नानुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छः-

चित्र नं. ४७

**अभिभावकको पेशागत स्थिति अनुसारको पदपूर्तिको अवस्था**




तालिका नं. ५७

**शारीरिक अवस्था अनुसार उम्मेदवारको सिफारिस विवरण**

| क्र.सं. | शारीरिक अवस्था | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अपाङ्ग आवेदक | १ | ३ | ४ | १.५४ |

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका २६० जना मध्ये महिला १ जना र पुरुष ३ जना गरी जम्मा ४ जना (१.५४ प्रतिशत) अपाङ्गता भएका उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्।

तालिका नं. ५८

**उम्मेदवारको शैक्षिक योग्यताको विषय अनुसारको सिफारिस विवरण**

| क्र.सं. | शैक्षिक योग्यताको सङ्काय | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | शिक्षाशास्त्र | २५ | ४३ | ६८ | २६.१५ |
| २. | इन्जिनियरिङ | ११ | २३ | ३४ | १३.०८ |
| ३. | वन विज्ञान | १० | १४ | २४ | ९.२३ |
| ४. | सामान्य चिकित्सा | ११ | १२ | २३ | ८.८५ |
| ५. | व्यवस्थापन | ७ | १० | १७ | ६.५४ |
| ६. | एस.एल.सी./एस.ई.ई. | ६ | ११ | १७ | ६.५४ |
| ७. | विज्ञान | ३ | ११ | १४ | ५.३८ |
| ८. | कृषि | ५ | ६ | ११ | ४.२३ |
| ९. | जनरल नर्सिङ | ७ | ० | ७ | २.६९ |
| १०. | कम्युनिटि नर्सिङ | ७ | ० | ७ | २.६९ |

| क्र.सं. | शैक्षिक योग्यताको सङ्काय | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| ११. | ल्याव टेक्नोलोजी | २ | ३ | ५ | १.९२ |
| १२. | आयुर्वेद | १ | ३ | ४ | १.५४ |
| १३. | एनेस्थेसिया | ० | ४ | ४ | १.५४ |
| १४. | मानविकी तथा सामाजिकशास्त्र | २ | १ | ३ | १.१५ |
| १५. | पब्लिक हेल्थ नर्सिङ | ३ | ० | ३ | १.१५ |
| १६. | अन्य | १ | २ | ३ | १.१५ |
| १७. | रेडियोग्राफी | ० | २ | २ | ०.७७ |
| १८. | गणित | ० | २ | २ | ०.७७ |
| १९. | फार्मेसी | ० | १ | १ | ०.३८ |
| २०. | कानून | ० | १ | १ | ०.३८ |
| २१. | पब्लिक हेल्थ | ० | १ | १ | ०.३८ |
| २२. | डेन्टल हाइजिनिष्ट | ० | १ | १ | ०.३८ |
| २३. | Orthopedic surgery | ० | १ | १ | ०.३८ |
| २४. | 8 Passed | ० | १ | १ | ०.३८ |
| २५. | MS General Surgery | ० | १ | १ | ०.३८ |
| २६. | Pediatric Medicine | ० | १ | १ | ०.३८ |
| २७. | चिकित्सा शास्त्राचार्य (MD) | ० | १ | १ | ०.३८ |
| २८. | पशु विज्ञान | ० | १ | १ | ०.३८ |
| २९. | तथ्याङ्कशास्त्र | ० | १ | १ | ०.३८ |
| ३०. | इतिहास तथा संस्कृति | ० | १ | १ | ०.३८ |
| **कुल जम्मा** | | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा सिफारिस भएका जम्मा २६० जना मध्ये सबैभन्दा बढी उम्मेदवारको शैक्षिक योग्यताको विषय शिक्षा ६८ (२६.१५ प्रतिशत) रहेको छ। त्यसैगरी दोस्रोमा इन्जिनियरिङ ३४ (१३.०८ प्रतिशत) रहेको छ। यो तथ्याङ्कलाई शैक्षिक संकायसँग सम्बन्धित पदहरूमा हुने कुल माग पदसङ्ख्याले प्रभाव पार्दछ। उक्त तथ्याङ्कलाई निम्नानुसारको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छः-

चित्र नं. ४८

**उम्मेदवारको शैक्षिक विषय अनुसारको पदपूर्तिको अवस्था**



तालिका नं. ५९

**उम्मेदवारको उमेर समूह अनुसारको सिफारिस विवरण**

| क्र.सं. | उमेर समूह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १८-२० वर्ष | १७ | २४ | ४१ | १५.७७ |
| २ | २१-२५ वर्ष | ५४ | ६८ | १२२ | ४६.९२ |
| ३ | २६-३० वर्ष | २२ | ४५ | ६७ | २५.७७ |
| ४ | ३१-३५ वर्ष | ७ | १७ | २४ | ९.२३ |
| ५ | ३६-४० वर्ष | १ | ४ | ५ | १.९२ |
| ६ | ४१-४५ वर्ष | ० | १ | १ | ०.३८ |
| **कुल जम्मा** | | **१०१** | **१५९** | **२६०** | **१००.००** |

आर्थिक वर्ष २०८२/०८३ मा कुल सिफारिस २६० जना मध्ये सबैभन्दा बढी  सिफारिस हुने १२२ (४६.९२ प्रतिशत) जना उम्मेदवारको उमेर समूह २१-२५ वर्ष बिचको रहेको छ, सो समूहका महिला तर्फ ५४ र पुरुष तर्फ ६८ रहेका छन्। अन्तर तह तर्फका विज्ञापनहरूमा सेवामा रहेका उम्मेदवारहरूलाई उमेर हद नलाग्ने हुँदा ३५ वर्षभन्दा माथिका उमेर समूहका १ जना पुरुष उम्मेदवार पनि सिफारिस भएका छन् । उक्त तथ्याङ्कलाई निम्नानुसारको चित्रमा प्रस्तुत गरिएको छ:-

चित्र नं. ४९

**उम्मेदवारको उमेर समूह अनुसारको सिफारिसको अवस्था**



तालिका नं. ६०

**वैकल्पिक उम्मेदवारको पदपूर्तिको सङ्ख्यात्मक विवरण**

| तह | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| अधिकृतस्तर एघारौं | - | - | - | |
| अधिकृतस्तर नवौं | - | २ | २ | |
| अधिकृतस्तर आठौं | - | - | - | |
| अधिकृतस्तर सातौं | - | - | - | |
| सहायकस्तर पाँचौं | ४ | ५ | ९ | |
| सहायकस्तर चौथो | ५ | ३ | ८ | |
| सहायकस्तर तेस्रो | २ | १० | १२ | |
| **जम्मा** | **११** | **२०** | **३१** | |

तालिका नं. ६१

**आयोग विरुद्ध मुद्दा परी अदालतको आदेशबाट रिट खारेज भई पदपूर्ति कार्य अगाडि बढाइएका विज्ञापनहरूको विवरण (अन्तर तह, खुला तथा समावेशी)**

| क्र. सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | कैफियत |
|---|---|---|---|---|---|
| **अधिकृतस्तर नवौं तह (आर्थिक वर्ष २०८१/०८२)** | | | | | |
| १ | ५२००३–५२००३/२०८१-८२ | अन्तर तह | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | |
| २ | ५२००४–५२००५/२०८१-८२ | खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, ईरिगेशन | |
| ३ | ५२००६–५२००६/२०८१-८२ | खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, जनरल | |
| ४ | ५२००७–५२००७/२०८१-८२ | खुला | डिभिजनल इन्जिनियर | प्रदेश इन्जिनियरिङ, सिभिल, हाईवे | |
| ५ | ५३००५–५३००५/२०८१-८२ | खुला | मुख्य पशु चिकित्सक | प्रदेश कृषि, भेटेरिनरी | |
| ६ | ५३००६–५३००६/२०८१-८२ | खुला | मुख्य पशु विकास अधिकृत | प्रदेश कृषि, ला.पो. एण्ड डे.डे. | |
| **अधिकृतस्तर आठौं (आर्थिक वर्ष २०८१/०८२)** | | | | | |
| १० | ५१०२७–५१०२९/२०८१-८२ | खुला समावेशी | आयुर्वेद चिकित्सक | प्रदेश स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | |
| ११ | ५१०३०–५१०३१/२०८१-८२ | खुला समावेशी | डेन्टल सर्जन | प्रदेश स्वास्थ्य, डेन्टिष्ट्री | |

| क्र. सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | कैफियत |
|---|---|---|---|---|---|
| **अधिकृतस्तर सातौं (आर्थिक वर्ष २०८१/०८२)** | | | | | |
| १२ | ५०००६–५०००६/२०८१-८२ | अन्तर तह | शाखा अधिकृत/लेखा अधिकृत | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | |
| १३ | ५०००७–५००१४/२०८१-८२ | खुला समावेशी | शाखा अधिकृत/लेखा अधिकृत | प्रदेश प्रशासन, सामान्य प्रशासन/लेखा | |
| १४ | ५००१५–५००१६/२०८१-८२ | खुला समावेशी | तथ्याङ्क अधिकृत | प्रदेश प्रशासन, तथ्याङ्क | |
| १५ | ५१०३२–५१०३२/२०८१-८२ | खुला | कम्युनिटी नर्सिङ अधिकृत | प्रदेश स्वास्थ्य, कम्युनिटी नर्सिङ | |
| १६ | ५१०३३–५१०३३/२०८१-८२ | अन्तर तह | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | |
| १७ | ५१०३४–५१०३६/२०८१-८२ | खुला समावेशी | इन्टोमोलोजिष्ट/जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य, हेल्थ ईन्स्पेक्सन | |
| १८ | ५१०३७–५१०३७/२०८१-८२ | खुला | मेडिकल रेकर्ड अधिकृत | प्रदेश स्वास्थ्य, मेडिकल रेकर्ड | |
| १९ | ५१०३८–५१०३८/२०८१-८२ | खुला | फार्मेसी अधिकृत | प्रदेश स्वास्थ्य, फार्मेसी | |
| २० | ५१०३९–५१०३९/२०८१-८२ | खुला | बायोमेडिकल इन्जिनियर | प्रदेश स्वास्थ्य, बायोमेडिकल इन्जिनियरिङ | |
| २१ | ५१०४०–५१०४०/२०८१-८२ | खुला | रेडियोग्राफी टेक्नोलोजिष्ट | प्रदेश स्वास्थ्य, रेडियोग्राफी | |
| २२ | ५२००८–५२००८/२०८१-८२ | खुला | हाइड्रोजियोलोजिष्ट/इन्जिनियर | प्रदेश इन्जिनियरिङ, जियोलोजी, हाइड्रोजियोलोजी | |
| २३ | ५२००९–५२००९/२०८१-८२ | खुला | नापी अधिकृत | प्रदेश इन्जिनियरिङ, सर्भे | |
| २४ | ५३००७–५३००७/२०८१-८२ | अन्तर तह | बाली विकास अधिकृत/कृषि अर्थ अधिकृत | प्रदेश कृषि, कृषि (एकीकृत) | |
| २५ | ५३००८–५३०१०/२०८१-८२ | खुला समावेशी | कृषि प्रसार/बागवानी विकास/बाली संरक्षण/बाली विकास/कृषि अर्थ/माटो विज्ञान अधिकृत | प्रदेश कृषि, कृषि (एकीकृत) | |
| २६ | ५३०११–५३०११/२०८१-८२ | खुला | मत्स्य विकास अधिकृत | प्रदेश कृषि, मत्स्य विकास | |
| २७ | ५३०१२–५३०१२/२०८१-८२ | खुला | पशु विकास अधिकृत | प्रदेश कृषि, ला.पो.डे.डे. | |

| क्र. सं. | विज्ञापन नं. | किसिम | पद | सेवा, समूह, उपसमूह | कैफियत |
|---|---|---|---|---|---|
| २८ | ५३०१३–५३०१३/२०८१-८२ | अन्तर तह | पशु चिकित्सक | प्रदेश कृषि, भेटेरिनरी | |
| २९ | ५३०१४–५३०१५/२०८१-८२ | खुला समावेशी | पशु चिकित्सक | प्रदेश कृषि, भेटेरिनरी | |
| ३० | ५४००५–५४००५/२०८१-८२ | अन्तर तह | वन अधिकृत | प्रदेश वन, जनरल फरेष्ट्री | |
| ३१ | ५४००६–५४०१३/२०८१-८२ | खुला समावेशी | वन अधिकृत/भू-संरक्षण अधिकृत/तालिम तथा अनुसन्धान अधिकृत | प्रदेश वन, ज.फ./स्वा एण्ड वा.क./फ.रि. | |
| ३२ | ५५००३–५५००४/२०८१-८२ | खुला समावेशी | शिक्षा अधिकृत | प्रदेश शिक्षा, शिक्षा प्रशासन | |
| ३३ | ५५००५–५५००५/२०८१-८२ | खुला | पुरातत्व अधिकृत | प्रदेश शिक्षा, पुरातत्व | |
| **आर्थिक वर्ष २०७७/०७८ मा विज्ञापन प्रकाशन भएका अधिकृतस्तर आठौं र सातौं तहका पदहरू** | | | | | |
| १ | ५१००१–५१००७/२०७७–७८ | खुला तथा समावेशी | मेडिकल अधिकृत | स्वास्थ्य, जनरल हेल्थ सर्भिसेस | |
| २ | ५१००८–५१०११/२०७७–७८ | खुला तथा समावेशी | नर्सिङ अधिकृत | स्वास्थ्य, जनरल नर्सिङ | |
| ३ | ५१०१२–५१०१३/२०७७–७८ | खुला तथा समावेशी | फिजियोथेरापिष्ट | स्वास्थ्य, फिजियोथेरापी | |
| ४ | ५१०१४–५१०१६/२०७७–७८ | खुला तथा समावेशी | मेडिकल ल्याब टेक्नोलोजिष्ट | स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी | |
| ५ | ५२००१–५२००४/२०७७–७८ | खुला तथा समावेशी | इन्जिनियर | इञ्जिनियरिङ, सिभिल, हाइवे | |
| ६ | ५२००५–५२००७/२०७७–७८ | खुला तथा समावेशी | इन्जिनियर | इञ्जिनियरिङ, सिभिल, जनरल | |
| ७ | ५२००८–५२०११/२०७७–७८ | खुला तथा समावेशी | इन्जिनियर | इञ्जिनियरिङ, सिभिल, इरिगेशन | |
| ८ | ५२०१२–५२०१३/२०७७–७८ | खुला तथा समावेशी | इन्जिनियर | इञ्जिनियरिङ, सिभिल, हाइड्रोपावर | |
| ९ | ५२०१४–५२०१४/२०७७–७८ | खुला | इन्जिनियर | इञ्जिनियरिङ, सिभिल, स्यानिटरी | |
| १० | ५२०१५–५२०१९/२०७७–७८ | खुला तथा समावेशी | इन्जिनियर | इञ्जिनियरिङ, सिभिल, वि. एण्ड आ. | |
| ११ | ५२०२०–५२०२२/२०७७–७८ | खुला तथा समावेशी | मेकानिकल इन्जिनियर | इञ्जिनियरिङ, मेकानिकल, जनरल मेकानिकल | |

आर्थिक वर्ष २०८२/०८३ मा सम्मानित सर्वोच्च अदालतबाट उल्लिखित अधिकृतस्तर नवौं, आठौं र सातौं तहका विभिन्न पदहरूको रिट खारेज भए पश्चात् पदपूर्तिका लागि आवश्यक कार्य अगाडि बढाइएको छ।

परिच्छेद ४

# प्रशासनिक तथा आर्थिक अवस्था

## ४.१ बैठक तथा निर्णयहरू

आर्थिक वर्ष २०८२/०८३ मा आयोगको ४१ पटक बैठक बसी ५५ वटा निर्णय भएका छन्। आयोगका विषयगत निर्णयहरूको विवरण निम्नानुसार रहेको छ:-

तालिका नं. ६२

**आयोगका निर्णयहरूको विस्तृत विवरण**

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १ | २२६ | २०८२/०४/०१ | शैक्षिक योग्यताको विषयमा पेश हुन आएको निवेदन उपर कारवाही | प्रदेश स्वास्थ्य सेवा, डेन्टिष्ट्री समूह, जनरल डेन्टल उपसमूह, सहायकस्तर पाँचौं तहको डेन्टल हाइजिनिष्ट पदमा उम्मेदवार हुन आवश्यक न्यूनतम शैक्षिक योग्यताका सन्दर्भमा निवेदन पेश हुन आएकोमा माथिल्लो तहको शैक्षिक योग्यता पुगेको उम्मेदवारले तल्लो तहको पदमा समेत उम्मेदवार हुन पाउने आयोगको यस अघि नजीरलाई निरन्तरता दिएको |
| २ | २२७ | २०८२/०४/२० | अधिकृतस्तर सातौं तहका बढुवा फायलहरु बढुवा समितिको सचिवालयमा पठाउने | आर्थिक वर्ष२०८१/८२ मा अधिकृतस्तर सातौं तहका प्राविधिक तथा अप्राविधिक पदको कार्यक्षमताको मूल्याङ्कन एवं जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवाको लागि आयोगमा संकलन भएका दरखास्त अदालतमा मुद्धा दायर भई यथास्थितिमा राख्ने अल्पकालिन अन्तरिम आदेश भएकाले आयोगको मिति २०८१/०७/३० गतेको निर्णयबाट यथास्थितिमा राखिएकोमा निवेदकले निवेदन फिर्ता गरेकाले सोही बमोजिमको सर्वोच्च अदालतबाट लेखि आएकाले संकलन गरिएका बढुवा सम्बन्धी फायलहरु बढुवा समितिमा पठाउने। |
| | | | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको पत्रका सम्बन्धमा। | प्रदेश तथा स्थानीय निजामती सेवा ऐन जारी नभईसकेको अवस्थामा निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० बमोजिम प्रकाशित विज्ञापनको आधारमा उम्मेदवार बनी सिफारिस गरिएका कर्मचारीको सेवा शर्त सोही ऐन बमोजिम हुने भएकाले समान तहमा परीक्षा दिने व्यवस्था गरिएको जानकारी आयोगलाई दिने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | आयोगको छैठौं स्थापना दिवस मनाउने सम्बन्धमा। | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको छैठौं स्थापना दिवस लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिवलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी मिति २०८२/०४/२८ गते मनाउने। |
| ३ | २२८ | २०८२/०४/२३ | धन्यबाद ज्ञापन गर्ने | २०७६ साल श्रावण २२ गते नियुक्ति भई हाल सम्म यस प्रदेश लोक सेवा आयोगमा योगदान पुर्याउनु भएका अध्यक्ष श्री डिलाराम भट्टराईलाई धन्यबाद ज्ञापन गर्ने। |
| | | | कार्यबाहक अध्यक्ष सम्बन्धमा | अध्यक्ष डिलाराम भट्टराई पदावधि पुरा भए संगै वरिष्ठतम सदस्य मा.बावुराम गौतमले कार्यबाहक अध्यक्ष भई कार्य गर्ने |
| | | | कार्य विभाजन सम्बन्धमा। | कार्यवाहक अध्यक्ष मा.बाबुराम गौतमले अन्तर्वार्ता सम्बन्धी कार्य र प्रश्नपत्र मोडरेशन तथा नतिजा प्रकाशन र सिफारिस सम्बन्धी कार्य मा.सदस्य डिम्पल गुरुङले गर्ने गरी कार्य विभाजन गर्ने। |
| ४ | २२९ | २०८२/०५/१९ | आयोगको छैठौं वार्षिक प्रतिवेदन स्वीकृत गरी मा.प्रदेश प्रमुख समक्ष पेश गर्ने। | २०८२।०४।०१ को मा.सदस्यस्तर निर्णय अनुसार २०८१/०८२ को बर्षिक प्रतिवेदन तयारी कार्यदललाई दिएको जिम्मेवारी बमोजिम आयोग समक्ष पेश हुन आएका छैटौ बार्षिक प्रतिवेदन तयार गरी स्विकृत गर्ने, प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४३ बमोजिम मिति २०८२।०५।२३ गते माननीय प्रदेश प्रमुख समक्ष छैटौ बार्षिक प्रतिवेदन पेश गर्ने। |
| | | | प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका २०७६ को अनुसुची संशोधन सम्बन्धमा | प्रदेश निजामती सेवा ऐन २०८० र स्थानीय निजामती सेवा ऐन २०८१ बमोजिम (कार्यसञ्चालन) निर्देशिकाको अनुसूची १ र २ संशोधन गरिएको। |
| ५ | २३० | २०८२।०५।२३ | चौथो, पाँचौ, नवौ र एघारौ तहको पाठ्यक्रम सम्बन्धमा। | प्रदेश र स्थानीय निजामती सेवा अन्तर्गत इन्जिनियरिङ्ग, कृषी, वन स्वास्थ्य सेवा तर्फका पदपूर्तीका लागि प्रथम र द्वितिय पत्र को परिक्षा एकै साथ सम्पन्न गर्ने गरी उल्लेखित सेवा र तहका पाठ्यक्रमहरुको द्रष्टव्य खण्ड परिमार्जन गर्ने साथै पाठ्यक्रम निर्माण समितिले सिफारिस गरेका नवौं तहका विभिन्न सेवा समुहका द्वितिय पत्रको परिमार्जित पाठ्यक्रमलाई स्वीकृत गर्ने एवं प्रदेश र स्थानीय निजामती सेवा अन्तर्गत प्रशासन सेवाका एघारौ तहको पाठ्यक्रमको राय परामर्श माग गर्ने। |
| | | | विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा। | यस आयोगको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक कार्यतालिका बमोजिम माग भई आएका आठौं नवौं एघारौं तहका पदहरुको नियमानुसार प्रतिशत निर्धारण गरी पदपूर्तीका लागि विज्ञापन प्रकाशन गर्ने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| ६ | २३१ | २०८२/०५/३० | विज्ञापन प्रकाशन सम्बन्धमा। | आयोगको बार्षिक स्विकृत कार्यक्रमहरु मध्ये २०८२ भाद्र महिनामा प्रकाशन गर्नु पर्ने अधिकृतस्तर एघारौं, नवौं र आठौं तहको विज्ञापन २०८२ आश्विन २४ मा प्रकाशन गर्ने । |
| ७ | २३२ | २०८२/०६/०५ | वन रक्षक पदको स्थगित अन्तर्वार्ताको मिति तोक्ने । | आयोगको मिति २०८२।०५।२७ गतेको निर्णय बमोजिम स्थगित भएको प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, सहायक स्तर तेश्रो तह,वन रक्षक पदको अन्तर्वार्ता कार्यक्रम मिति २०८२।०६।२२ गते देखी सञ्चालन गर्ने। |
| ८ | २३३ | २०८२/०६/२१ | कार्यतालिका संशोधन सम्बन्धमा। | लुम्बिनी प्रदेश सरकारको निर्णयबाट अनुरोध भई आएका प्रदेश निजामती सेवा का अधिकृतस्तर एघारौं, नवौं, आठौं र सातौं तहका पदहरुको विज्ञापन मंसिर महिनाको अन्तिम शुक्रबार गर्ने गरी अन्य तहका पदहरुको समेत सूचना प्रकाशनका लागि बार्षिक कार्यतालिका संशोधन गर्ने साथै प्रदेश र स्थानीय निजामती सेवाका समान पाठ्यक्रम भएका पदहरुको पदपूर्ति कार्यक्रम एकै समयमा सञ्चालन गर्ने गरी कार्यतालिका प्रकाशन गर्ने। |
| ९ | २३४ | २०८२/०६/२६ | पाठ्यक्रम निर्माण समितिको संयोजक तोक्ने सम्बन्धमा । | प्रदेश लोक सेवा आयोग नियमावली २०७७ को नियम ६ को उपनियम (५) बमोजिम पाठ्यक्रम निर्माण समितिको संयोजकमा मा.सदस्य डिम्पल गुरुङलाई तोक्ने। |
| | | | प्रदेश लोक सेवा आयोगको प्रवक्ता तोक्ने सम्बन्धमा। | प्रदेश सुशासन ऐन २०७६ को दफा ३९ को उपदफा (१) बमोजिमको कार्यका लागि उपसचिव श्री राजेन्द्र प्रसाद पन्थीलाई प्रवक्ता तोक्ने। |
| १० | २३५ | २०८२/०६/२८ | प्रश्नपत्र बैंकमा रहेका प्रश्नपत्रहरु सम्बन्धमा। | प्रदेश र स्थानीय निजामती सेवा अन्तर्गत पाँचौ तथा चौथो तहका विभिन्न सेवा समूहका पदहरुको पाठ्यक्रम अद्यावधिक गरिएकाले आर्थिक वर्ष २०८०।०८१ सो भन्दा अघिल्लो आर्थिक वर्ष मा निर्माण तथा परिमार्जन गरी प्रश्नपत्र बैंकमा रहेका उल्लेखित तहका सिलवन्दी खाममा रहेका प्रश्नपत्रहरु मुचुल्का उठाई आयोगका सचिवको रोहवरमा नस्ट गर्ने। |
| ११ | २३६ | २०८२/०९/२४ | नवौ तहका पदहरुको बढुवा विज्ञापन यथास्थितिमा राख्ने सम्बन्धमा। | सम्मानित उच्च अदालत तुलसीपुर बुटवल इजलास बाट यस आइगको नाममा भएको आदेश बमोजिम नबौ तहका स्थानीय प्रशासन सेवा, स्थानीय इन्जिनियरिङ्ग सेवा उप सचिव/उपनिर्देशक पद र डिभिजनल इन्जिनियर पदको जेष्ठता कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापन सम्बन्धी काम कारबाही यथास्थितिमा राखी बाँकी कारबाही अगाडी नबढाउनु भनी यस आयोगको नाममा जारी भएको उत्प्रेषण परमादेश अन्तरिम आदेशको कार्यान्वयनका लागि उक्त बढुवा सूचनाको विज्ञापन सम्बन्धी दरखास्त संकलन लगायतको कुनै पनि कारबाही अगाडी नबढाई यथास्थसतिमा राख्ने। |
| १२ | २३७ | २०८२/०९/२४ | प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवाका पदहरुको विज्ञापन गर्ने सम्बन्धमा। | प्रदेश निजामती सेवा ,स्थानीय निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूहका पाँचौ तहका पदपूर्तिका लागि नियमानुसार प्रतिशत निर्धारण गरी मिति २०८२।०९।२५ गते विज्ञापन प्रकाशन गर्ने। |
| | | | प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०७७ अनुसूची १ मा संशोधन गर्ने सम्बन्धमा। | प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०७७ अनुसूची १(१) मा रहेका प्रदेश निजामती सेवा ऐन, २०८० भन्ने शब्द पछि र स्थानीय निजामती सेवा ऐन,२०८१ भन्ने शब्दहरु थप गर्ने। |
| | | | प्रतिशत निर्धारण गर्ने सम्बन्धमा। | प्रदेश र स्थानीय निजामती सेवा ऐन बमोजिम प्रदेश र स्थानीय तहका बिभिन्न सेवा समूहका सातौं तथा पाँचौ तहका पदको पद पूर्तिका लागि खुला ,अन्तरतह,कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि क्रमस ६५,१०,१०र १५ प्रतिशत निर्धारण गर्नका लागि निर्देशिकाको अनुसूची १ को खण्ड १.४ उपखण्ड (ख) कव तालिकालाई संशोधन गर्ने। |
| १३ | २३८ | २०८२/०९/२५ | रोकिएको विज्ञापन सुचारु गर्ने सम्बन्धमा। | सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम यथास्थितिमा राखिएका प्रदेश इन्जिनियरिङ्ग र कृषि सेवाका नवौं तहका परिक्षा सञ्चालन गर्न १५ दिने सूचना प्रकाशन गरी कामकारबाही अगाडी बढाउने । |
| | | | बढुवा उजुरी निवेदन फिर्ता सम्बन्धमा। | प्रदेश स्वास्थ्य सेवा,हेल्थ इन्स्पेक्सन समूह,जनस्वास्थ्य अधिकृत सातौ तहको बढुवा सूचना बिरुद्ध यस आयोगमा उजुरी गर्ने कर्मचारीले उजुरी फिर्ताको निवेदन दिई सनाखत गरेको हुदा सोको जानकारी बढुवा समितिमा पठाउने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १४ | २३९ | २०८२/१०/०६ | एघारौ तहका पदहरुको बढुवा प्रक्रिया यथास्थितिमा राख्ने सम्बन्धमा। | सम्मानित सर्बोच्च अदालतको आदेश बमोजिम प्रदेश कृषि सेवा एघारौ तह सहसचिव (प्राविधिक) /महानिर्देशक पदको बढुवा प्रक्रिया यथास्थितिमा राख्ने। |
| १५ | २४० | २०८२।१०।०७ | प्रदेश तथा स्थानीय निजामती सेवा अन्तर्गतका बिभिन्न सेवा समूह र तहका पाठ्यक्रम सम्बन्धमा। । | पाठ्यक्रम निर्माण समितिबाट तयार भई यस आयोग समक्ष सिफारिस भई आएका प्रदेश तथा स्थानीय निजामती सेवा अन्तर्गतका स्वास्थ्य, प्रशासन, शिक्षा र इन्जिनियरिङ सेवाका एघारौ देखी पाँचौं तह सम्मका प्रतियोगितात्मक परिक्षाका पाठ्यक्रम सेवा सञ्चालन गर्ने मन्त्रालय र स्थानीय तहमा पठाउने साथै उक्त पाठ्यक्रमलाई आयोगको वेव साइडमा राखी एक हप्ता भित्र सझाव संकलन गर्ने। |
| १६ | २४१ | २०८२/१०/१२ | आयोगका पदाधिकारीहरुको कार्य विभाजन सम्बन्धमा। | प्रदेश लोक सेवा आयोगमा रिक्त पदाधिकारीहरुको मिति २०८२/०९/२४ गते नियुक्ति भई पदाधिकार हुनु भएको हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ बमोजिम देहाय बमोजिम कार्य विभाजन गरी कार्यान्वयन गर्ने।<br>**मा. अध्यक्षको कार्य जिम्मेवारी**<br>➢ आयोगको प्रशासन र व्यवस्थापन<br>➢ प्रश्नपत्र मोडरेशन<br>➢ सामूहिक छलफल<br>➢ अन्तर्वार्ता, अन्तिम नतिजा प्रकाशन र सिफारिस<br>➢ अनुगमन, मूल्याङ्कन तथा निरीक्षण<br>➢ आन्तरिक समन्वय तथा अन्य आइपर्ने विविध विषयहरु।<br>**मा. सदस्य डिम्पल गुरुङको कार्य जिम्मेवारी**<br>➢ नीति नियम तर्जुमा<br>➢ पाठ्यक्रम निर्माण, मूल्याङ्कन र परीक्षण प्रविधि<br>➢ दरखास्त व्यवस्थापन<br>➢ रिक्त पदको माग संकलन र पदपूर्तिको लागि प्रतिशत निर्धारण<br>➢ सूचना प्रविधि, प्रकाशन/प्रसारण |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | ➢ उत्तरपुस्तिका परीक्षण र लिखित नतिजा तयारी<br>➢ उजुरी तथा विभागीय सजाय सम्बन्धी परामर्श<br>➢ अनुगमन, मूल्याङ्कन तथा निरीक्षण<br>**मा.सदस्य तारा प्रसाद भुसालको कार्य जिम्मेवारी**<br>➢ योजना तथा समन्वय<br>➢ कच्चा प्रश्नपत्र निर्माण<br>➢ लिखित परीक्षा संचालन तथा व्यवस्थापन<br>➢ लिखित परीक्षा नतिजा प्रकाशन<br>➢ प्रयोगात्मक परीक्षा/सीप परीक्षण<br>➢ वार्षिक प्रतिवेदन तयारी<br>➢ अनुगमन, मूल्याङ्कन तथा निरीक्षण |
| १७ | २४२ | २०८२/१०/१५ | पाठ्यक्रम स्वीकृति सम्बन्धमा। | पाठ्यक्रम निर्माण समितिबाट तयार भई लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट प्राप्त सुझावलाई समावेश गरी पेश भएको प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, विज्ञान उप-समूहका अधिकृत स्तर सातौं तह प्रशिक्षक पदको तृतीय पत्रको खुला र अन्तर तह प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रमलाई स्वीकृत गरी आयोग वेवसाइटबाट सार्वजनीकरण गर्ने। |
| १८ | २४३ | २०८२/१०/१५ | स्थानीय निजामती सेवा, नवौं तह डिभिजनल इन्जिनियर पदको पाठ्यक्रम सम्बन्धमा। | प्रदेश तथा स्थानीय निजामती सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अन्तर्गतका इरिगेशन, जनरल, विल्डिङ्ग एण्ड आर्किट्क्ट, हाइवे र स्यानिटरी उपसमूहका अधिकृत स्तर नवौं तहका पदको खुला, आन्तरिक र अन्तरतह प्रतियोगितात्मक परीक्षाको लागि प्रकाशित पाठ्यक्रमको परीक्षा योजना र प्रथम पत्रको पाठ्यक्रम तथा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवा, सिभिल समूह अन्तर्गतको जनरल उपसमूह अधिकृत स्तर नवौं तहका पदको खुला, आन्तरिक र अन्तरतह प्रतियोगितान्मक परीक्षाको लागि प्रकाशित पाठ्यक्रमको दोस्रो पत्रको शिर्षक खण्डलाई संशोधन गरी आयोगको वेवसाइटमा प्रकाशन गर्ने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| १९ | २४४ | २०८२/१०/१५ | सहायकस्तर चौथो तहको विज्ञापनका लागि पद संख्या एकिन गर्ने सम्बन्धमा। | स्थानीय निजामती सेवा ऐन जारी भए पश्चात गरिने विज्ञापन भएकाले यस भन्दा पहिले बढुवाका लागि सुरक्षित गरिएका पदहरुलाई शुन्य कायम हुने गरी सहायक स्तर चौथो तह (प्राबिधिक/अप्राबिधिक) पदहरुको पदपूर्ती प्रस्तावमा लेखिए बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने। |
| २० | २४५ | २०८२/१०/२० | प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत विभिन्न सेवका एघारौं, नवौं, सातौं र पाँचौं तहका विभिन्न पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा। | पाठ्यक्रम निर्माण समितिबाट तयार भई लुम्बिनी प्रदेश सरकार अन्तर्गत सेवा सञ्चालन गर्ने विषयगत मन्त्रालय र स्थानीय तहबाट प्राप्त राय परामर्शलाई समावेश गरी देहाय बमोजिमका प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत विभिन्न सेवाका पदको पाठ्यक्रम स्वीकृत गरी सम्बन्धित सर्वसाधारण सबैको जानकारीका लागि आयोगको वेवसाइटमा राख्ने।<br>➢ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश स्वास्थ्य सेवा, सबै उपसमूह, एघारौं तहको अन्तर तह प्रतियोगितात्मक परीक्षाको प्रथम पत्रको पाठ्यक्रम र प्रदेश निजामती सेवा अन्तर्गत स्वास्थ्य सेवा, मेडिकल जनरलिष्ट समूह एघारौं तह वा सो सरहका पदको अन्तर तह प्रतियोगितात्मक परीक्षाको दोस्रो पत्रको पाठ्यक्रम।<br>➢ प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत स्वास्थ्य सेवा, जनरल हेल्थ सर्मिसेज समूह, अधिकृत स्तर नवौं तह मेडिकल सुपरिटेन्डेण्ट वा सो सरहका पदको खुला तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको दोस्रो पत्रको पाठ्यक्रम।<br>➢ स्थानीय निजामती सेवा अन्तर्गतका स्थानीय प्रशासन सेवा, कानून समूह अप्राविधिक तर्फ अधिकृतस्तर सातौं तह, कानून अधिकृत पदकको खुला तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम।<br>➢ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, शारीरिक शिक्षा उप-समूह अधिकृत स्तर सातौं तह प्रशिक्षक पदको खुला तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको तृतीय पत्रको पाठ्यक्रम।<br>➢ प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश इन्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह, जनरल इलेक्ट्रिकल उप-समूह, पाँचौं तह सव इन्जिनियर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| २१ | २४६ | २०८२/१०/२० | प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूचि-१ को १.२ खण्ड (घ) बमोजिमको तालिका संशोधन गर्ने सम्बन्धमा। | प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूचि-१ को १.२ खण्ड (ग) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि छुट्याउने पद मध्ये प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११ को उपदफा (१) अनुसार र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १२ को उपदफा (१) अनुसार ४९ प्रतिशतबाट हुने समावेशी तर्फका पद र ५१ प्रतिशतमा सबै उम्मेदवारहरु बीच खुला प्रतिस्पर्धाका लागि पदसंख्या (प्रतिशत) निर्धारण गर्ने सूत्र र सो अनुसार प्रतिशत निर्धारण गर्दा कायम हुन आउने खण्ड घ को पदसंख्या तालिका २० पदका लागि कायम भएको  र सो अनुसार प्रतिशत निर्धारण गर्दा २० पद भन्दा बढिका पदका लागि उक्त तालिका अनुसार गरिने पद संख्या निर्धारण गर्दा र तोकिएको प्रतिशत अनुसार गरिने पद संख्या निर्धारण फरक पर्न गएको हुँदा प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूचि-१ को १.२ खण्ड (घ) को तालिकालाई संशोधन गरी १०० पद सम्म संशोधित तालिका बमोजिम कायम गर्ने र १०१ औं पद देखि पुनः गणना गर्ने गरी तालिका कायम गर्ने। |
| २२ | २४७ | २०८२/१०/२६ | प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत विभिन्न सेवाका पाँचौं र चौथो तहका पदको पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा। | पाठ्यक्रम निर्माण समितिबाट तयार भई लुम्बिनी प्रदेश सरकार अन्तर्गत सेवा सञ्चालन गर्ने विषयगत मन्त्रालय र स्थानीय तहबाट प्राप्त राय परामर्शलाई समावेश गरी देहाय बमोजिमका प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत विभिन्न सेवाका पदको पाठ्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने र निर्माण भएका पाठ्यक्रमहरु सम्बन्धित सर्वसाधारण सबैको जानकारीका लागि आयोगको वेवसाइटमा राख्ने।<br>क) प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवा, सर्भे समूह पाँचौं तह सर्भेक्षक पदको खुला तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने।<br>ख) स्थानीय निजामती सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवा, सर्भे समूह चौथो तह अमिन पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने।<br>ग) प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत कृषि सेवा, कृषि प्रसार, माटो विज्ञान, एग्री.इको.एण्ड मार्केटिङ, बागवानी, बाली संरक्षण र बाली विकास समूह, सहायक स्तर चौथो तहको पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | घ) प्रदेश निजामती सेवा तथा स्थानीय निजामती सेवा अन्तर्गत कृषि सेवा, मत्स्य, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, सहायक स्तर चौथो तहका पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने । |
| २३ | २४८ | २०८२/११/०४ | विभिन्न सेवा, समूहहरुका पदको विज्ञापन रद्ध/ संशोधन | यस आयोगको वार्षिक स्वीकृत कार्यतालिका बमोजिम चालु आर्थिक वर्ष मा प्रदेश र स्थानीय निजामती सेवा अन्तर्गतका बिभिन्न सेवा समूह र तहका पदमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन भएकोमा प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा १९ ले प्रकाशन गरेको विज्ञापन रद्ध वा संशोधन गर्न दिइएको प्रावधान बमोजिम सत्यवती गाउँपालिका,गुल्मी बाट माग भई आएको मेडिकल अधिकृत ( आठौ तह) पद संख्या १ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मेडिकल अधिकृत कामकाजमा खटाइएको हुदा उक्त पद विज्ञापन नं. ५१०१८/०८२-०८३ (स्थानीय स्वास्थ्य/ जनरल हेल्थ सर्भिसेज) बाट घटाई पद संख्या ३ कायम गर्ने , ठाकुरबाबा नगरपालिका,बर्दियाबाट पशु स्वास्थ्य प्राविधिक (सहायक स्तर पाँचौ तह ) पद संख्या १ माग भएकोमा उक्त पदमा सरुवा भई कामकाज गरिरहेको हुदा विज्ञापन नं. ५३०२९/०८२-०८३ (स्थानीय कृषि /भेटेरिनरी) बाट पद संख्या १ घटाई पद संख्या ५ कायम गर्ने,कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशबाट पशु स्वास्थ्य प्राविधिक सहायक चौथो तहका लागि माग पद संख्या २ मध्ये माग संशोधन गरी १ पद कायम गर्न लेखिआएकाले विज्ञापन नं. ५३०४२/०८२-०८३( प्रदेश कृषि/ भेटेरिनरी) पद संख्या १ रद्ध गर्ने साथै सोही मन्त्रालयबाट पशु सेवा प्राविधिक सहायक चौथो तहका लागि पद संख्या ३ माग भई आएकोमा पद संख्या शुन्य कामय गर्न लेखि आएकाले बढुवा सूचना १७९/०८२-०८३ कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको १ पद रद्ध गर्ने, विज्ञापन नं. ५३०३५/०८२-०८३ (प्रदेश कृषि / ला.पो.डे.डे.) खुला तर्फ १ माग पद संख्या रद्ध गर्ने, विज्ञापन नं. ५३०४२/०८२-०८३ (प्रदेश कृषि / ला.पो.डे.डे.) आ.ज. महिला तर्फ १ पद रद्ध गर्ने र विज्ञापन नं. ५३०४४/०८२-०८३( प्रदेश कृषि /बाली विकास ) पद संख्या १ लाई प्रदेश कृषि / माटो विज्ञान समूह कायम गर्ने। । |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| २४ | २४९ | २०८२/११/०५ | उत्तरपुस्तिका पुनः परीक्षण गर्ने सम्बन्धमा। | यस आयोगबाट सञ्चालित अधिकृत स्तर नवौं तहको परीक्षामा सम्मिलित उत्तरपुस्तिका दुई जना विज्ञ परीक्षकबाट परिक्षण गराउने प्रावधान बमोजिम उत्तपुस्तिका परीक्षण गराउदा केही उत्तरपुस्तिकामा दुई विज्ञबाट प्रदान गरिएको अंक अस्वभाविक अन्तर देखिएकाले प्रदेश लोक सेवा आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०७७ को परिच्छेद-८ बमोजिम उक्त अस्वभाविक अंक अन्तर भएका उत्तरपुस्तिकाहरु तेश्रो विज्ञबाट पुनः परीक्षण गराउने। |
| २५ | २५० | २०८२/१२/०६ | प्रदेश तथा निजामती सेवा अन्तर्गत अधिकृत सातौं तहका वातावरण निरीक्षक/वातावरण इन्जिनियर पदको खुला र अन्तर तह प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम स्वीकृति सम्बन्धमा। | पाठ्यक्रम निर्माण समितिबाट तयार भएका प्रदेश निजामती सेवा अन्तर्गत (प्रदेश वन सेवा, वातावरण समूह) र स्थानीय निजामती सेवा अन्तर्गत (स्थानीय प्रशासन सेवा, विविध समूह) अधिकृत सातौं तहको वातावरण निरीक्षक/वातावरण इन्जिनियर पदको खुला र अन्तरतह प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रमहरु लुम्बिनी प्रदेश सरकार अन्तर्गत सेवा सञ्चालन गर्ने विषयगत मन्त्रालय र स्थानीय तह (बुटवल उपमहानगरपालिका) मा पठाई सात दिन भित्र राय परामर्श दिन अनुरोध गर्ने साथै तयार भएको सो पाठ्यक्रमलाई आयोगको वेबसाइटमा राखी ७ दिनभित्र सम्बन्धित सरोकारवालाहरूबाट सुझाव संकलन गर्ने |
| २६ | २५१ | २०८२/१२/०६ | आर्थिक वर्ष २०७७/७८ को स्थगित विज्ञापनहरुको पदपूर्ति कार्यक्रम पुनः सञ्चालन गर्ने सम्बन्धमा। | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशद्वारा आर्थिक वर्ष २०७७/०७८ मा प्रकाशित सूचना नं. ०१/२०७७-०७८ अनुसार अधिकृतस्तर आठौं र सातौं तहका स्वास्थ्य तथा इन्जिनियरिङ्ग सेवाका रिक्त पदहरूको पदपूर्ति प्रक्रिया सर्वोच्च अदालतको अन्तरकालीन आदेश बमोजिम स्थगन गरिएकोमा, उक्त रिट निवेदन खारेज भई फैसलाको पूर्ण पाठ प्राप्त भएकाले स्थगित पदपूर्ति प्रक्रियालाई अगाडि बढाउन हाल मौजुदा अनलाइन प्रणाली (Online Recruitment System) मार्फत नामावली प्रकाशन गरी, कागजात अद्यावधिकका लागि २१ दिनको म्याद भित्र आवेदकलाई, पुनः आवश्यक कागजात पेश गर्न लगाउने साथै उक्त कार्य सम्पन्न गर्नका लागि देहायका काम कारवाही अगाडि बढाउने:<br>१) तत्कालीन समयमा अनलाइन मार्फत र कार्यालयमा आई दरखास्त पेश गरी राजस्व समेत बुझाएका कार्यालयको रेकर्ड अनुसार ९,८१८ दरखास्त दिएका उम्मेदवारहरूको नामावली आयोगको वेबसाइट https:// www.ppsc.lumbini.gov.np मा प्रकाशन गर्ने। आवेदन दिंदा अनिवार्य रुपमा आफ्नो नाम रहेको पेजमा सम्बन्धित उम्मेदवारको |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | नामावलीमा रेजा चिन्ह लगाएर उक्त Page को Image Upload गर्नुपर्ने व्यवस्था मिलाउने।<br><br>२) नामावलीमा नाम उल्लेख भएका आवेदकहरूको नागरिकता, फोटो, दस्तखत, शैक्षिक योग्यता लगायतका आवश्यक कागजातहरू हालको अनलाइन दरखास्त प्रणालीमा नरहेको हुँदा विवरण अद्यावधिक गर्न उक्त आवेदकहरूलाई सूचना प्रकाशन गरेको मितिबाट कम्तिमा २१ दिनको म्याद दिई पुनः आवेदन पेश गर्नका लागि वेबसाइटमा सूचना प्रकाशन गर्ने।<br><br>३) आवेदन पेश गर्दा राजस्व बुझाउन नपर्ने गरी System Configuration को व्यवस्था मिलाउने।<br><br>४) प्रकाशित नामावलीमा आफ्नो नाम नभेटिएका तर आवेदन दिएको हो भनी आवेदन दिएको प्रमाण र भौचर सहित आयोगको इमेल वा आफै उपस्थित भएर आयोगमा बुझाएमा महालेखा नियन्त्रकको कार्यालयले उपलब्ध गराएको नामावलीबाट राजस्व बुझाएको हो भन्ने एकीन भएका मात्र आवेदकलाई पनि आवेदन दिन पाउने गरी व्यवस्था मिलाउने।<br><br>५) २०८२ भदौ २३ र २४ गते भएको Gen-Z आन्दोलनका क्रममा आयोगका महत्वपूर्ण अभिलेखमा आगलागी भई विज्ञापनसँग सम्बन्धित कागजातहरू समेत नष्ट हुन गई अभिलेखमा नरहेको भए बुँदा नं. ४ अनुसार नै हुने।<br><br>६) दरखास्त रुजु गर्दा आयोगमा उपलब्ध भएसम्मका हाल मौजुदा नामावली र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको राजस्व बुझाएका आवेदकहरूको विवरणलाई आधार मानी रुजु गर्नु पर्ने। शैक्षिक योग्यता, समावेशी समूह लगायतका विषयमा विज्ञापन हुँदाका बखतकै सूचनामा उल्लेख भए अनुसार नै हुने गरी दरखास्त रुजु कार्य अगाडि बढाउने।<br><br>७) विज्ञापन उल्लेखित सेवा, शर्त र विषयहरू सोही विज्ञापनका सूचनाहरू अनुसार नै हुने र अन्य कुराहरू प्रदेश निजामती सेवा ऐन तथा नियमावली, २०८१ बमोजिम हुने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| २७ | २५२ | २०८२/१२/१९ | राय माग गर्ने सम्बन्धमा। | लुम्बिनी प्रदेश अन्तर्गतका कार्यालयहरूमा रिक्त पदको पदपूर्तिका लागि प्रकाशित विज्ञापन सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट परेको रिट निवेदन (मुद्दा नं. ०८१-WO-०३६१) मा मिति २०८२/०३/३१ मा फैसला भई निर्देशनात्मक आदेश प्राप्त भएकोमा उक्त फैसलामा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१ बमोजिम ५ वर्ष सेवा अवधि नपुगेको आधारमा फाराम भर्न रोक लगाउनु कानुन सम्मत नदेखिएको र सङ्घीय कानुन (निजामती सेवा ऐन, २०४९ को दफा ७(१६)) बमोजिम सुरु नियुक्ति मितिदेखि नै योग्यता पुग्ने भएकाले निवेदकहरूलाई विज्ञापनमा सहभागी गराउन परमादेश जारी भएको साथै, प्रदेश कानुन संशोधन गरी सङ्घीय निजामती सेवा ऐनसँग मेल खाने, तह मिलान गर्ने र सातवटै प्रदेशहरूमा एकरूपता कायम गर्ने गरी निर्देशनात्मक आदेश समेत भएको सन्दर्भमा, सङ्घीय निजामती सेवा ऐन/नियमावली अनुसार समायोजन पूर्व र पश्चात्को जेष्ठता, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा प्रक्रियामा प्रदेश प्रशासन सेवाको नवौं तहको बढुवा पदपूर्ति अगाडि बढाउन मिल्ने/नमिल्ने र संघीय निजामती सेवा ऐनसँग मेल खाने गरी एकरुपता हुने सातवटै प्रदेशले प्रदेश निजामती सेवा ऐन बनाउनुपर्ने आदेश सम्बन्धमा उक्त फैसलाबाट लुम्बिनी प्रदेश सरकारको कानून निर्माणको अवस्था र प्रदेश प्रशासन सेवा, नवौं तहको बढुवा पदपूर्ति प्रक्रिया अगाडि बढाउन मिल्ने/नमिल्ने कानूनी अवस्थाको विषयमा प्रदेश सरकारको धारणा र तयारी समेत उल्लेख गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग राय माग गर्ने। |
| २८ | २५३ | २०८२/१२/१९ | कागजातहरु धुल्याउने सम्बन्धमा। | यस आयोग स्थापना भई हालका दिनसम्म संचालित विभिन्न पदका पदपूर्ति प्रक्रियाहरु सम्पन्न भई अन्तिम नतिजा समेत प्रकाशन भइसकेको लामो समय व्यतित भईसकेकोमा आयोगले विगतमा संचालन गरेका परीक्षा लगायत अन्य कामकारवाहीसम्बन्धी कागजातहरु राख्नका लागि पर्याप्त स्थलको अभाव देखिएकोमा लोक सेवा आयोगका कागजातहरु संरक्षण तथा धुल्याउने विषयमा यस आयोगमा कार्यान्वयनमा रहेका ऐन, नियमावली तथा निर्देशिकामा उल्लेख नभएको हुँदा आयोगमा रहेका कागजातहरुको संरक्षण र धुल्याउने सन्दर्भमा संघीय लोक सेवा आयोगमा कार्यान्वयनमा रहेको लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ को परिच्छेद-१३ को दफा ७५ को उपदफा (३) र (४) मा उल्लेखित परीक्षा तथा अन्य |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | कामकारवाही सम्बन्धी कागजातहरु संरक्षण गर्नुपर्ने अवधि पाँच वर्ष पूरा भईसकेका र कहीकतै कुनै किसिमको उजुरी परेको जानकारी नभएका कागजात धुल्याउने प्रयोजनका लागि मुचुल्का तयार गरी धुल्याउने प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्न लगाउने र प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका,२०७७ मा अद्यावधिक गर्दा सो समेत संलग्न गर्ने गराउने व्यवस्था मिलाउने। |
| २९ | २५३ क | २०८२/१२/२० | आर्थिक वर्ष २०८१-०८२ का अधिकृतस्तर आठौं र सातौं तहका स्थगित विज्ञापन पुन: सञ्चालन सम्बन्धमा। | आयोगद्वारा प्रकाशित सूचना नं. १०१/२०८१-०८२ (मिति २०८१/०६/३०) अनुसार अधिकृतस्तर आठौं र सातौं तहका पदहरूको पदपूर्ति प्रक्रिया सर्वोच्च अदालतको मिति २०८१/०७/१३ को अन्तरकालीन आदेशानुसार मिति २०८१/०७/२३ (सूचना नं. ११०/२०८१-०८२) बाट स्थगन गरिएकोमा, सम्मानित सर्वोच्च अदालतको मिति २०८२ साउन २१ गतेको फैसला (मुद्दा नं. ०८१-WO-०४८३) ले उक्त रिट निवेदन खारेज गरेको पूर्ण पाठ हालै प्राप्त भएकाले सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार सूचना नं. १०१/२०८१-०८२ का स्थगित विज्ञापनहरूको परीक्षा लगायतका सम्पूर्ण कामकारबाही पुन: सञ्चालन गर्न तत्कालीन समयमा म्याद समाप्त हुन बाँकी रहेका ४ (चार) दिनलाई समायोजन गरी मिति २०८१/०७/२० गते (सिंगल दस्तुरको अन्तिम मिति) सम्म उमेर र शैक्षिक योग्यता लगायतका आवश्यक मापदण्ड पूरा गरेका योग्य आवेदकहरूका लागि मात्र मिति २०८३ वैशाख २ गते देखि वैशाख ५ गते राति १२:०० बजेसम्म दोब्बर दस्तुरमा आवेदन पेश गर्न सकिने तथा Offline Payment गर्नेहरूले वैशाख ६ गते बैंकिङ समयभित्र दस्तुर बुझाउन पाउने गरी System Configuration को व्यवस्था मिलाउने र सो सम्बन्धी सूचना आयोगको वेबसाइट (ppsc.lumbini.gov.np) एवं संक्षिप्त सूचना 'गोरखापत्र' मा प्रकाशन गरी स्थगित विज्ञापनहरुको सम्पूर्ण चरणका कामकारबाहीहरू पुनः सञ्चालन गर्ने। |
| ३० | २५४ | २०८३/०१/१० | नीति तथा कार्यक्रमको मस्यौदा सम्बन्धमा। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र र वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यदलको निर्णय अनुसार आर्थिक वर्ष २०८३/०८४ का लागि प्रदेश लोक सेवा आयोगबाट समावेश गर्नुपर्ने नीति तथा कार्यक्रमको मस्यौदा माग भएकोमा, लुम्बिनी प्रदेशको विगतको नीति तथा कार्यक्रम, दोस्रो आवधिक योजना र क्षेत्रगत नीतिलाई अध्ययन गरी आयोगको तर्फबाट देहाय बमोजिमका नीति तथा कार्यक्रमका बुँदाहरु प्रस्ताव गर्ने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | १) संगठनात्मक सुदृढीकरण तथा दरबन्दी पुनरावलोकन: प्रदेश र स्थानीय तहका लागि निष्पक्ष र प्रभावकारी जनशक्ति चयन गर्न आयोगको क्षमता अभिवृद्धि गर्दै कार्यबोझका आधारमा 'संगठन तथा व्यवस्थापन सर्वेक्षण' (O&M) गरी दरबन्दी पुनरावलोकन र पुनः संरचना गरिनेछ।<br>२) प्रविधिमैत्री परीक्षा प्रणाली र क्षमता विकास: आयोगका सेवाहरूलाई पूर्ण रूपमा डिजिटाइज्ड गर्दै दरखास्त र एकीकृत कार्यालय व्यवस्थापन प्रणालीलाई निरन्तरता दिइनेछ साथै आयोगमा कार्यरत कर्मचारीहरूको कार्यक्षमता बढाउन क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>३) पाठ्यक्रम परिमार्जन र सार्वजनिक सेवामा आकर्षण: प्रदेश सरकार र स्थानीय तहमा कार्यसम्पादन गर्नुपर्ने कार्यजिम्मेवारी पुरा गर्न सेवा/समूहका पाठ्यक्रमहरूलाई समयानुकूल परिमार्जन गरिनेछ र सार्वजनिक सेवामा मेधावी प्रतिभाहरूलाई आकर्षित गर्न अध्ययन-अनुसन्धान तथा प्रवर्द्धनात्मक कार्यक्रममार्फत वार्षिक कार्यतालिका अनुसार पदपूर्तिको जानकारी दिइनेछ।<br><br>स्रोत-साधन र कानूनी सहजता: प्रदेश लोक सेवा आयोगलाई पर्याप्त बजेट, स्रोत-साधन र स्थिर जनशक्ति उपलब्ध गराई जनशक्ति परिपूर्ति प्रक्रियालाई थप शीघ्र र प्रभावकारी बनाइनेछ। |
| ३१ | २५५ | २०८३/०१/१० | दरखास्त छानविनका क्रममा देखिएका समस्या सम्बन्धमा। | आयोगको सूचना नं. १/२०७७-०७८ अनुसार अधिकृतस्तर सातौं र आठौं तहका पदहरूमा परेका रिट खारेज भई साविकमा आवेदन दिएका उम्मेदवारहरूबाट पुन: आवेदन माग गरी छानबिन गर्ने क्रममा, इन्जिनियरिङ सेवा, सिभिल समूहका उम्मेदवारहरूले पेश गरेको व्यावसायिक परिषद् (नेपाल इन्जिनियरिङ काउन्सिल) दर्ता प्रमाणपत्रको मिति तत्कालिन सिंगल दस्तुरको अन्तिम मिति (२०७७/०७/१८) भन्दा पछिको रहेकाले आवेदन 'होल्ड' वा 'अस्वीकृत' हुँदा परीक्षामा सहभागी हुन पाउनुपर्ने गुनासो प्राप्त भएकोमा समान प्रकृतिको मुद्दामा (०८०-WO-८०२) सर्वोच्च अदालतबाट न्यूनतम योग्यता पुगेका आवेदकलाई व्यावसायिक परिषद् दर्ताकै कारण परीक्षाबाट वञ्चित नगराउन अन्तरिम आदेश जारी भएको र संघीय तथा |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | अन्य प्रदेश लोक सेवा आयोगहरूले समेत यसलाई अनिवार्य नगरेको नजिर रहेको देखिएकाले इन्जिनियरिङ सेवा, सिभिल समूहका विभिन्न उपसमूह, अधिकृतस्तर सातौं तहका पदहरूमा आवश्यक न्यूनतम योग्यता पुगि व्यावसायिक परिषद्को दर्ता प्रमाणपत्र पेश गरेका तर उक्त प्रमाणपत्रको जारी मिति २०७७/०७/१८ भन्दा पछि पेश गरेको भएता पनि उक्त कारणले 'होल्ड' मा रहेका आवेदनहरूलाई स्वीकृत गरी परीक्षामा सम्मिलित हुन दिने व्यवस्था मिलाउने। |
| ३२ | २५६ | २०८३/०१/२४ | कृषि सेवा, भेटेरिनरी समूह, सातौं तह, पशु चिकित्सक पदको उजुरी सम्बन्धमा । | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको बढुवा सूचना नं. ६७/०८१-०८२ (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा) र ८४/०८१-०८२ (कार्यक्षमता मूल्याङ्कनद्धारा हुने बढुवा) अन्तर्गत कृषि सेवा, भेटेरीनरी समूह, सातौँ तह, पशु चिकित्सक पदका लागि उम्मेदवारहरू (श्री सुन्दर लाल विक र श्री भोज बहादुर रावल) को न्यूनतम शैक्षिक योग्यता नपुगेको भन्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बढुवा समितिको सचिवालय) ले मिति २०८२/०६/०२ मा सम्भाव्य सूचीमा समावेश नगर्ने निर्णय गरेकोमा उक्त निर्णयप्रति चित्त नबुझाई उम्मेदवारद्वयले प्रदेश निजामती सेवा ऐन, २०८०, नियमावली, २०८० तथा अन्य प्रचलित कानून बमोजिम पाँचौँ तह प्रवेशका लागि आवश्यक न्यूनतम योग्यता पूरा रहेको दाबी गर्दै आयोगमा उजुरी दर्ता गराएको, उजुरीकर्ताले सर्वोच्च अदालतबाट धर्मराज जैसी विरुद्ध कृषि तथा पशुपन्छी विकास मन्त्रालय (रिट नं. ०७९-WO-०६५५) भएको परमादेशको फैसलालाई थप प्रमाणका रूपमा पेश गरी सोही बमोजिम निर्णय पाउन निवेदन दिएकोमा उम्मेदवारद्वय श्री सुन्दर लाल विक र श्री भोज बहादुर रावलको उजुरी छानबिन प्रक्रियामै रहेको अवस्थामा निजहरूले पेश गरेको सर्वोच्च अदालतको परमादेश (रिट नं. ०७९-WO-०६५५, धर्मराज जैसी विरुद्ध कृषि तथा पशुपन्छी विकास मन्त्रालय समेत) को फैसला आयोगमा आकर्षित हुने/नहुने सम्बन्धमा अध्ययन गर्न सो फैसलाको प्रमाणित प्रतिलिपि मगाई अध्ययन गर्ने। |
| ३३ | २५७ | २०८३/०१/२५ | आयोगको प्रवक्ताको कार्य जिम्मेवारी तोक्ने सम्बन्धमा । | प्रदेश सुशासन ऐन, २०७६ को दफा ३९ बमोजिम यस आयोगमा सरुवा भई आउनुभएका उपसचिव श्री राम प्रसाद भट्टराईलाई आयोगको प्रवक्ता तोक्ने । |
| ३४ | २५८ | २०८३/०१/२५ | बढुवा समितिको सदस्यको कार्य जिम्मेवारी तोक्ने सम्बन्धमा । | प्रदेश निजामती सेवा नियमावली, २०८० को परिच्छेद ९ नियम ५५ बमोजिमको बढुवा समितिमा प्रदेश लोकसेवा आयोगले तोकेको नवौं/दशौ वा सो सरहको अधिकृत सदस्य रहने |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | प्रावधान बमोजिम यस आयोगमा सरुवा भई आउनुभएका उपसचिव श्री राम प्रसाद भट्टराईलाई बढुवा समितिको सदस्य तोक्ने। |
| ३५ | २५९ | २०८३/०२/०४ | नवौं तह, प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहको पदको माग बमोजिम पदसंख्या एकिन गर्ने सम्बन्धमा। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८१/०५/१९ मा प्राप्त माग आकृति फाराम बमोजिम नवौं तह (उपसचिव/उपनिर्देशक) का १८ वटा पद र मिति २०८२/०८/१७ मा प्राप्त माग आकृति फाराम अनुसारका १० वटा पद गरी कुल २८ पदको माग आकृति प्राप्त भएकोमा यसअघि विज्ञापन भएका पदहरूमध्ये अन्तरतह तथा खुला/समावेशीतर्फ सिफारिस भइसकेको र बढुवातर्फ सर्वोच्च अदालतबाट भएको परमादेश अनुसार समायोजन भई आएका कर्मचारीहरू समेत सम्मिलित हुन पाउने स्पष्ट राय प्राप्त भइसकेको पृष्ठभूमिमा, प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ को नियम ३ अनुसार पदपूर्ति प्रक्रिया अगाडि बढाउन कुल २८ पदमध्ये हाल रिक्त रहेको पदसंख्या एकिन गरि पठाउन लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष लेखि पठाउने। |
| ३६ | २६० | २०८३/०२/०४ | रोकिएको बढुवा दरखास्त पुनः सञ्चालन गर्ने सम्बन्धमा। | यस आयोगबाट मिति २०८२/०८/२६ मा प्रकाशित सूचना नं. १४९/०८२-८३ को जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा हुने बढुवा सूचना नं. २५/०८२-८३, स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, नवौं तह, उपसचिव/उपनिर्देशक पद र बढुवा सूचना नं. ४४/०८२-८३, स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, नवौं तह, डिभिजनल इन्जिनियर पद तथा सूचना नं. १५०/०८२-८३ को कार्यक्षमता मूल्याङ्कनद्धारा हुने बढुवा सूचना नं. ४८/०८२-८३, स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, नवौं तह, उपसचिव/उपनिर्देशक पद र बढुवा सूचना नं. ८०/०८२-८३ स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, नवौं तह, डिभिजनल इन्जिनियर पदमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०९/२२ मा मुद्दा नं. ०८२-WO-०१०८ उत्प्रेषण परमादेश जारी भई यथास्थितिमा राखिएकोमा सो मुद्दाको मिति २०८२/१२/०९ मा भएको फैसलामा विपक्षीबाट प्रकाशन गरिएको विज्ञापनलाई उत्प्रेषणयुक्त परमादेश जारी बदर गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन र उक्त अन्तरिम आदेश अब कायम हुने अवस्था छैन भन्ने निर्णय भए बमोजिम रोकिएको बढुवा पदपूर्ति दरखास्त पुनः संकलन गर्नका लागि मिति २०८३/०२/०५ देखि २०८३/०२/११ सम्म जम्मा ७ दिन बाँकी रहेको हुँदा सो बमोजिम दरखास्त पुनः संकलनको लगि सूचना प्रकाशन गरी अगाडी बढाउने। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| ३७ | २६१ | २०८३/०२/२० | पदपूर्ति प्रक्रिया अगाडि बढाउने सम्बन्धमा। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१/०५/१९ को पत्रबाट प्रदेश प्रशासन/सामान्य प्रशासन समूह, नवौँ तह, उपसचिव/उपनिर्देशक पद संख्या कूल १८ (अठार) पदपूर्ति प्रक्रिया अगाडि बढाउन लेखि आएकोमा प्रदेश लोकसेवा आयोगबाट मिति २०८१/०५/२८ को सूचना अनुसार जेष्ठता, कार्यक्षमता मूल्याङ्कन तथा अन्तरतह/खुला र समावेशी तर्फ पदपूर्ति प्रक्रिया सुरु गरिएकोमा उक्त विज्ञापनका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परी मिति २०८२/०३/३१ मा फैसला भई निवेदकहरूलाई विज्ञापनमा सहभागी गराउन उत्प्रेषण परमादेश जारी भएको सन्दर्भमा<br>सो फैसला कार्यान्वयनका क्रममा मुद्दाका कारण आर्थिक वर्ष २०८१/०८२ मा पूर्ति हुन नसकेका बढुवातर्फका १० (दस) पद र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/०८/१७ को पत्रबाट प्राप्त १० (दस) पद गरी हाल रिक्त रहेको कूल २० (बीस) पदको माग आकृति फाराम प्राप्त भएकाले<br>१) सम्मानित सर्वोच्च अदालतको मिति २०८२/०३/३१ को फैसला कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र बमोजिम माग आकृति फाराम प्राप्त भएकाले प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, नवौँ तह, उपसचिव/उपनिर्देशक पदमा पदसंख्या २० (बीस) रिक्त पदपूर्तिका लागि प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश लोकसेवा आयोग ऐन, २०७६ र प्रदेश लोकसेवा नियमावली, २०७६ बमोजिम विज्ञापन/पदपूर्ति प्रक्रिया अगाडि बढाउने।<br>२) सम्मानित उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०८२/१२/२७ को फैसला कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको पत्र साथ प्राप्त माग आकृति फाराम बमोजिम प्रदेश कृषि सेवा, भेटेरिनरी समूह, नवौँ तह, मुख्य पशु चिकित्सक पद १ (एक) र प्रदेश कृषि सेवा, लाईभ स्टक प्रोडक्सन एण्ड डेरी डेभलपमेन्ट समूह, नवौँ तह, मुख्य पशु विकास अधिकृत पद १ (एक) गरी कुल पदसंख्या २ (दुई) पदपूर्तिका लागि प्रदेश निजामती सेवा ऐन, २०८०, प्रदेश लोकसेवा आयोग ऐन, २०७६ र प्रदेश |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | लोकसेवा आयोग नियमावली, २०७६ बमोजिम विज्ञापन/पदपूर्ति प्रक्रिया अगाडि बढाउने। |
| ३८ | २६२ | २०८३/०३/०१ | माग संख्या र पदसंख्या निर्धारण सम्बन्धमा। | प्रदेश निजामती सेवा ऐन, २०८० (पहिलो संशोधन, २०८१/०१/२८) अनुसार अधिकृत तह नवौं तहको पदपूर्तिको प्रतिशत (खुला २०%, अन्तरतह १०%, कार्यक्षमताको मूल्याङ्कन ३५% र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन ३५%) परिमार्जन भएको र प्रदेश लोकसेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को दफा ८ मा माग संख्या तथा पदसंख्या निर्धारण गर्दा पदपूर्ति तालिकाको प्रतिशत संशोधन भएमा सञ्चित गणनालाई शून्य मान्ने लोकसेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७९ को दफा ७ (२) बमोजिमको व्यवस्था उल्लेख नभएकाले, लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५ को दफा ११ (२) बमोजिम लोकसेवा आयोगले संघीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्ड अनुसार सो व्यवस्था प्रदेश निर्देशिकामा थप गरी कार्यान्वयन गर्न आवश्यक देखिएकाले लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ को दफा ८ मा उपदफा (२ख) "अघिल्लो वर्षहरुमा भएको विज्ञापनमा समावेश भएका पदको सञ्चित हिसाब अनुसार पदसंख्या निर्धारण भई आउँदा पदपूर्ति तालिकाको सम्बन्धित पद वा तहको प्रतिशत संशोधन भएकोमा त्यसपछि लगत्तै हुने विज्ञापनमा सञ्चिति गणनालाई शून्य मानी प्रतिशत निर्धारण गर्नुपर्नेछ, तर समावेशी समूहको हकमा प्रतिशत निर्धारण गर्दा समावेशी समूहको लागि छुट्याइएको प्रतिशत संशोधन नभएसम्म सञ्चिति गणना गरि पदसंख्या निर्धारण गरिनेछ" भन्ने व्यवस्था लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ को दफा ७ को उपदफा (२) अनुसार प्रदेश लोकसेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ मा थप गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। |
| ३९ | २६३ | २०८३/०३/०१ | रोकिएको पदपूर्ति प्रक्रिया अगाडि बढाउने सम्बन्धमा। | यस आयोगबाट मिति २०८२/०८/२६ मा प्रकाशित सूचना नं. १४६/०८२-८३, (जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्धारा हुने बढुवा) र सूचना नं. १४७/०८२-८३, (कार्यक्षमताको मूल्याङ्कनद्धारा हुने बढुवा), प्रदेश कृषि सेवा, एघारौं तह, सहसचिव (प्रा.)/महानिर्देशक पद बढुवाको सम्बन्धमा मुद्दा नं. ०८२-WO-०७४२, सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/०९/२९ मा कुनै पनि प्रक्रिया अगाडि नबढाई जे जस्तो अवस्थामा छ सोही अवस्थामा रोक्न भनि अल्पकालिन आदेश जारी भएकोमा उल्लेखित मुद्दामा अदालतबाट मिति |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | २०८२/१२/०८ मा रिट खारेज भएको फैसला प्राप्त भएकाले उल्लेखित पदमा तोकिएको समायावधि भित्र संकलन भएको बढुवा दरखास्त फाइलहरु बढुवा पदपूर्ति प्रक्रिया अगाडि बढाउनका लागि बढुवा समितिको सचिवालयमा पठाउने । |
| ४० | २६४ | २०८३/०३/०१ | पशु चिकित्सक पदको बढुवा उजुरी सम्बन्धमा । | आयोगको बढुवा सूचना नं ६७/०८१-८२, जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा अनुसार प्रदेश कृषि सेवा, भेटेनरी समूह, सातौ तह, पशु चिकित्सक पदमा बढुवा समितिको मिति २०८२।०६।०२ को बढुवा सिफारिस निर्णय उपर चित्त नबुझाई भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र, अर्घाखाँचीमा पशु स्वास्थ्य अधिकृत छैठौ तहमा कार्यरत श्री सुन्दर लाल वि.क. यस आयोग समक्ष दिनु भएको बढुवा उजुरी एवं आयोगको बढुवा सूचना नं. ८४/०८१-८२, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सूचनाको अनुसार प्रदेश कृषि सेवा, भेटेनरी समूह, सातौ तह, पशु चिकित्सक पदमा भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र, बाँकेमा पशु स्वास्थ्य अधिकृत छैठौ तहमा कार्यरत श्री भोज बहादुर रावलले यस आयोग समक्ष दिनु भएको बढुवा उजुरीका सम्बन्धमा निज उजुरीकर्ताहरुको जिकिर, तत्सम्बन्धमा बढुवा समितिको प्रतिक्रिया र प्रचलित ऐन, नियम समेतको आधारमा<br>१) प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३१(१) मा अधिकृत सातौँ तहमा बढुवाको लागि शैक्षिक योग्यता कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण हुनुपर्ने व्यवस्था रहेकोमा उजुरीकर्ताहरुको न्यूनतम शैक्षिक योग्यता नपुगेकाले जिकिर तथ्ययुक्त र नियमसङ्गत देखिएन।<br>२. सम्मानित सर्वोच्च अदालत "डोमी चौधरी विरुद्ध लोकसेवा आयोग समेत भएको ०७२-WO-०३४२ को रिटमा सर्वोच्च अदालतबाट मिति २०७४ कार्तिक ७ मा" भएको आदेशमा "तालिमबाट प्राप्त भएका प्रमाणपत्रहरु शैक्षिक प्रमाणपत्र हुन नसक्ने" भनी उल्लेख भएको तथा भवानी कुमारी खतिवडा विपक्षी कृषि तथा पशुपन्छी विकास मन्त्रालय समेत भएको ०७५-WO-००७५ को रिटमा "Conversion course पुरा गरी Academic transcript" प्राप्त गरेको अवस्थामा मात्र त्यसैले प्रमाणपत्र तह वा सो सरहको मान्यता" पाउन सक्ने गरी भएको आदेश समेतको आधारमा निजहरुको हकमा ऐनमा उल्लेखित न्यूनतम शैक्षिक योग्यता पुगेको नदेखिँदा उजुरीकर्ताको जिकिर तथ्ययुक्त र नियमसङ्गत देखिएन। |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | ३) मुख्य न्यायाधिवक्ताको कार्यालयको कानूनी रायमा "सम्बन्धित विश्वविद्यालयको समकक्षता निर्धारण गरेको अवस्थामा बाहेक अन्य तालिमहरुले शैक्षिक योग्यता निर्धारण गर्दैन र सर्वोच्च अदालतले गरेको फैसला वा प्रतिपादित नजिर आफैले परिवर्तन नगर्दासम्म सामान्य सिद्धान्तको रूपमा सबैमा लागू हुन्छ"। उजुरीकर्ताहरुको जिकिर तथ्ययुक्त र नियमसङ्गत देखिएन।<br><br>४. उजुरीकर्ताहरुले मिति २०८२/१२/१६ मा थप प्रमाण पेस गरेको सम्बन्धमा धर्मराज जैसी विरुद्ध कृषि तथा पशुपन्छी विकास मन्त्रालयको, सिंहदरबार काठमाडौँ समेत मुद्दा परमादेश समेत ०७९-WO-०६५५ को फैसलामा सबैलाई लागू हुने गरी निर्देशनात्मक आदेश जारी नभएको हुँदा बढुवा समितिकै बढुवा सिफारिस सूची कायमै रहने देखिएकाले उजुरीकर्ताको दावी जिकिर पुग्ने नदेखिएकाले सो को जानकारी बढुवा समितिको सचिवालयलाई दिने र साथै माग भएमा सम्बन्धित सरोकारवालालाई समेत जानकारी दिने। |
| ४१ | २६५ | २०८३/०३/०१ | डिभिजनल इन्जिनियरिङ्ग पदको बढुवा उजुरी सम्बन्धमा। | आयोगको बढुवा सूचना नं ७५/०८२-८३ कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा अनुसार प्रदेश इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह नवौँ तह, डिभिजनल इन्जिनियरिङ्ग पदमा बढुवा समितिको मिति २०८२।१२।१२ को बढुवा सिफारिस निर्णय उपर चित्त नबुझाई खानेपानी तथा सरसफाई कार्यालय, पाल्पामा वरिष्ठ इन्जिनियरिङ्ग पद, आठौँ तहमा कार्यरत श्री आदित्य धितालले मिति २०८२/१२/२२ मा यस आयोग समक्ष दिनु भएको बढुवा उजुरीका सम्बन्धमा उजुरीकर्ताको जिकिर, तत्सम्बन्धमा बढुवा समितिको प्रतिक्रिया र प्रचलित ऐन, नियम समेतको आधारमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ६० मा "ऐनको दफा ३४ बमोजिम कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गरी बढुवा गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ" तर कार्यक्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने कर्मचारीको हकमा ज्येष्ठताको आधारमा बढुवा गरिने छ र त्यस्ता कर्मचारीको ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिने छ भन्ने उल्लेख भए अनुसार (क) मा हाल बहाल रहेको तहको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा र खण्ड (ख) मा "क" बमोजिमको ज्येष्ठता नछुटिएमा सो भन्दा एक तहमुनिको तह वा सो सरहको पदमा नियुक्ति वा |

| क्र.सं. | बैठक नं | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|---|
| | | | | बढुवा निर्णय भएको मितिको आधारमा बढुवा गरिने उल्लेख भएको । यस्तै प्रकृतिको बढुवा गर्दा समेत संघीय निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० बमोजिम सोही आधारलाई लिने गरेको प्रचलन तथा अभ्यास गरिँदै आएको देखिएकाले माथिका आधारमा बढुवा समितिबाट बढुवाको निर्णय गर्दा कार्यक्षमताका आधारमा बढुवा भएका निज विष्णुदेव ठाकुर (क.सं.नं. २१९०८८), नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह रा.प.अनं. प्रथम श्रेणी, सब-इन्जिनियर पदमा मिति २०७३/०९/२९ गते स्थायी नियुक्ति भएको निजले बढुवा समितिको सचिवालयमा पेश गरेको कागजातबाट देखिन्छ, भने उजुरीकर्ता सोही सेवा समूह, उपसमूहका श्री आदित्य धिताल (क.सं.नं. २२५११८) ले प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ६० को खण्ड (ख) बमोजिम एक तह मुनिको पदमा स्थायी नियुक्ति भएको प्रमाण तथा कागजात संलग्न नगरेको हुँदा बढुवा समितिकै बढुवा सिफारिस सूची कायमै रहने देखिएको हुँदा सो को जानकारी बढुवा समितिको सचिवालय र सम्बन्धित सरोकारवालालाई दिने । |

## ४.२ आयोगको कर्मचारी दरबन्दी र पदपूर्तिको विद्यमान अवस्था

प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार यस आयोगमा कुल ३३ दरबन्दी रहेको छ। जसमध्ये हाल २५ पदपूर्ति र ८ पद रिक्त रहेको छ। आयोगलाई आवश्यक पर्ने दरबन्दी अध्ययन गरी स्वीकृत गर्न प्रदेश सरकारलाई पठाइसकिएको छ। आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची-५ मा रहेको छ। आयोगको विद्यमान दरबन्दी र पदपूर्तिको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

तालिका नं. ६३

**विद्यमान दरबन्दी र पदपूर्तिको विवरण**

| क्र.सं. | पद | तह | सेवा/समूह | स्वीकृत सङ्ख्या | पदपूर्ति सङ्ख्या | रिक्त सङ्ख्या | कै |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | एघारौं | प्रशासन / सा. प्र. | १ | १ | ० | |
| २. | उपसचिव/व.उपसचिव | नवौं / दशौं | प्रदेश प्रशासन / सा. प्र. | २ | १ | १ | |
| ३. | शाखा अधिकृत/व.शा.अ. | सातौं / आठौं | प्रदेश प्रशासन / सा. प्र. | ४ | २ | २ | |
| ४. | कानून अधिकृत | सातौं / आठौं | न्याय / कानून | १ | १ | ० | |
| ५. | शिक्षा अधिकृत | सातौं / आठौं | प्रदेश शिक्षा / शि. प्र. | १ | ० | १ | |
| ६. | कम्प्युटर ईन्जिनियर | सातौं / आठौं | विविध | १ | ० | १ | |
| ७. | व.अधिकृत/अधिकृत/सहायक | पाँचौं / छैठौं/सातौं | प्रदेश प्रशासन / सा. प्र. | ९ | ६ | ३ | |
| ८. | व.अधिकृत/अधिकृत/सहायक | पाँचौं / छैठौं/सातौं | प्रदेश प्रशासन / लेखा | १ | १ | ० | |
| ९. | व.अधिकृत/अधिकृत (कम्प्युटर) | पाँचौं / छैठौं | प्रदेश प्रशासन/विविध | ४ | ४ | ० | |
| १०. | ह. स. चा. | तहविहिन | प्रदेश प्रशासन | ५ | ५ | ० | |
| ११. | का. स. | तहविहिन | प्रदेश प्रशासन | ४ | ४ | ० | |
| | **जम्मा** | | | **३३** | **२५** | **८** | |

## ४.३ कार्यालयको भौतिक अवस्था

आयोगका प्रत्येक महाशाखा, शाखाहरूलाई विशेष जिम्मेवारी तोकिएको हुन्छ। कुनै एक महाशाखा, शाखाको कार्यसम्पादनमा अर्कोको संलग्नता हुनु हुँदैन। कुनै पनि पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, कर्मचारी वा दक्ष/विज्ञ/विशेषज्ञ सो प्रक्रियाको अन्य चरणको काममा संलग्न हुँदैनन् भन्ने द्विअन्ध सिद्धान्त पालनामा आयोगको भौतिक संरचनाको अपर्याप्तताको कारण उपयुक्त भवन उपलब्ध गराउन प्रदेश सरकारलाई अनुरोध गरेकोमा श्रम तथा रोजगार कार्यालय रहेको भवनका माथिल्ला तीन तला सरकारले उपलब्ध गराएको हुँदा २०८०/१०/१० गतेबाट सो भवनमा सरी आयोगको कार्यसञ्चालन भैरहेकोमा गत भाद्र २३ र २४ गते भएको Gen-Z आन्दोलनका क्रममा भवन र चार पाङ्ग्रे, २ पाङ्ग्रे

सवारीमा आगलागी र कार्यकक्ष तोडफोडबाट केही दिन दैनिक कार्य प्रभावित भएको थियो । यस आयोगको समन्वय र अनुरोधमा शहरी विकास तथा भवन कार्यालय, रुपन्देहीको सहयोगमा भवनको मर्मत सम्भार गरी पुन: कार्य सञ्चालनमा आएको थियो । आयोगको कामकारबाहीलाई छिटो, छरितो बनाउन आयोगले प्रस्ताव गरेअनुरुपको संगठन संरचना स्वीकृत हुनुपर्दछ । प्रस्तावित संगठन संरचना स्वीकृत भई आयोगलाई तोकेको क्षेत्राधिकार भित्रका सबै निकायको रिक्त पदहरूको पदपूर्तिका लागि माग प्राप्त भएको खण्डमा उपलब्ध स्थान पनि कार्यसम्पादन गर्न साँघुरो हुने देखिएकाले वैकल्पिक भवनको समेत खोजी गर्नु पर्ने रहेको छ ।

## ४.४ क्षमता विकास

आयोगबाट लिइने लिखित परीक्षालाई अझ बढी व्यवस्थित र मर्यादित रुपमा अगाडि बढाउने उद्देश्यले परीक्षामा खटिने आयोगका कर्मचारी तथा अन्य निकायबाट खटिने जनशक्तिलाई थप दक्ष एवं सीपयुक्त बनाउन बुटवल कालिका क्याम्पस, रामनगरको सभा हलमा क्षमता विकास गोष्ठी सम्पन्न गरिएको छ । उक्त गोष्ठीमा सहभागीहरूलाई आयोगका पदाधिकारी एवं कर्मचारी लगायतले प्रशिक्षण दिनुभएको थियो । गोष्ठीका केही तस्बिरहरू समेत प्रतिवेदनको अन्तिममा अनुसूची खण्ड पश्चात राखिएको छ ।

## ४.५ आयोगको प्रतिनिधित्व

यस आयोगका पदाधिकारीहरूबाट प्रतिवेदनको अवधिभरमा देहाय बमोजिमको प्रतिनिधित्व भएको छः

(क) प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३० बमोजिम विभिन्न सेवाका अधिकृत पदहरूमा बढुवाका लागि बढुवा समितिको बैठकको अध्यक्षता आयोगको अध्यक्षबाट गरिएको । साथै प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५५ बमोजिम सहायकस्तरका पदहरूमा बढुवा समितिमा आयोगका अधिकृतस्तर नवौं तहका कर्मचारीबाट प्रतिनिधित्व गरिएको।

(ख) लुम्बिनी प्राविधिक विश्वविद्यालयको बैठकमा सहभागिता।

(ग) प्रदेश तथा स्थानीय तहका विभिन्न मन्त्रालय तथा निकायमा अनुगमन गरी जनशक्ति व्यवस्थापनका विषयमा सहजीकरण।

(घ) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगहरूको सम्मेलनमा सहभागिता।

(ङ) लोक सेवा आयोगका असल अभ्यासहरूको सिकाईको लागि अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रममा विभिन्न प्रदेश लोक सेवा आयोगसँग छलफल गरिएको ।

### ४.६ राजस्व र धरौटी

आर्थिक वर्ष २०८२/०८३ मा आयोगले देहायका शीर्षकहरूबाट कुल ७ करोड ९२ लाख ५० हजार ४ सय ४० रुपैयाँ राजस्व सङ्कलन गरेको छ। उक्त विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका नं. ६४

**राजस्व सङ्कलनको विवरण**

| क्र.सं. | शीर्षक | प्राप्त रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | परीक्षा शुल्क (१४२२४) | ६२२५२७५०.०० | |
| २. | बेरुजु असुली (१५१११) | ५०३९९०.०० | |
| ३. | अन्य प्रशासनिक सेवा शुल्क(१४२२९) | १३७००.०० | |
| ४. | बीमादावी प्राप्ती (१४५११) | १६४८००००.०० | |
| | जम्मा | ७९२५०४४०.०० | |

### ४.७ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८२/०८३ मा आयोगका लागि विभिन्न शीर्षकहरूमा स्वीकृत भएको बजेटको वित्तीय प्रगति देहाय बमोजिम रहेको छ:-

तालिका नं. ६५

**वित्तीय प्रगति विवरण**

| क्र.सं. | बजेट शीर्षक | वार्षिक विनियोजित बजेट (रु.हजारमा) | वार्षिक खर्च (रु.हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु (२१००००११३) | ९००५० | ५२०३८ | ५७.८७ |
| २ | पूँजीगत (२१००००११४) | २२८३० | १०९०८ | ४७.७७ |
| ३ | संचित कोष (२१०००००१३) | ३९९१ | ३०१५ | ७५.५४ |
| | **जम्मा** | **११६८७१** | **६५९६१** | **५६.४३** |

### ४.८ बेरूजु

यस आयोगको नाममा नियमित गर्नुपर्ने कुल बेरुजु रु.१२,६९,६२६/- रहेकोमा आर्थिक वर्ष २०८२/०८३ मा रु. ५,७९,८४९/- फछ्यौंट भई नियमित तर्फ रु.६,८६,६८४/- र असुल गर्नुपर्ने रकम रु. १२,६१३/- गरी जम्मा रु ६,९९,२९७/- बेरुजु बाँकी देखिन्छ।

परिच्छेद – ५

# परीक्षा र परीक्षण

## ५.१ दक्ष/ विज्ञ/ विशेषज्ञको रोष्टर निर्माण

आयोगलाई आवश्यक सम्बद्ध क्षेत्रका दक्ष/विज्ञ/विशेषज्ञहरूको विवरण संकलन गरी रोष्टर सूची समय सापेक्ष तयारी गर्ने कार्य निरन्तर भइरहेको छ। यस आर्थिक वर्षमा पनि आयोगले दक्ष/विज्ञ/विशेषज्ञहरूको विवरण सङ्कलन र अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिंदै आइरहेको छ।

## ५.२ प्रश्नपत्र निर्माण र परिमार्जन

आर्थिक वर्ष २०८२/०८३ मा कुल ९६९ सेट कच्चा प्रश्नपत्रहरूबाट जम्मा ४८५ सेट परिमार्जित प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गरियो। प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने कार्यका लागि विभिन्न दक्ष / विज्ञहरूलाई सहभागी गराईएको थियो। प्रयोगमा नआएका परिमार्जित प्रश्नहरू आयोगको प्रश्नपत्र बैंकमा जम्मा गरी पछि सञ्चालन हुने परीक्षाहरूमा प्रयोग गर्ने गरिएको छ।

तालिका नं. ६६

**कोरा प्रश्नपत्र निर्माण र परिमार्जनको सङ्ख्यात्मक विवरण**

| क्र.सं | तह | कच्चा प्रश्न पत्र निर्माण पोका | | | | परिमार्जन सेट |
|---|---|---|---|---|---|---|
| | | २०७७-७८ | २०८१-८२ | २०८२-८३ | जम्मा | |
| १ | अधिकृतस्तर एघारौं | - | - | १८ | १८ | ९ |
| २ | अधिकृतस्तर नवौं | - | २४ | २३६ | २६० | १३० |
| ३ | अधिकृतस्तर आठौं | १२ | - | २४ | ३६ | १८ |
| ४ | अधिकृतस्तर सातौं | २२४ | ४१३ | १८ | ६५५ | ३२८ |
| ३ | सहायकस्तर पाँचौं | - | - | - | - | - |
| ४ | सहायकस्तर चौथो | - | - | - | - | - |
| | **जम्मा** | **२३६** | **४३७** | **२९६** | **९६९** | **४८५** |

प्रतिवेदन अवधिमा कुल ९६९ वटा कच्चा प्रश्नपत्र निर्माण गरिएको छ। आर्थिक वर्ष २०७७/०७८ र आर्थिक वर्ष २०८१/०८२ का अधिकृतस्तर आठौं र सातौं तहका विज्ञापनहरूको रिट खारेज भई पदपूर्तिको कार्य अगाडि बढेकोले उक्त आर्थिक वर्ष का कच्चा प्रश्नपत्र समेत आर्थिक वर्ष २०८२/०८३ मा निर्माण गरी परिमार्जन गरिएको थियो। सहायकस्तर पाँचौं र चौथो तहका विज्ञापनहरूको लिखित परीक्षा सञ्चालन अर्को आर्थिक वर्ष २०८३/०८४ मा हुने भएकोले कच्चा प्रश्नपत्र निर्माण गरिएको छैन।

## ५.३ लिखित परीक्षामा कसुर गरेका परीक्षार्थीहरूलाई गरेको कारबाही

यस आयोगबाट विभिन्न सेवा, समूहका लिखित परीक्षा सञ्चालन गर्दा विभिन्न कसुर गर्ने परीक्षार्थीहरूलाई प्रचलित कानूनबमोजिम कारबाही गरी सोको सूचना वेबसाइट मार्फत जानकारी गराउँदै आएकोमा आर्थिक वर्ष २०८२/०८३ मा त्यस्तो कसुर गर्ने कुनै पनि परीक्षार्थी नभएको ।

## ५.४ सीप परीक्षण

प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रम बमोजिम सीप परीक्षण र प्रयोगात्मक परीक्षा, मामीला अध्ययन तथा प्रस्तुतीकरणका परीक्षाहरू सञ्चालन गर्ने गरी कम्प्युटर ल्याबको व्यवस्थापन गरिएकोमा Gen-Z आन्दोलनबाट तोडफोड भई पुन:निर्माण तथा मर्मत सम्भारका लागि प्रदेश सरकारबाट बजेट विनियोजन भएको छ ।

## ५.५ सामूहिक परीक्षण

अधिकृतस्तर सातौं तहका पदहरूमा पाठ्यक्रम बमोजिम लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनौट उम्मेदवारहरूको योग्यताको विभिन्न पक्षको मूल्याङ्कन गर्न सामूहिक परीक्षण गर्ने गरिन्छ । समस्या पहिचान गर्न सक्ने क्षमता, समस्या समाधानका उपाय पत्ता लगाउने क्षमता, तार्किक क्षमता, मौलिकता र सिर्जनशीलता, व्यवहार प्रदर्शन, बौद्धिक क्षमता, निर्णय गर्न सक्ने क्षमता, नेतृत्व लिन सक्ने क्षमता र धैर्य धारण गर्न सक्ने जस्ता क्षमताहरूको परीक्षण सामूहिक परीक्षणमा हेरिन्छ ।

## ५.६ सहयोगीद्वारा लिखित परीक्षा

आर्थिक वर्ष २०८२/०८३ मा यस आयोगबाट सञ्चालन गरिएका विभिन्न सेवा, समूहका लिखित परीक्षामा आफै लेख्न नसक्ने भई सहयोगी लेखक माग गर्ने परीक्षार्थीको संख्या शुन्य छ ।

**परिच्छेद ६**

# समन्वय र परामर्श

## ६.१ लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरु बीच आयोगका कार्यप्रणालीका बिषयमा अनुभवहरु आदान प्रदानका लागि भएको लोक सेवा आयोगहरुको छैटौं राष्ट्रिय सम्मेलन **"लोक सेवा आयोगको प्रतिबद्धता प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता"** भन्ने मूल नाराका साथ गण्डकी प्रदेशको पोखरामा मिति २०८२ चैत्र २९ र ३० गते सम्पन्न भएको थियो।

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारीलाई अंगिकार गर्दै, आयोगहरुले अबलम्बन गरेका असल अभ्यासलाई आत्मसात गरी, साझा सवाल र चुनौतीहरुलाई समाधान गर्न साझा धारणा स्विकार गर्दै, पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरुमा एकरुपता ल्याउन प्रतिबद्ध हुँदै, पहिलो सम्मेलन देखि पाँचौं राष्ट्रिय सम्मेलनहरुबाट पारित भएका प्रतिबद्धता तथा निर्णयहरु कार्यान्वन गर्ने प्रण गर्दै संघीयताको मर्म र भावना अनुकूल सार्वजनिक प्रशासनमा उपर्युक्त जनशक्ति आकर्षण गर्न, प्रतिस्प्रधात्मक परीक्षाको माध्यमबाट योग्य र सक्षम उम्मेदवार छनोट र सिफारिस गर्न तथा योग्यता प्रणालीको सुदृढ गर्न योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिताको सिद्धान्त प्रति प्रतिबद्धता जनाइएको थियो। छैटौं राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र र गरिएका निर्णयहरु अनुसूची ६ र ७ मा रहेका छन्।

## ६.२ प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलन

प्रदेश लोक सेवा आयोगहरुको पाँचौं सम्मेलन मधेश प्रदेशको जनकपुरमा मिति २०८२ मंसिर १८ र १९ गते सम्पन्न भएको थियो। प्रदेश लोक सेवा आयोगहरुको सम्मेलनबाट पारित घोषणापत्र र निर्णयहरुको कार्यान्वयन स्थितिका सम्बन्धमा समन्वय, सहकार्य र साझेदारीका लागि सबै आयोगका सचिवहरुको एक समन्वय समिति गठन गर्ने र समितिको संयोजन मधेश प्रदेशले गर्ने। पूर्व सम्मेलनबाट पारित निर्णय कार्यान्वयन गर्ने निर्णय भएको थियो। उक्त सम्मेलनले पारित घोषणापत्र र गरिएका निर्णयहरु अनुसूची ८ र ९ मा रहेका छन्।

## ६.३ लोक सेवा आयोगसँग समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग लिन सक्ने प्रावधान रहेको छ। आयोगले लोक सेवा आयोग, केन्द्रीय कार्यालय र अन्य प्रदेश लोक सेवा आयोगहरूसँग निरन्तर सम्पर्क र समन्वयमा रही स्थापित परीक्षा प्रणाली लगायत अन्य चरणका कार्यहरूको अनुसरण तथा अभ्यास गर्दै कार्यहरू अगाडि बढाइरहेको छ।

## ६.४ अनुगमन, निरीक्षण, छलफल तथा अन्तरक्रिया कार्यक्रम

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४१ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ४८ मा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, निर्देशनालय र कार्यालयहरूले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा संविधान तथा प्रचलित कानून र आयोगले दिएको परामर्श पालना गरे-नगरेको, आयोगबाट सिफारिस गरिएका कर्मचारीलाई सम्बन्धित कार्यालयले सेवा, समूह र तहका पदहरूमा खटाए-नखटाएको, प्रदेश प्रहरी सेवा, स्थानीय निजामती सेवा र अन्य सरकारी सेवाको लागि ऐन नियम निर्माण गर्दा आयोगले दिएको परामर्श पालना भए/नभएको र स्थानीय सरकारी सेवा सम्बन्धी ऐन र कानूनमा रहेका कर्मचारी प्रशासन सम्बन्धी प्रावधानहरूको पालना भए/नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था छ । आयोगको काम, कर्तव्य र अधिकार, कार्य प्रकृया, भावी कार्यदिशा, कर्मचारी व्यवस्थापन, प्रदेश तथा स्थानीय तहमा कर्मचारी पदपूर्ति प्रक्रिया लगायतका विषयमा यस आयोगका पदाधिकारी र कर्मचारीहरूबाट प्रदेशका मन्त्रालय एवं कार्यालयहरू र विभिन्न स्थानीय तहहरूमा अनुगमन तथा अन्तरक्रिया गरिएको छ । यसरी गरिएका अनुगमनका क्रममा आयोगबाट प्रदान गरिएको परामर्श कार्यान्वयनको अवस्था, प्रदेश तथा स्थानीय तहमा विद्यमान जनशक्तिको पदपूर्तिको अवस्था र त्यसले सार्वजनिक सेवा प्रवाहको लागि कार्य सम्पादनमा रहेको प्रभावकारीताको विषयमा छलफल गरिएको थियो।

## ६.५ परामर्श

प्रतिवेदन अवधिमा कुनै पनि निकायबाट परामर्शका लागि माग नभएको ।

## ६.६ नियमावली, निर्देशिका र मापदण्डमा संशोधन

प्रदेश निजामती सेवा ऐन २०८० र स्थानीय निजामती सेवा ऐन २०८१ बमोजिम (कार्यसञ्चालन) निर्देशिकाको अनुसूची १ र २ संशोधन गरिएको ।

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०७७ अनुसूची १(१) मा रहेका प्रदेश निजामती सेवा ऐन, २०८० भन्ने शब्द पछि र स्थानीय निजामती सेवा ऐन,२०८१ भन्ने शब्दहरु थप गर्ने ।

प्रदेश र स्थानीय निजामती सेवा ऐन बमोजिम प्रदेश र स्थानीय तहका बिभिन्न सेवा समूहका सातौं तथा पाँचौ तहका पदको पद पूर्तिका लागि खुला ,अन्तरतह,कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तथा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि क्रमस ६५,१०,१०र १५ प्रतिशत निर्धारण गर्नका लागि निर्देशिकाको अनुसूची १ को खण्ड १.४ उपखण्ड (ख) को तालिकालाई संशोधन गर्ने ।

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूचि-१ को १.२ खण्ड (ग) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि छुट्याउने पद मध्ये प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११ को उपदफा (१) अनुसार र स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १२ को उपदफा (१) अनुसार ४९ प्रतिशतबाट हुने समावेशी तर्फका पद र ५१ प्रतिशतमा सबै उम्मेदवारहरु बीच खुला प्रतिस्पर्धाका लागि पदसंख्या (प्रतिशत) निर्धारण गर्ने सूत्र र सो अनुसार प्रतिशत निर्धारण गर्दा कायम हुन आउने खण्ड घ को पदसंख्या तालिका २० पदका लागि कायम भएको र सो अनुसार प्रतिशत निर्धारण

गर्दा २० पद भन्दा बढिका पदका लागि उक्त तालिका अनुसार गरिने पद संख्या निर्धारण गर्दा र तोकिएको प्रतिशत अनुसार गरिने पद संख्या निर्धारण फरक पर्न गएको हुँदा प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ को अनुसूचि-१ को १.२ खण्ड (घ) को तालिकालाई संशोधन गरी १०० पद सम्म संशोधित तालिका बमोजिम कायम गर्ने र १०१ औं पद देखि पुनः गणना गर्ने गरी तालिका कायम गर्ने।

यस आयोग स्थापना भई हालका दिनसम्म संचालित विभिन्न पदका पदपूर्ति प्रक्रियाहरु सम्पन्न भई अन्तिम नतिजा समेत प्रकाशन भइसकेको लामो समय व्यतित भईसकेकोमा आयोगले विगतमा संचालन गरेका परीक्षा लगायत अन्य कामकारवाहीसम्बन्धी कागजातहरु राख्नका लागि पर्याप्त स्थलको अभाव देखिएकोमा लोक सेवा आयोगका कागजातहरु संरक्षण तथा धुल्याउने विषयमा यस आयोगमा कार्यान्वयनमा रहेका ऐन, नियमावली तथा निर्देशिकामा उल्लेख नभएको हुँदा आयोगमा रहेका कागजातहरुको संरक्षण र धुल्याउने सन्दर्भमा संघीय लोक सेवा आयोगमा कार्यान्वयनमा रहेको लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ को परिच्छेद-१३ को दफा ७५ को उपदफा (३) र (४) मा उल्लेखित परीक्षा तथा अन्य कामकारवाही सम्बन्धी कागजातहरु संरक्षण गर्नुपर्ने अवधि पाँच वर्ष पूरा भईसकेका र कहीकतै कुनै किसिमको उजुरी परेको जानकारी नभएका कागजात धुल्याउने प्रयोजनका लागि मुचुल्का तयार गरी धुल्याउने प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्न लगाउने र प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका,२०७७ मा अद्यावधिक गर्दा सो समेत संलग्न गर्ने गराउने व्यवस्था मिलाउने।

### ६.७ अन्तरप्रदेश अनुभव आदान-प्रदान

नेपालको संविधानको धारा २४४ बमोजिम सबै प्रदेशहरूमा स्थापना भएका प्रदेश लोक सेवा आयोगहरूले कार्यसम्पादनका सिलसिलामा अवलम्बन गरेका असल अभ्यास, विधि, प्रकृयाको विषय, भोगेका समस्या र तीनको समाधान, सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा लोक सेवा आयोगसँगको समन्वय र सहजीकरणका विषयमा बागमती प्रदेश लोक सेवा आयोगहरूसँग अनुभव आदान-प्रदान कार्यक्रम सम्पन्न गरिएको छ। सो क्रममा देहायका विषयमा छलफल गरिएको छ:

- प्रदेश लोक सेवा आयोगका नीतिगत एवम् कानूनी मौजुदा व्यवस्था,
- प्रदेश लोक सेवा आयोगमा कार्यरत मौजुदा जनशक्तिको अवस्था,
- लिखित परीक्षा सञ्चालन गर्दा पालना गरिने विधि एवम् प्रणालीको विषय,
- नतिजा तयारी, नतिजा प्रकाशन एवम् अन्तर्वार्ता तथा सिफारिस लगायतका कार्य गर्दा अपनाइएका प्रक्रियाको अनुभवहरू,
- बढुवाद्वारा पदपूर्ति गर्दाका विषयहरू,
- प्रदेश लोक सेवा आयोगका मौजुदा पदाधिकारी र जनशक्तिका विषयहरू,
- प्रदेश निजामती सेवा ऐन तथा स्थानीय निजामती सेवा ऐनमा रहेका विविधता र एकरुपताका विषय,
- लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरू बीचको समन्वय, सहजीकरण र अभ्यासहरू।

## ६.८ बढुवा उजुरी निरुपण

प्रदेश निजामती सेवा ऐन, २०८० मा भएको व्यवस्था बमोजिम बढुवा समितिको निर्णयमा चित्त नबुझी आर्थिक वर्ष २०८२/०८३ यस आयोगमा दर्ता हुन आएका कुल ७ वटा बढुवा उजुरी मध्ये १ वटा उजुरी निवेदन फिर्ता भएको, ३ वटा उजुरीको निर्णय बढुवा समितिको निर्णय अनुरुप नै रहेका छन। प्रतिवेदन अवधिमा परेका ३ वटा उजुरी निवेदनको निर्णय हुन बाँकी रहेको अवस्था छ।

तालिका नं. ६७

**बढुवा उजुरीको विवरण**

| क्र.सं. | बढुवा सूचना नं. र बढुवा सिफारिस प्रकाशित मिति | उजुरी मिति | नाम,थर | सेवा, समूह, उपसमूह | तह | पद | उजुरीको संक्षिप्त व्यहोरा | बढुवाको किसिम | अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७५/०८१-८२ २०८२/५/१७ | २०८२।०६।०५ | कुन्दन ठाकुर | स्वास्थ्य/हेल्थ इन्स्पेक्सन | सातौ | जनस्वास्थ्य अधिकृत | सातौ तहमा कार्यरतलाई पुन सातौ तहमा बढुवा हुन नहुने। | कार्यक्षमता | उजुरी फिर्ता लिएको |
| २ | ८४/०८१-८२ २०८२/६/८ | २०८२।०६।१० | भोज ब. रावल | कृषि/भेटेरिनरी | सातौ | पशु स्वास्थ्य अधिकृत | शैक्षिक योग्यत सम्बन्धी | कार्यक्षमता | उजुरी फर्छयौट |
| ३ | ६७/०८१-८२ २०८२/६/८ | २०८२।०६।१० | सुन्दरलाल वि.क. | कृषि/भेटेरिनरी | सातौ | पशु स्वास्थ्य अधिकृत | शैक्षिक योग्यत सम्बन्धी | जेष्ठता र कार्यसम्पादन | उजुरी फर्छयौट |
| ४ | ७५/०८२-८२३ २०८२/१२/१३ | २०८२।१२।२२ | आदित्य धिताल | प्रदेश इन्जिनियरिङ्ग/सिभिल स्यानिटरी | नवौं | डिभिजनल इन्जिनियर | समान अंक प्राप्त गर्ने उम्मेद्वारको हकमा प्र.नि.से.नि.६० र संघिय निजामती सेवा ऐन नियम ७५ को खण्ड ग लागु गर्ने सम्बन्धमा। | कार्यक्षमता | उजुरी फर्छयौट |
| ५ | १००/०८२-८३ २०८३/०२/०५ | २०८३।०२।१९ | केशवराज खनाल | प्रदेश कृषि/कृषि प्रसार | सातौं | कृषि प्रसार अधिकृत | अध्ययन गर्दा पूर्व स्वीकृती लिएर अध्ययन गर्नु पर्नेमा सो नगरेको | जेष्ठता तथा कार्यसम्पादन | उजुरी फर्छयौट प्रकृया रहेको |
| ६ | १०५/०८२-८३ २०८३/०२/०५ | २०८३।०२।१९ | सालिकराम चौधरी | प्रदेश कृषि/ मत्स्य | सातौं | मत्स्य अधिकृत | अध्ययन पूर्व प्रमुख निकायबाट स्वीकृती जलिएर अध्ययन नगरेको | जेष्ठता तथा कार्यसम्पादन | उजुरी फर्छयौट प्रकृया रहेको |
| ७ | १२६/०८२-०८३ २०८३।०३।१२ | २०८३।०३।१९ | पभूनाथ यादव | स्थानीय कृषि/बागवानी,बालिसंरक्षण बालि विकास | सातौं | कृषि विकास अधिकृत | स्थानीय निजामती सेवा ऐन २०८१ बमोजिम नमिलेकोले पुनः गणना गरी योग्ताक्र संशोधन | कार्यक्षमता | उजुरी फर्छयौट प्रकृया रहेको |

## ६.९ मुद्दा

तालिका नं. ६८

**सम्मानित सर्वोच्च अदालत, उच्च अदालत र प्रशासकीय अदालतमा प्रदेश लोक सेवा आयोग, लुम्बिनी समेतलाई विपक्षी बनाई दायर भएका मुद्दाको विवरण**

| क्र.स. | रिट नं., अदालत, विपक्षी हालको स्थिति | जिकिर/दाबी/माग | अदालतबाट भएको फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | ०८१-wo-०३६१ सर्वोच्च अदालत मोहन परियार समेत **फैसला भएको** | नवौं तह/प्रशासन सेवामा संघबाट प्रदेशमा समायोजन भई आएका रा.प.तृतीय श्रेणीमा नियुक्ति मितिबाटै सेवा अवधि गणना बढुवा प्रकृयामा सहभागी हुन पाउनु पर्ने र सामान्य प्रशासन समूहको एघारौं तहसम्म लेखा समूह, राजस्व समूह, विविध समूह, तथ्याङ्क समूह वा अन्य कुनै पनि समूहको कर्मचारी बढुवाको लागि | बढुवामा निजहरुको तह वृद्धि भएको मितिबाट निजहरुको सेवा गरेको अवधि विज्ञापित सेवा ऐनको प्रतिकुल भएको देखिदा उक्त विज्ञापन निवेदन माग बमोजिम उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ र निजामती सेवा ऐन, २०४९ को दफा ७(१६) बमोजिम शुरुको मितिबाट निजहरुको योग्यता पुग्ने भएकाले निजहरुलाई उक्त विज्ञापनमा सहभागी गर्नु गराउनु र संघीय | |

| क्र.स. | रिट नं., अदालत, विपक्षी हालको स्थिति | जिकिर/दाबी/माग | अदालतबाट भएको फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| | | सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था गर्नु। | निजामती सेवा ऐन, २०४९ सँग मेल खाने गरी र तह मिलानको विषय प्रदेश पिच्छे फरक भएकाले सबै प्रदेशहरुसँग समन्वय गरी एकरुपता कायम गर्ने गरी प्रदेशको कानुन संशोधन गर्नु। | |
| २ | ०८२-WO-००४०<br>सर्वोच्च अदालत<br>पंकज झा<br>**रिट निवेदन फिर्ता** | सातौं तह कार्यक्षमता बढुवाको न्यूनतम शैक्षिक योग्यता स्नातकबाट घटाएर प्रविणता प्रमाणपत्र तोकि कानुन संशोधन गरेकाले स्नातक नै कायम गर्ने माग। | | |
| ३ | ०८१-WO-६५८<br>सर्वोच्च अदालत<br>हेमन्त कुमार रोक्का समेत ४ जना<br>**रिट निवेदन फिर्ता** | नवौ तह/ प्राविधिक/ अप्राविधिक २०८१/०५/२८ को सूचना नं. ५८ र ६० रोकिएकोमा २०८२/०९/०४ मा निवेदन फिर्ता भएको | प्रकाशन गरिएको विज्ञापनलाई उत्प्रेषण परमादेश जारी गरी वदर गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन उक्त अन्तरिम आदेश कायम हुने अवस्था छैन। समान तह र अवस्था रहेका प्रदेश निजामती सेवा एवम् स्थानीय निजामती सेवाका कर्मचारीहरु सारभूत विभेद नहुने गरी स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३२ समेतका सम्बन्धित कानुनी प्रावधानहरुको सम्बन्धमा आवश्यक पुनरावलोकन र संशोधन गरी उपयुक्त र न्यायाचित कानुनी प्रबन्ध गर्नको लागि आवश्यक विधेयकको मस्यौदा यथाशिघ्र तयार गरी प्रदेश सभा विधायिकी प्रकृयामा लैजानु र रिट निवेदकको वृत्ति विकासको ढिलाई नहुने गरी त्यस्तो कानुनी प्रावधानको आधारमा आवश्यक विज्ञापन गर्नु गराउनु। | |
| ४ | ०८२-WO-०१०८<br>उच्च अदातल बुटवल इजलास<br>मनिष खनाल<br>**रिट खारेज** | प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन बढुवाको व्यवस्था समान नरहेकाले सो संशोधन गरी बढुवा सम्बन्धी सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता समान व्यवस्था हुनुपर्ने। | प्रदेश निजमती सेवा ऐन, २०८० को दफा १३ बमोजिम पदपूर्ति प्रकृया अगाडि बढाउन पत्राचार भएको देखिएबाट उक्त दरबन्दी भएको पदसंख्या १/१ समेत समावेश हुने गरी आवश्यक प्रकृया अगाडि बढाउन प्रदेश लोक सेवा आयोग लुम्बिनी समेतको नाउँमा परमादेश जारी हुने ठहर्छ। | |
| ५ | ०८२-WO-०११४<br>उच्च अदातल बुटवल इजलास<br>शंकर न्यौपाने<br>**रिट जारी** | नवौ तह/कृषि भेटेरिनरी तथा ला.पो.डे.डे समूहमा १/१ पद लुकाएर विज्ञापन गरेकाले सोको विज्ञापन गर्नुपर्ने माग। | पूर्णपाठ प्राप्त नभएको | |
| ६ | ०८२-WO-००३५<br>उच्च अदालत तुलसीपुर<br>कृष्ण बहादुर वली | स्थानीय सातौं (स्थानीय सेवाको संगठन संरचना र दरवन्दी सृजना गर्नुपर्ने सो | पूर्णपाठ प्राप्त नभएको | |

| क्र.स. | रिट नं., अदालत, विपक्षी हालको स्थिति | जिकिर/दाबी/माग | अदालतबाट भएको फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| | **तामेली** | अनुसार आयोगले विज्ञापन खुलाउनु पर्ने प्रदेश किताबखानाको व्यवस्था गर्नुपर्ने। | | |
| ७ | ०८२-WO-००३७<br>उच्च अदालत तुलसीपुर<br>कुन्ता भण्डारी<br>**रिट खारेज** | सातौ तह/स्थानीय प्रशासन सेवा बढुवाका एक तह मुनिको जनशक्ति भएको तर खुला तर्फ विज्ञापन गरेको बढुवाका लागि माग गरे बमोजिम आयोगले नखुलाएकाले | कानुन बमोजिम आयोगले कृषि सेवा एघारौँ तहमा समूह नहुने भन्ने व्यवस्था गरेकोमा भुलवस सूचना सच्चाएकाले निवेदकले भनेजस्तो हक अधिकार असर पारेको भनी भन्न मिलेन। | |
| ८ | ०८२-WO-०७४२<br>सर्वोच्च अदालत<br>प्रवेश सिंह कुवर<br>**रिट खारेज** | एघारौं तहमा ला.पो.डे.डे/भेटेरिनरीको पद रहेको सो अनुसार संशोधन सूचनामा क्लस्टर नराखि विज्ञापन गरेको, उक्त पदको दरबन्दी सिर्जना गर्ने प्रदेश किताबखाना व्यवस्था हुनु पर्ने। | | |
| ९ | ०८२-WO-०९०९<br>सर्वोच्च अदालत<br>लालु गिरी<br>**चलिरहेको** | एघारौं तह/प्रदेश इन्जिनियरिङ सेवामा समूह/उपसमूह हटाई प्रदेश इन्जिनियरिङ सेवा मात्र कायम गरिएकोमा स्वीकृत दरबन्दी तेरिज माग आकृति फारम विपरित भएको। | | |
| १० | ०८२-WO-०१४२<br>उच्च अदालत बुटवल इजजास<br>लेखनाथ पोखरेल<br>**निवेदन फिर्ता** | स्थानीय नवौ तहमा कार्यक्षमताका आधारमा बढुवा प्राथमिकता दिएको छ सो नगरी जेष्ठतालाई प्राथमिकता दिएर कार्यक्षमता त्यसपछि मात्र खुला परिक्षा सञ्चालन गर्ने माग। | पूर्णपाठ प्राप्त नभएको। | |
| ११ | ०८२-AC-००८०<br>प्रशासकीय अदालत<br>शैलेन्द्र कुमार पाण्डे<br>**फैसला भएको** | नवौ तह/स्वास्थ्य/हेल्थ एजुकेशन/शिक्षा प्रशासक पदको न्युनतम शैक्षिक योग्यता स्नातक तह भएका भुवन कुँवरलाई बढुवा समितिले गरेको सिफारिस शैक्षिक योग्यता स्नातकोत्तर हुनुपर्ने सो बढुवा रद्द गर्ने माग। | पूर्णपाठ प्राप्त नभएको। | |
| १२ | ०८२-WC-००६८<br>सर्वोच्च अदालत<br>प्रवेश सिंह कुवर<br>**चलिरहेको** | कर्मचारीको वृति विकासका लागि संघीय कानुनसँग नबाझिने गरी प्रदेश कानुनमा व्यवस्था गर्नुपर्ने र एघारौ तहमा समूह/उपसमूह राख्नुपर्ने। | | |
| १३ | ०८२-WO-१४९०<br>सर्वोच्च अदालत<br>अविलास मावोङ्ग<br>**रिट खारेज** | सातौं तह/ प्रशासन/लेखा/ राजश्वको परीक्षा मिति गण्डकी र सुदुरपश्चिम प्रदेशसँग परिक्षा कार्यक्रम एउटै मितिमा पर्ने गएकाले परिक्षा मिति सार्ने माग। | | |
| १४ | ०८२-WO-१५५१<br>सर्वोच्च अदालत<br>श्यामलाल न्यौपाने<br>**रिट खारेज** | लुम्बिनी प्रदेशमा समायोजन भइ आएका कर्मचारीको साविक देखिको बढुवा सम्बन्धी हक अधिकार संकुचित नगर्नु र सामान्य प्रशासन समूहको एघारौ तहसम्म अन्य समूहका कर्मचारीलाई | | |

| क्र.स. | रिट नं., अदालत, विपक्षी हालको स्थिति | जिकिर/दाबी/माग | अदालतबाट भएको फैसलाको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| | | बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था गर्ने आदेश जारी गर्न माग। | | |

## ६.१० गुनासो व्यवस्थापन

यस आयोगबाट प्रदान गरिने सेवा प्रवाहमा कुनै चित्त नबुझेमा वा यस आयोगसँग सम्बन्धित प्रशासनिक तथा प्राविधिक समस्या आइपरेमा सेवाग्राहीले समस्या र गुनासो दर्ता गर्न सक्दछन्। उक्त गुनासो र समस्या समाधानका लागि गुनासो, सुझाव र पृष्ठपोषण दर्ता फाराम, Whatsapp सोको QR Code समेत Online मार्फत दर्ता गर्न सकिने गरी नागरिकको सहज पँहुचका लागि वेबसाइटमा राखिएको र जिम्मेवार अधिकृतहरूले जवाफ दिने परम्पराको थालनी गरिएको छ। गुनासो व्यवस्थापनको लागि प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ।

परिच्छेद ७

# सवाल र सुझाव

## ७.१ सवाल

प्रशासनिक संघीयतामा प्रदेश लोक सेवा आयोगले निर्वाह गर्नुपर्ने भूमिकासँगै यसले सामना गरिरहेका चुनौतीहरू समय अनुसार बहुआयामिक छन् । संघीयता कार्यान्वयनको क्रममा आइपर्ने संस्थागत, कानुनी, प्रशासनिक तथा नीतिगत र प्रविधिगत जटिलताहरूले प्रदेश लोक सेवा आयोगको कामलाई चुनौतीपूर्ण बनाइरहेका छन् ।

(क) संघ, प्रदेश र स्थानीय तहका एकल र संयुक्त अधिकारहरू स्पष्ट हुने गरी प्रशासनिक कानूनहरू अझै पूर्ण रूपमा तर्जुमा हुन सकेका छैनन् ।

(ख) प्रदेश सरकारको स्थायी संगठन तथा व्यवस्थापन सर्भेक्षणको अभावमा प्रदेश सरकारका निकायहरूबाट रिक्त दरबन्दी बमोजिमको माग आकृति कानुनले तोकिएको समयमा प्राप्त नहुँदा उक्त विषयमा केन्द्रित भई उजुरी र गुनासाहरू प्राप्त हुने र अदालतमा समेत सोही विषयमा मुद्दाहरू परिरहेको अवस्थामा पदपूर्ति प्रक्रियामा अवरोध भएको।

(ग) नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण नहुँदासम्म नेपाल सरकारबाट स्वीकृत दरबन्दी बमोजिम माग आकृति पठाउनु पर्नेमा कतिपय स्थानीय तहबाट जनशक्ति अभावको कारण देखाउँदै स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी माग भई आउने गरेको छ । स्थानीय तहहरूको कार्य प्रकृतिको आधारमा समयानुकूल संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नहुँदा सो समस्या देखिएको ।

(घ) समावेशी सिद्धान्तको अवधारणा अनुरुप निर्धारित केही समूहहरूको पदमा प्रतिस्पर्धात्मक परीक्षामा आवश्यक जनशक्ति उत्तीर्ण हुन नसक्दा र विशेषत: स्वास्थ्य सेवा तर्फका उच्च तहका पदमा समावेशी समूहबाट दरखास्त दिने आवेदक नै नहुँदा आवश्यक पदसंख्याबमोजिम पदपूर्ति हुन सकेको छैन, जसले समावेशी सिद्धान्तको कार्यान्वयन र सारवान प्रतिनिधित्वको विषय कमजोर देखिएको हुँदा सो वर्गमा पर्ने जनशक्तिको क्षमता अभिवृद्धि प्रदेश सरकार र स्थानीय तहबाट गर्नुपर्दछ।

(ङ) स्थानीय तहको लागि यस अघि गरिएको पदपूर्तिका क्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहलाई एक इकाई मानेर सोही बमोजिम प्रतिशत निर्धारण गरी छुट्टयाइएका बढुवा तर्फका पदसंख्याबमोजिम स्थानीय तहमा पद रिक्त रहे नरहेको र सो पदमा वढुवाका लागि पर्याप्त योग्य उम्मेदवार भए नभएको यकिन गर्न विवरण माग गरिएकोमा सो प्राप्त नहुँदा सङ्ख्या यकिन गर्न कठिनाइ देखिएको छ । त्यसबेला निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम पदपूर्ति कार्य गरिएको र पछि आएर स्थानीय निजामती सेवा ऐन, २०८१ र नियमावली, २०८१ आएको हुँदा त्यसबखत पदपूर्ति गर्दा छुट्याइएका पदहरूमा बढुवा कारबाही तत्कालीन नि.से. ऐन, २०४९ र नियमावली, २०५० बमोजिम वा नयाँ स्थानीय निजामती

सेवा ऐन, २०८१ र नियमावली, २०८१ बमोजिम गर्ने भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नीतिगत स्पष्टताका लागि सोधनी गरी पठाइएको छ।

(च) आयोगले पालना गर्नुपर्ने द्विअन्ध लगायतका सिद्धान्त र कामको प्रकृति अनुसार सुरक्षित पर्याप्त पूर्वाधारको आवश्यकता पर्ने हुन्छ । तर आयोगको विद्यमान भौतिक संरचनामा प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका महत्वपूर्ण कागजातको भण्डारण र सुरक्षण गर्ने, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन गर्न संरचनागत अपर्याप्तताका कारण कार्य सञ्चालनमा कठिनाइ रहेको छ।

(छ) आयोगको प्रस्तावित संगठन संरचना स्वीकृत नहुँदा न्यून कर्मचारी संख्याका कारण ठूलो संख्यामा विज्ञापन, आवेदन र परीक्षाको व्यवस्थापन गर्दा सूचना व्यवस्थापन, उत्तरदायित्व र समयमै कार्यसम्पादनमा चुनौती देखिन्छ। आयोगका कार्यसम्पादनका सिद्धान्तका आधारमा कार्यसम्पादन गर्न तथा अनुगमन, निरीक्षण गर्न जनशक्ति न्यून रहेको छ।

## ७.२ सुझाव

आयोगले प्रत्येक वर्ष आफुले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन पेश गर्दा निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, व्यवसायिक, जनउत्तरदायी, सेवाग्राहीमैत्री र प्रभावकारी बनाउन आयोगका सुझावहरू देहायबमोजिम रहेका छन्:

(क) प्रदेश तथा स्थानीय निजामती सेवा सम्बन्धी कानूनको आधारका रुपमा मानिने संघीय निजामती सेवा सम्बन्धी कानून तर्जुमा पश्चात प्रदेश तथा स्थानीय निजामती सेवा सम्बन्धी कानूनमा रहेका द्विविधा एवम् दोहोरोपनलाई एकरुपता कायम गर्ने।

(ख) प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ११ मा पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाको (१) मा रहेको खुला प्रतियोगितामा छुट्याइएको समावेशी समूह (९) मा रहेको पिछडिएको/वर्ग क्षेत्र, सीमान्तकृत लैङ्गिक तथा यौनिक अल्पसंख्यकमा छुट्याइएको प्रतिशत प्रयोजनका लागि प्रदेश सरकारबाट राजपत्रमा सूचना प्रकाशित गरी पिछडिएको वर्ग र क्षेत्र तोक्नुपर्ने। त्यस्तै आर्थिक रुपले विपन्न खस आर्य र लैङ्गिक यौनिक तथा अल्पसंख्यकको परिचयपत्र जारी गर्ने व्यवस्था गर्नुपर्ने।

(ग) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १२ को पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाको (१) मा रहेको लैङ्गिक तथा यौनिक अल्पसंख्यक, (२) मा रहेको सीमान्तकृत, (३) मा रहेको पिछडिएको वर्ग र क्षेत्र र (५) मा रहेको विपन्न खस आर्यको सम्बन्धमा (१) मा रहेको लैङ्गिक तथा यौनिक अल्पसंख्यकको लागि परिचयपत्रको व्यवस्था गर्नुपर्ने । (२) मा रहेको सीमान्तकृत, (३) मा रहेको पिडडिएको वर्ग र क्षेत्रको लागि राजपत्रमा सूचना प्रकाशित गरी तोक्नुपर्ने। (५) मा रहेको आर्थिक रुपले विपन्न खस आर्यको लागि गरिबीको परिचयपत्र व्यवस्था गर्नुपर्ने।

(घ) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १०(४) उपदफा (१) बमोजिमको अन्तर तह प्रतिस्पर्धाबाट पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा अन्य स्थानीय सेवाको एक तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका भन्ने वाक्यांशमा "अन्य स्थानीय सेवा" भन्नाले लुम्बिनी प्रदेश मात्र वा अन्य प्रदेश अन्तर्गतका पनि स्थानीय तहमा कार्यरत वा

यस प्रदेश भित्रका अन्य स्थानीय सेवालाई मात्र जनाउने हो/होइन, स्पष्ट नभएकोले स्थानीय निजामती सेवा ऐनमा स्पष्ट पारिनुपर्ने ।

(ङ) हाल प्रदेश निजामती सेवा ऐनमा रहेको प्रावधानमा नवौं र एघारौं तहका पदमा बढुवा गर्ने प्रयोजनका लागि बढुवा समितिको अध्यक्षता आयोगको अध्यक्षले नै गर्ने र बाँकी प्रदेश निजामती पदहरूमा बढुवा गर्नको लागि अध्यक्षले तोकेको आयोगका सदस्य बढुवा समितिको अध्यक्ष हुने व्यवस्था हुने प्रावधान राख्न उपयुक्त हुने ।

(च) प्रदेशमा न्यून जनशक्ति रहेको कारणबाट सार्वजनिक सेवा प्रवाहमा त्यसको प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३ बमोजिम कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालय प्रमुखले १५ दिन भित्र विवरण पेश गरी माग आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउनुपर्ने व्यवस्थाको कार्यान्वयन हुनुपर्ने।

(छ) स्थानीय तहको कार्यचाप र कार्यप्रकृतिका आधारमा आवश्यक जनशक्ति पदपूर्तिका लागि स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १३ बमोजिम स्वीकृत दरबन्दीको कुनै पद रिक्त भएमा १ महिना भित्र मागको आकृति फाराम भरी आयोगमा पठाउनु पर्ने प्रावधानको कार्यान्वयन हुनुपर्ने ।

(ज) आयोगको कार्य गोप्य, संवेदनशील र विशिष्ट प्रकृतिको हुने हुँदा एउटा शाखामा काम गरेको कर्मचारीले अन्य शाखाको काम हेर्न र बुझ्न समेत नपाउने भएकोले एउटा कर्मचारीको अनुपस्थितिमा अर्को कर्मचारीले उक्त शाखाको काम गर्न सक्ने हुँदैन । आयोगबाट समयावधि पुगेका सबै कर्मचारीहरूको सरुवा गर्दा कुनै शाखाको कार्यमा प्रतिकुलता सिर्जना हुन गई पदपूर्तिको चक्र नै प्रभावित हुन पुग्दछ । आयोगमा कर्मचारीको सरूवा गर्दा वा आयोगमा अन्यत्रबाट कर्मचारी कामकाजमा खटाउँदा आयोगको सहमतिमा गर्दा उपयुक्त हुने ।

(झ) स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १४, दफा १६, १७ र दफा ३१ मा रहेको ऐनको प्रावधानलाई अनिवार्य रुपमा स्थानीय तहले पालना गर्नुपर्ने।

(ञ) लोक सेवा आयोगको बढ्दो कार्यचाप र कार्य बोझको हिसाबले हालको जनशक्ति न्यून रहेको हुँदा प्रस्तावित गरिएको नयाँ दरबन्दी संरचना प्रदेश सरकार समक्ष पेश भएकोमा हालसम्म स्वीकृत नभएकोले कार्य सम्पादनमा कठिनाईको सामना दिन प्रतिदिन गरि रहनु परेको छ । प्रदेश सरकार समक्ष पेश भए अनुसारको थप दरबन्दी सहितको संगठन संरचना स्वीकृति भई कार्यान्वयनमा आउन उपयुक्त हुने।

(ट) आयोगबाट खुला प्रतिष्पर्धाबाट सिफारिस गरी नियुक्तिका लागि पठाइएका उम्मेदवारहरूमा व्यक्तिगत सम्भावना र सैद्धान्तिक ज्ञानमा निपूर्ण हुने भएतापनि व्यवहारिक कार्य सञ्चालनस्तरको अभ्यासको अभाव देखिन सक्दछ । यस्तो अभाव हुन नदिन सिफारिस भएका उम्मेदवारहरूलाई पदस्थापना गर्नु पूर्व कार्य ज्ञान र कार्य वातावरण सम्बन्धी व्यवहारिक तालिम दिन सकेमा न्यून जनशक्तिबाट अधिक लाभ लिन सकिने हुँदा सिफारिस गरी पठाइएका उम्मेदवारहरूलाई अनिवार्यरुपमा सेवा प्रवेश तालिम दिई कार्य सम्पादन दक्षता अभिवृद्धि गर्नु पर्ने हुन्छ ।

# अनुसूचीहरू

अनुसूची-१

## हालसम्म निर्माण भएका पाठ्यक्रमको सङ्ख्यात्मक विवरण

| क्र.सं. | तह / सेवा | तेस्रो | चौथो | पाँचौं | सातौं | आठौं | नवौं | एघारौं | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासन | - | २ | १ | ३ | - | १ | - | ७ |
| २ | शिक्षा | - | - | २ | ६ | - | १ | - | ९ |
| ३ | इन्जिनियरिङ | - | ४ | ६ | ७ | - | ७ | - | २४ |
| ४ | स्वास्थ्य | - | ५ | ७ | १० | ३ | १९ | १ | ४५ |
| ५ | कृषि | - | २ | ६ | १ | - | ६ | - | १५ |
| ६ | वन | १ | १ | २ | १ | - | २ | - | ७ |
| ७ | विविध | - | २ | ३ | - | - | - | - | ५ |
| | **जम्मा** | **१** | **१६** | **२७** | **२८** | **३** | **३६** | **१** | **११२** |

अनुसूची-२

## प्रतिवेदन अवधिको प्रगति सारांश

| क्र. सं | तह | प्रकाशन भएका सङ्ख्या | माग भएको पद संख्या | लिखित परीक्षा सञ्चालन | लिखित नतिजा तयारी | | लिखित नतिजा प्रकाशन भएको | | अन्तर्वार्ता सम्पन्न भएका विज्ञापन सङ्ख्या | सिफारिस भईसकेको विज्ञापन सङ्ख्या | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चरण | द्वितीय चरण | प्रथम चरण | द्वितीय चरण | | | |
| १ | अधिकृतस्तर एघारौं | १ | १ | १ | १ | x | १ | x | १ | १ | |
| २ | अधिकृतस्तर नवौं | १५ | ३५ | १४ | १४ | x | १२ | x | १० | १० | |
| ३ | अधिकृतस्तर आठौं | ३ | २३ | - | - | - | - | - | - | - | |
| ४ | अधिकृतस्तर सातौं | १५ | १८५ | - | - | - | - | - | - | - | |
| ५ | सहायकस्तर पाँचौं | २३ | २३६ | - | - | - | - | - | - | - | |
| ६ | सहायकस्तर चौथो | १० | ३८३ | - | - | - | - | - | - | - | |
| | **जम्मा** | **६७** | **८६३** | **१५** | **१५** | **x** | **१३** | **x** | **११** | **११** | |

## अनुसूची-३

## आर्थिक वर्ष अनुसार हालसम्म कुल दरखास्तको स्थिति

| क्र.सं | तह | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृतस्तर एघारौं | - | - | - | - | - | ४ | ४ |
| २ | अधिकृतस्तर नवौं | - | - | - | - | १३४० | १०४३ | २३८३ |
| ३ | अधिकृतस्तर आठौं | *३०७ | - | - | - | *३६० | ८५३ | १५२० |
| ४ | अधिकृतस्तर सातौं | *१९३० | - | - | - | *६७१२ | १०८६९ | १९५११ |
| ५ | सहायकस्तर पाँचौं | - | ३२९७ | ८०६७२ | ४१६८३ | १८८३१ | ३३१४५ | १७७६२८ |
| ६ | सहायकस्तर चौथो | - | ४२७२ | ९९५०४ | ६९९९९ | १०९९१ | ४३११७ | २२७८८३ |
| ७ | सहायकस्तर तेस्रो | - | ६०५७१ | - | - | १५६६४ | - | ७६२३५ |
| | **जम्मा** | **२२३७** | **६८१४०** | **१८०१७६** | **१११६८२** | **५३८९८** | **८९०३१** | **५०५१६४** |

* आ.व. २०७७/०७८ र आ.व. २०८१/०८२ का अधिकृतस्तर आठौं र सातौं तहका पदहरूको मुद्दाका कारण दरखास्त रुजु कार्य आ.व. २०८२/०८३ मा भएको।

## अनुसूची-४

## आर्थिक वर्ष अनुसार हालसम्म कुल पदपूर्तिको स्थिति

| क्र.सं. | आर्थिक वर्ष | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | कुल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७७/०७८ | आ.व. २०८२/०८३ मा सम्मानित अदालतबाट रिट खारेज भई लिखित परीक्षा सम्पन्न भएर नतिजा प्रकाशनको चरणमा रहेको | | | | | | | |
| २ | २०७८/०७९ | ६८ | १९ | १५ | १२ | ५ | २ | २ | १२३ |
| ३ | २०७९/०८० | ७ | १ | १ | १ | १ | ० | ० | ११ |
| ४ | २०८०/०८१ | ६८७ | १९१ | ११३ | ६४ | २६ | ४ | १ | १०८६ |
| ५ | २०८१/०८२ | ३७६ | ६७ | ३० | १८ | १३ | - | - | ५०४ |
| | **जम्मा** | **११३८** | **२७८** | **१५९** | **९५** | **४५** | **६** | **३** | **१७२४** |

| क्र.सं. | आर्थिक वर्ष | अन्तर तह | खुला | खस आर्य महिला | आदिवासी जनजाति महिला | आदिवासी जनजाति पुरुष | मधेसी महिला | मधेसी पुरुष | दलित महिला | दलित पुरुष | थारु महिला | थारु पुरुष | विपन्न खस/आर्य महिला | विपन्न खस/आर्य पुरुष | मुस्लिम महिला | मुस्लिम पुरुष | अपाङ्गता महिला | अपाङ्गता पुरुष | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | २०८१/०८२ | १० | ४१ | ३ | ७ | - | २ | - | १ | - | १ | - | १ | - | १ | - | - | - | ६७ |
| ७ | २०८२/०८३ | १४ | १४८ | १७ | २२ | ५ | १५ | ४ | ८ | ४ | ९ | ४ | ३ | १ | २ | २ | १ | १ | २६० |
| | **जम्मा** | **२४** | **१८९** | **२०** | **२९** | **५** | **१७** | **४** | **९** | **४** | **१०** | **४** | **४** | **१** | **३** | **२** | **१** | **१** | **३२७** |

स्थापनाकाल देखि हालसम्म कुल २०५१ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस गरिएको छ ।

## अनुसूची-५
## प्रतिवेदन अवधिमा कार्यरत कर्मचारीहरूको नामावली

| क्र.सं. | कर्मचारीको नाम | पद | श्रेणी/ तह |
|---|---|---|---|
| १. | श्री बाबुराम भण्डारी | प्रदेश सचिव | रा.प. प्रथम |
| २. | श्री खिम बहादुर रायमाझी | प्रदेश सचिव | रा.प. प्रथम |
| ३. | श्री राजेन्द्र प्रसाद पन्थी | उपसचिव | रा.प.द्वितीय |
| ४. | श्री राम प्रसाद भट्टराई | उपसचिव | अधिकृतस्तर नवौं |
| ५. | श्री लक्ष्मण प्रसाद ज्ञवाली | वरिष्ठ शिक्षा अधिकृत | अधिकृतस्तर आठौं |
| ६. | श्री गणेश घिमिरे | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर आठौं |
| ७. | श्री गोविन्द प्रसाद पाण्डे | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर आठौं |
| ८. | श्री गंगाधर पाण्डेय | वरिष्ठ शाखा अधिकृत | अधिकृतस्तर आठौं |
| ९. | श्री पवित्रा शाही | शाखा अधिकृत | रा.प.तृतीय |
| १०. | श्री निर्मला श्रीस | कानून अधिकृत | रा.प.तृतीय |
| ११. | श्री जेदुराम पन्थी | वरिष्ठ अधिकृत | अधिकृतस्तर सातौं |
| १२. | श्री लक्ष्मी पौडेल अर्याल | वरिष्ठ अधिकृत | अधिकृतस्तर सातौं |
| १३. | श्री मोहन प्रसाद घिमिरे | अधिकृत (लेखा) | अधिकृतस्तर सातौं |
| १४. | श्री राजेन्द्र प्रसाद पौडेल | वरिष्ठ अधिकृत | अधिकृतस्तर सातौं |
| १५. | श्री नारायण भट्टराई | वरिष्ठ अधिकृत | अधिकृतस्तर सातौं |

| क्र.सं. | कर्मचारीको नाम | पद | श्रेणी/ तह |
|---|---|---|---|
| १६. | श्री अर्जुनराज पाण्डे | वरिष्ठ अधिकृत (कम्प्युटर) | अधिकृतस्तर सातौं |
| १७. | श्री रामहरि अर्याल | अधिकृत | अधिकृतस्तर छैटौं |
| १८. | श्री दिनाराम न्यौपाने | अधिकृत (लेखा) | अधिकृतस्तर छैटौं |
| १९. | श्री सन्तोष भट्टराई | अधिकृत | अधिकृतस्तर छैटौं |
| २०. | श्री मनिष गुरुङ्ग | अधिकृत (कम्प्युटर) | अधिकृतस्तर छैटौं |
| २१. | श्री गोमा पन्थी | अधिकृत | अधिकृतस्तर छैटौं |
| २२. | श्री नरेन्द्र थापा | अधिकृत (कम्प्युटर) | अधिकृतस्तर छैटौं |
| २३. | श्री बलभद्र चौधरी | अधिकृत (कम्प्युटर) | अधिकृतस्तर छैटौं |
| २४. | श्री विकास गौतम | अधिकृत | अधिकृतस्तर छैटौं |
| २५. | श्री हिरा वि.क. | अधिकृत | अधिकृतस्तर छैटौं |
| २६. | श्री करिश्मा पोख्रेल | वरिष्ठ प्रशासन सहायक | सहायकस्तर पाँचौं |
| २७. | श्री लक्ष्मण गैरे | हलुका सवारी चालक | तह विहिन |
| २८. | श्री सुदिप थारु | हलुका सवारी चालक | तह विहिन |
| २९. | श्री राजेन्द्र प्रसाद चौधरी | हलुका सवारी चालक | तह विहिन |
| ३०. | श्री मोहन रेग्मी | हलुका सवारी चालक | तह विहिन |
| ३१. | श्री चन्द्र बहादुर थापा | हलुका सवारी चालक | तह विहिन |
| ३२. | श्री शान्ता गौतम | कार्यालय सहयोगी | तह विहिन |
| ३३. | श्री नारायण भण्डारी | कार्यालय सहयोगी | तह विहिन |
| ३४. | श्री गंगालाल खरेल | कार्यालय सहयोगी | तह विहिन |
| ३५. | श्री नबराज भट्टराई | कार्यालय सहयोगी | तह विहिन |
| ३६. | श्री महनिलाल बस्याल | सुरक्षा गार्ड | तह विहिन |
| ३७. | श्री सरस्वती थापा | सरसफाई कर्मी | तह विहिन |

अनुसूची-६

## लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलनबाट पारित घोषणा पत्र

लोक सेवा आयोगको प्रतिबद्धता: प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता

# लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन

२०८२ चैत्र २९ र ३० गते, पोखरा, गण्डकी प्रदेश, नेपाल

## घोषणापत्र

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका हामी पदाधिकारीहरू

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारीलाई अंगिकार गर्दै,

आयोगहरूले अबलम्बन गरेका असल अभ्यासलाई आत्मसात गरी,

साझा सवाल र चुनौतीहरुलाई समाधान गर्न साझा धारणा स्वीकार्दै,

पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरुपता ल्याउन प्रतिबद्ध हुँदै,

पहिलो सम्मेलन देखि पाँचौं राष्ट्रिय सम्मेलनहरुबाट पारित भएका प्रतिबद्धता तथा निर्णयहरू कार्यान्वयन गर्ने प्रण गर्दै,

सङ्घीयताको मर्म र भावना अनुकूल सार्वजनिक प्रशासनमा उपयुक्त जनशक्ति आकर्षण गर्न, प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट योग्य र सक्षम उमेदवार छनोट र सिफारिस गर्न तथा योग्यता प्रणालीको सुदृढ गर्न योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिताको सिद्धान्त प्रति प्रतिबद्ध भई यो घोषणापत्र जारी गर्दछौं ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहोरा | बसन्ती कुमारी सिंह शाही | हरिप्रसाद बस्याल | महेश्वर श्रेष्ठ | शिवराम यादव | महेन्द्रप्रसाद गुरागाई | बिष्णुप्रसाद नेपाल | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | का.वा.अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | लोक सेवा आयोग |

इति संवत् २०८२ साल चैत्र ३० गते रोज २ शुभम् ।

## अनुसूची-७
## लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलनबाट गरिएका निर्णय

लोक सेवा आयोगको प्रतिबद्धता: प्रतिस्पर्धात्मक छनोटको सुनिश्चितता

# लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन

२०८२ चैत्र २९ र ३० गते, पोखरा, गण्डकी प्रदेश, नेपाल

### निर्णयहरू

१. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम लोक सेवा आयोगको सिद्धान्त र मापदण्ड, २०८२ को मस्यौदामा प्राप्त सुझावका आधारमा आयोगबाट स्वीकृत गरी सार्वजनिक गर्ने ।

२. लोक सेवा आयोगको सिद्धान्त र मापदण्ड सार्वजनिक भएपछि सो को आधारमा सूचकहरू निर्धारण गरी सबै प्रदेश लोक सेवा आयोगहरूले आवश्यकता अनुसार स्वःमूल्याङ्कन गर्ने वा समकक्षी मूल्याङ्कन (Peer Review) गर्ने ।

३. यस वर्ष प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशमा नियुक्त हुनुभएका माननीय अध्यक्ष हरिप्रसाद बस्याल र माननीय सदस्य ताराप्रसाद भुसाल तथा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा नियुक्त हुनुभएका माननीय सदस्य पुनम घिमिरेलाई हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने ।

४. प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशका अध्यक्ष प्रा.डिलाराम भट्टराई र सदस्य बाबुराम गौतम, प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशका सदस्य टीकादत्त राई र सजना दाहाल, प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशका सदस्य डा. सुजाता देव र बागमती प्रदेश लोक सेवा आयोगका सदस्य सर्मिला न्यौपाने निवृत्त हुनुभएकोमा उहाँहरूले खेल्नुभएको भूमिकाको उच्च कदर गर्दै आगामी सुखद जीवनको कामना गर्ने ।

५. लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सहयोग र समन्वय गर्नु भएकोमा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशलाई धन्यवाद दिने ।

६. लोक सेवा आयोगहरूको सातौं राष्ट्रिय सम्मेलन मिति २०८३ फागुन २३ र २४ गते मधेश प्रदेशमा आयोजना गर्ने ।

| यज्ञराज बोहोरा | बसन्ती कुमारी सिंह शाही | हरिप्रसाद बस्याल | महेश्वर श्रेष्ठ | शिवराम यादव | महेन्द्रप्रसाद गुरागाई | विष्णुप्रसाद नेपाल | माधवप्रसाद रेग्मी |
|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | का.वा.अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | लोक सेवा आयोग |

इति संवत् २०८२ साल चैत्र ३० गते रोज २ शुभम् ।

# अनुसूची-८
# प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनबाट पारित घोषणा पत्र

**प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनबाट पारित जनकपुरधाम घोषणापत्र,२०८२**

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगहरूबाट प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र सङ्गठित संस्थाका पदहरूमा योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीताका आधारहरूलाई अङ्गीकार गरी उपयुक्त उम्मेदवार छनोट तथा सिफारिस गर्न प्रतिबद्ध हुँदै,

प्रदेश लोक सेवा आयोगका परीक्षण विधि तथा कार्यविधिलाई व्यवस्थित गरी अझ बढी प्रभावकारी र समसामयिक बनाउन कार्य सम्पादनबाट प्राप्त अनुभवहरूलाई एकआपसमा साझा गर्दै,

समान अवधारणा निर्माण गर्ने अभिप्रायले पूर्व सम्मेलनहरूबाट जारी भएका घोषणापत्रहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै २०८२ मङ्सिर १८ र १९ गते मधेश प्रदेशको जनकपुरधाममा सम्पन्न सम्मेलनमा उपस्थित प्रदेश लोक सेवा आयोगका हामी पदाधिकारीहरू आ-आफ्नो कार्य सम्पादनमा निष्पक्षता र स्वच्छतालाई प्रवर्द्धन गर्न देहायका प्रतिबद्धता सहितको घोषणापत्र जारी गर्दछौं :

१. नेपालको संविधान, सङ्घीयताको मूल मर्म र भावना एवम् कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था समेतका आधारमा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाबाट क्रमशः प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको भर्ना तथा पदस्थापन र तहाँ कार्यरत कर्मचारीहरूको पदसोपान सहितको वृत्ति विकासलाई यथोचित सम्बोधन हुने गरी सङ्घीय निजामती सेवा ऐन शीघ्र जारी गर्न अनुरोध गर्ने,

२. निजामती सेवा ऐन,२०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का मूलभूत विषयमा तादाम्यता हुने गरी प्रचलित प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐनमा आवश्यक परिमार्जन गर्न पहल गर्ने,

३. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूमा समान पद, तह/श्रेणीमा दरखास्त दिन नपाउने गरी प्रचलित कानूनमा व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारलाई अनुरोध गर्ने,

४. सम्मानित सर्वोच्च अदालत तथा उच्च अदालत समेतबाट हुने अन्तरिम आदेशका कारण आयोगका पदपूर्ति तालिका प्रभावित हुने भएकोले पदपूर्तिसँग सम्बन्धित सबै मुद्दाहरूलाई अग्राधिकार दिने व्यवस्थाका लागि पहल गर्ने,

५. पाठ्यक्रम, परीक्षण विधि र परीक्षा प्रणालीको गुणस्तरीयता वृद्धि गर्न प्रदेश लोक सेवा आयोगहरूका असल अभ्यासहरूलाई आदान प्रदान र अनुशरण गर्ने,

६. संविधानको व्यवस्था बमोजिम आयोगलाई प्रदेशको सशक्त संवैधानिक निकायको रुपमा परिचित गराउने,

| | | | |
|---|---|---|---|
| मा. महेन्द्र प्रसाद गुरागाईं<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कोशी प्रदेश, विराटनगर | मा. शिवराम यादव<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>मधेश प्रदेश, जनकपुर | मा. महेश्वर श्रेष्ठ<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>बागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. डिम्पल गुरुङ<br>का. वा. अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>लुम्बिनी प्रदेश, बुटवल | मा. बसन्ती कुमारी सिंह शाही<br>का. वा. अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कर्णाली प्रदेश, वीरेन्द्रनगर | मा. यज्ञराज बोहरा<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>सुदुरपश्चिम प्रदेश, धनगढी |

इति सम्वत् मिति २०८२ मङ्सिर १९ गते रोज ६ शुभम् ........................................ ।

# अनुसूची-९

## प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनले गरेका निर्णयहरू

२०८२ मङ्सिर १८ र १९ गते मधेश प्रदेश, जनकपुरधाममा सम्पन्न प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनका

निर्णयहरू

१. प्रदेश लोक सेवा आयोगहरूको सम्मेलनबाट पारित घोषणापत्र र निर्णयहरूको कार्यान्वयन स्थितिका सम्बन्धमा समन्वय, सहकार्य र साझेदारीका लागि सबै आयोगका सचिवहरूको एक समन्वय समिति गठन गर्ने र समितिको संयोजन मधेश प्रदेशको सचिवले गर्ने,

२. लोक सेवा आयोगको अनामनगर, काठमाडौंमा रहेको कार्यालय परिसर भित्र प्रदेश लोक सेवा आयोगका कार्यसम्पादनको लागि थप स्थान व्यवस्थापन गरिदिन लोक सेवा आयोगलाई अनुरोध गर्ने,

३. पूर्व सम्मेलनहरूबाट पारित भई कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने,

४. प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरूमा एक आपसमा सहयोग, समन्वय, सहकार्यको लागि समय समयमा अन्तर प्रदेश लोक सेवा आयोगहरूमा अवलोकन भ्रमण गरी असल अभ्यास तथा अनुभवहरू आदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिने,

५. आयोगहरूबाट हुने उम्मेदवार सिफारिस, कारवाहीं जस्ता सूचना साझा गर्न उपयुक्त हुने भएकोले उम्मेदवार पहिचान गर्न राष्ट्रिय परिचयपत्रको विवरण PSRMS प्रणालीमा आवद्ध गर्ने,

६. कार्यकाल सफलतापूर्वक सम्पन्न गरी विदाई हुनु भएका प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशका माननीय अध्यक्ष प्रा. डिलाराम भट्टराई र माननीय सदस्य बाबुराम गौतम तथा प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशका माननीय सदस्य प्रा. डा. सुजाता देवलाई हार्दिक धन्यवाद र निवृत्त जीवनको शुभकामना व्यक्त गर्ने,

७. प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनको आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेकोमा प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशलाई धन्यवाद प्रदान गर्ने,

८. प्रदेश लोक सेवा आयोगहरूको पाँचौं सम्मेलनको आयोजना गरी सफलतापूर्वक सम्पन गरेकोमा प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशलाई धन्यवाद प्रदान गर्ने।

९. प्रदेश लोक सेवा आयोगहरूको छैटौं सम्मेलन प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेशले मिति २०८३ मङ्सिर १८ र १९ गते आयोजना गर्ने।

| | | | |
|---|---|---|---|
| मा. महेन्द्र प्रसाद गुरागाईं<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कोशी प्रदेश, विराटनगर | मा. शिवराम यादव<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>मधेश प्रदेश, जनकपुर | मा. महेश्वर श्रेष्ठ<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>बागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. डिम्पल गुरुङ<br>का. वा. अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>लुम्बिनी प्रदेश, बुटवल | मा. बसन्ती कुमारी सिंह शाही<br>का. वा. अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कर्णाली प्रदेश, वीरेन्द्रनगर | मा. यज्ञराज बोहरा<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>सुदुरपश्चिम प्रदेश, धनगढी |

इति सम्वत् मिति २०८२ मङ्सिर १९ गते रोज ६ शुभम् ..........................................।




मा.प्रदेश प्रमुख कृष्ण बहादुर घर्ती समक्ष आयोगको छैटौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका का.वा.अध्यक्ष



मा. प्रदेश प्रमुखसमक्ष आयोगको छैटौं वार्षिक प्रतिवेदन पेश गरेपश्चात् लिइएको सामूहिक तस्बिर




आयोगका नवनियुक्त मा.अध्यक्ष हरि प्रसाद बस्यालज्यूले सपथ ग्रहण गर्नु हुँदै




आयोगका नवनियुक्त मा.सदस्य तारा प्रसाद भुसालज्यूले सपथ ग्रहण गर्नु हुँदै




**आयोगका नवनियुक्त मा.अध्यक्ष हरि प्रसाद बस्यालज्यूले सपथ ग्रहणमा दस्तखत गर्नु हुँदै**




**माननीय अध्यक्षज्यू र सदस्यज्यूको पद बहाली पश्चात सामूहिक तस्बिर**




**आयोगका पूर्व मा.अध्यक्ष डिलाराम भट्टराईज्यूको बिदाई कार्यक्रम**




**आयोगका पूर्व मा.सदस्य बाबुराम गौतमज्यूको बिदाई कार्यक्रम**




आयोगका सचिव श्री बावुराम भण्डारीज्यूको बिदाई कार्यक्रम




आयोगका सचिव श्री खिम बहादुर रायमाझीज्यूको स्वागत कार्यक्रम




आयोगको छैटौं वार्षिक स्थापना दिवस-२०८२ का अवसरमा प्रमुख सचिवज्यूलाई मायाको चिनो हस्तान्तरण गर्नुहुँदै




आयोगको छैटौं वार्षिक स्थापना दिवस-२०८२



**लोक सेवा आयोगहरूको छैटौं सम्मेलन, पोखरा**




**लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूका मा.अध्यक्षज्यूहरूको सामूहिक तस्बिर**




**लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीज्यूहरूको सामूहिक तस्बिर**




**प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका मा.अध्यक्ष महेश्वर श्रेष्ठज्यू लगायत मा.सदस्यज्यू सहितको टोलीलाई आयोगमा स्वागत गर्नुहँदै मा.अध्यक्ष**




लिखित परीक्षामा खटिने जनशक्ति अभिमुखीकरण कार्यक्रम-२०८३




लिखित परीक्षामा खटिने जनशक्ति अभिमुखीकरण कार्यक्रम-२०८३




जनशक्ति अभिमुखीकरण कार्यक्रममा सहभागीहरू




***

# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश

http://www.ppsc.lumbini.gov.np